लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha National Weekly
वर्ष १३, अंक ८, २०७६ भदौ २७ गते शुक्रबार (Sep. 13, 2019) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५
website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

# कोरियामा काँग्रेसी मिलाउने कुरा

विपीन पोखरेल

सियोल/ नेतृत्वमा पुग्नका लागि नेपाली काँग्रेस निकटकै व्यक्तिहरुको प्रतिस्पर्धा चलेपछि उनीहरुलाई मिलाउन काँग्रेस समर्थकहरु लागि परेका छन् । गैर आवासिय नेपाली संघ अर्थात (एनआरएन) दक्षिण कोरियाको अधिवेशनमा काँग्रेस निकटका दुईजना उम्मेदवार नबन्ने वातावरण बनाउन काँग्रेसका समर्थकहरु लागि परेका हुन् ।

यही सेक्टेम्बर २१ देखि अधिवेशन शुरु हुने भएकाले त्यसको अध्यक्ष बन्नका लागि काँग्रेस निकट विपीन गुरुङ र बुद्धि गुरुङले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेकाले त्यसको व्यवस्थापनका लागि काँग्रेसको जनसम्पर्क समितिले पनि सक्रियता बढाएको समाचार स्रोतले बताएको छ । एकताको माहौल बनाउन जनसम्पर्क समिति दक्षिण कोरियाका निवर्तमान सभापति गिरिराज कुँवरले दिवाभोजको आयोजना गरी करिब ७० जनालाई सहभागी गराएका थिए । कुँवर चुनावी परिणाम आफ्नो पक्षमा बनाउने कूटनैतिक योजनाकारका रुपमा कोरियामा चिनिएका व्यक्ति हुन् । विपीन

(बाँकी अन्तिम पेजमा)

# धर्मको पक्षमा काङ्ग्रेसमा ध्रुवीकरण

काठमाडौं/पार्टी झन्डामा प्रयोग हुने चार तारामध्ये एउटालाई धार्मिक स्वतन्त्रताको प्रतीक मान्दै आएको नेपाली काङ्ग्रेसभित्र धर्मको पक्षमा दबाब र ध्रुवीकरण बढ्दै गएको छ । स्थापनाकालदेखि नै धार्मिक स्वतन्त्रताको पक्षमा रहेको काङ्ग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाइदिने प्रलोभनमा पारी कम्युनिस्टहरू (विशेषगरी प्रचण्ड)ले धर्म निरपेक्ष लेखिएको संविधानमा हस्ताक्षर गर्न सहमत गराएका थिए । तर संविधान जारी भएपछि कम्युनिस्टहरूले तत्कालीन प्रधानमन्त्रीसमेत रहेका कोइरालालाई धोका दिएका थिए । ठगिएको सोही अनुभूतिसहित हाल आएर काङ्ग्रेसमा धर्मको पक्षमा वकालत गर्ने नेता तथा कार्यकर्ताहरूको सङ्ख्या बढ्दो छ । धार्मिक स्वतन्त्रताको पक्षपाति नेपाली काङ्ग्रेसभित्र हिन्दु धर्मका पक्षमा ध्रुवीकृत हुँदै गएको बहसले नेपालको राजनीतिक वृत्त एकपटक फेरि तरङ्गित भएको छ ।

नेपाली कांग्रेसको त्यसबेलाको केन्द्रीय कार्यसमितिमा छलफल नै नगराइकन धर्म निरपेक्षताको विषयलाई पारित गराइएको थियो । त्यसपछि बसेको केन्द्रीय कार्यसमितिका ३१ मध्ये २८ सदस्यले यसको विरोध गरेका थिए । तर, पार्टी सभापतिको दबाब र प्रभावका कारण केन्द्रीय सदस्यहरूले संविधानमा धर्म निरपेक्षता राख्नुपर्ने विषयमा हस्ताक्षर गर्ने पक्षमा मौन सहमति जनाएका थिए ।

यतिबेला नेपाललाई धर्म निरपेक्ष राख्ने कि नराख्ने वा नेपाल हिन्दु राष्ट्र घोषणा



गर्ने वा धर्मको बारेमा केही पनि उल्लेख नगर्ने भन्दै कांग्रेसका प्रभावशाली नेताहरू बहसमा उत्रिएका छन् । विशेषगरी महामन्त्री शशाङ्क कोइराला, नेताहरू शेखर कोइराला, शङ्कर भण्डारीलगायतले संविधान जारी गर्दाका बखत 'झुक्किएको' काङ्ग्रेस त्यो ह्याङओभरबाट बाहिर आएर धर्म निरपेक्षताको पुच्छर छोड्नुपर्ने पक्षमा वकालत गरिरहेका छन् । उनीहरू बहुमत जनता हिन्दु भएको मुलुकमा हिन्दुहरूको चित्त बुझाउन तथा जनमत आफूतर्फ आकर्षित गर्न धर्म निरपेक्षताको सवालमा काङ्ग्रेसले जनमत-सङ्ग्रहको मुद्दा उठाउनुपर्ने तर्क गरिरहेका छन् ।

स्रोतका अनुसार संविधानबाट धर्म निरपेक्षता शब्द हटाउन जनमत-सङ्ग्रह वा संविधान संशोधन अपिरहार्य रहेको भन्नेतर्फ काङ्ग्रेस केन्द्रीय सदस्य तथा सांसदहरूको सङ्ख्य थपिँदै गएको छ । नेपालको सबैभन्दा पुरानो दलभित्र हिन्दु धर्म रक्षाको सम्बन्धमा चिन्ता गर्नेहरूको सङ्ख्या बढेको छ । स्रोतका अनुसार 'धर्म निरपेक्षमा जानु नै कांग्रेसको ठूलो दुर्भाग्य भयो,' भन्नेहरूको सङ्ख्या काङ्ग्रेसमा दिनदिनै बढ्दै छ ।

भारतमा हिन्दु धर्मको प्रभाव बढेसँगै उत्साहित भएका हिन्दु राष्ट्र पक्षधर काङ्ग्रेस अगुवाहरूले महासमिति बैठकमा आठ सयभन्दा बढी महासमिति सदस्यहरूको हस्ताक्षरसमेत बुझाएका थिए । हस्ताक्षर सङ्कलन अभियानको नेतृत्व केन्द्रीय नेता शङ्कर भण्डारीले गरेका थिए । भण्डारीका अनुसार अहिलेको सरकारी नेतृत्व होली वाइनसमक्ष निहुरिएपछि हिन्दु धर्म रक्षाको सवालमा चुनौती थपिएको छ र त्यसबारे काङ्ग्रेसभित्र गम्भीर बहस भइरहेको छ । नेताहरू धर्मका पक्षमा सकारात्मक बन्दै गएका छन् । काङ्ग्रेसले हिन्दु राष्ट्रको मुद्दालाई कुनै नै कुनै हिसाबले सम्बोधन गर्नुपर्ने माग उठेको छ ।

महामन्त्री शशांक कोइरालालगायतका नेताले हिन्दु राष्ट्रबारे जनमत सङ्ग्रह गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । 'देशमा राजनीतिक स्थिरता आइसकेपछि धर्म निरपेक्ष कि हिन्दु राष्ट्र राख्ने भनेर जनमत-सङ्ग्रह हुनुपर्छ भन्ने मेरो पहिलेदेखिकै मान्यता हो, महामन्त्री कोइरालाले सार्वजनिक रूपमा भनेका छन् ।

सभापति शेरबहादुर देउवानिकट नेता प्रकाशशरण महतका अनुसार मुलुकमा धर्म निरपेक्षता लेखिएको संविधान जारी भएको चार वर्षमा हिन्दु धर्म-संस्कृतिमाथि बाहिरबाट व्यापक दबाव बढ्यो, धर्मान्तरण गर्ने अभियान नै चल्यो भनेर सर्वत्र कुरा उठिरहेको छ । पार्टीभित्र पनि यो विषयमा कुरा उठिरहेको छ । काङ्ग्रेस यो विषयमा सचेत र गम्भीर छ । र चाँडै जनअपेक्षाअनुरूपको निर्णय काङ्ग्रेसले लिनेछ ।'

हिन्दु राष्ट्रलाई धोखा दिएकाले संविधान जारी भएपछि गरिएको

(बाँकी अन्तिम पेजमा)

# त्रिपाठी समूह किन टाढिँदै ?

काठमाडौं/ संघको सांसद रहेका हृयदेश त्रिपाठी र व्रिजेश गुप्ता मात्र नभई उनीहरुको समूह नै सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीसँग टाढिने अवस्थामा पुगेका छन् । त्रिपाठीको समूहमा रहेका पशुपति दयाल मिश्र, ईश्वर दयाल मिश्र, अजय शाही लगायतका नेताहरुको अहिले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीसँगको सम्बन्ध टाढिन पुगेको हो ।

उक्त समूहले नेपाल कम्युनिष्ट पार्टीसँग समूहको एकीकरणको लागि प्रयास गरे पनि नेकपाले उनीहरुको माग संबोधन नगर्ने अवस्था देखेर उनीहरु सम्बन्धलाई विश्राम दिने पक्षमा पुगेको समाचार स्रोतको दाबी छ । स्रोतका अनुसार त्रिपाठीले नेकपामा पदाधिकारी मागेका उल्लेखित चारैजनालाई केन्द्रीय सदस्य बनाउन माग गर्दा उनीहरुमा मागलाई लिएर सत्तारुढ दलका शीर्ष नेताहरुले महत्व नदिएको कारण उनीहरु कठोर निर्णय लिने अवस्थामा पुग्ने अवस्था आएको छ । उनीहरु समूहलाई राजनीतिक दलका रुपमा रुपान्तरण गर्ने सोचमा रहेको पनि समाचार स्रोतले जानकारी दिएको छ ।

त्रिपाठी समूहले मंगलबार काठमाडौमा भेला गर्दा २६ जना नेताको

(बाँकी अन्तिम पेजमा)

# गौतमलाई कास्की २ बाट लडाइने

काठमाडौं । अबको ७८ दिनपछि मंसिर १४ गते कास्की २ लगायतका क्षेत्रमा उपनिर्वाचन हुँदैछ । कास्की २



बाट नेकपाले उपाध्यक्ष वामदेव गौतमलाई उम्मेदवार बनाउने तयारी गरेको छ ।

संसदीय मोर्चामा गौतमको अभाव खड्किएकाले कास्की २ बाट साम, दाम, दण्ड, भेद जसरी पनि संसद्मा ल्याउन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली सहमत बनेपछि पार्टीभित्र टिकटका दावेदार ट्वाँ परेका छन् । गौतमलाई कास्की २ बाट चुनाव जिताएर भावी प्रधानमन्त्री बनाउने कसरतमा ओली लागेको जानकारहरुले बताएका छन् ।

पछिल्लो समय नेकपामा प्रधानमन्त्री ओलीपछि शक्तिशाली बनेका गौतमलाई ल्याउन अर्का अध्यक्ष पृष्पकमल दाहाल

(बाँकी अन्तिम पेजमा)

# तरुण दलमा विज्ञप्ती अश्त्र

काठमाडौं । नेपाली काँग्रेसको भातृसंस्थाको रुपमा रहेको नेपाल तरुण दलका अध्यक्ष र महासचिव विज्ञप्ती अश्त्र प्रहार गर्न थालेका छन् । उक्त



अश्त्र प्रहारले समग्रमा तरुण दल तथा माउ दल काँग्रेसलाई हानी गर्ने भनी काँग्रेसजनमा चिन्ता बढेको छ । महासचिव भूपेन्द्रजंग शाहीले भदौ २४ गते निकालेको वक्तव्यसँगै भदौ २५ गते अध्यक्ष जीतजंग बस्नेतले विज्ञप्तीको रुपमा सूचना प्रकाशन गरेका थिए । त्यसको जवाफमा महासचिव शाहीले फेरि अर्को वक्तव्य जारी गरी जगत हसाउने कार्य गरेका छन् । महासचिव शाहीले तरुण दल सिन्धुपालचोकका उपाध्यक्ष सगुन श्रेष्ठको कारबाही फुकुवा गरेको परिपत्र गरेका थिए । यसैगरी उनले सप्तरीका सीताप्रसाद यादवलाई अधिवेशन गर्नेसम्मको म्याण्डेट दिएर जिल्ला

(बाँकी अन्तिम पेजमा)

# कांग्रेस सांसदले मागे स्वास्थ्यमन्त्रीको राजीनामा

काठमाडौं । नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतमले डेंगु नियन्त्रण गर्न नसकेको भन्दै स्वास्थ्यमन्त्रीको राजीनामा माग गरेका छन् । देश डेंगुले आक्रान्त भइसक्दा पनि सरकार मुकदर्शक बनेको भन्दै उनले उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवको राजीनामा माग गरेका हुन् । 'स्वास्थ्यको जिम्मा लिएर बसेका मन्त्री कहाँ हुनुहुन्छ ? अब त प्रधानमन्त्रीज्यू पनि आइसक्नुभयो । यो बेलामा चुप लागेर बसेर हुँदैन' उनले भने 'रुलिङ गरेको भरमा झारा टारेर हुँदैन, म

(बाँकी अन्तिम पेजमा)

# अर्थमा भद्रगोल, भन्सारमा दाहाल

काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघमा रहेका ७६ जना वरिष्ठ सहसचिवहरु प्रदेशमा सरुवा गरेपछि सिंहदरबारभित्र हल्लीखल्ली मच्चिन पुगेको छ ।

यसले गर्दा प्रशासन र प्राविधिक क्षेत्रका सहसचिवहरु आतंकित बन्न पुगेका छन् । वरिष्ठ सहसचिवहरुलाई प्रदेशमा पठाइएपछि अर्थमन्त्रालय भद्रगोल बन्न पुगेको हो । सहसचिव बने पनि अनुभव नै नभएका व्यक्तिहरु धमाधम राजस्व संकलन गर्ने महत्वपूर्ण ठाउँको महानिर्देशक बन्न पुगेका छन् । अर्थ मन्त्रालयको प्रशासन महाशाखामा बसेका सहसचिव सुमन दाहाललाई परिस्थितिले भन्सार विभागको महानिर्देशक बन्न बाध्य बनाएको छ जबकि दाहाल तीन वर्ष अगाडि भन्सार विभागकै प्रशासन शाखामा उपसचिव भई सहसचिवमा बढुवा भएपछि ३ नं. कर कार्यालयको प्रमुख र त्यसपछि तीनवटै कर कार्यालयलाई मर्ज गरी मध्यमस्तरीय कर कार्यालय गठन भएपछि मन्त्रालयमा सरुवा भएका थिए ।

(बाँकी अन्तिम पेजमा)

# रिक्त एक सिट प्राविधिक सचिवमा को ?

काठमाडौं । गत भाद्र २२ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रशासन र प्राविधिक गरी चारजनालाई सचिव पदमा बढुवा गरेको छ । प्रशासनतर्फका वरिष्ठ सहसचिवद्वय तोयम राय र तोयानारायण ज्ञवालीलाई अघिल्लो मन्त्रिपरिषद्को बैठकले का. मु. सचिवमा बढुवा गरेको थियो ।

भाद्र २२ गते का. मु. बाट कन्फर्म सचिव बनेका राय र ज्ञवालीबाहेक वरिष्ठ प्राविधिक सहसचिवहरुमध्येबाट जेष्ठताको हिसाबले ऋषिराम शर्मा र वरिष्ठताको हिसाबले सडक विभागका महानिर्देशकबाट मन्त्रालयमा सरुवा भई छ महिनासम्म बस्ने कुर्सी, टेबल नपाएका रवीन्द्रनाथ श्रेष्ठ रहेका छन् ।

शर्मा र श्रेष्ठलाई गत श्रावण २२ गते अवकाश भएका सचिवद्वय अर्जुनकुमार कार्की र दीपेन्द्रनाथ शर्माको सिटमा बढुवा गरिएको स्रोतले बताएको छ । वरिष्ठताको दोस्रो नम्बरमा रहेका शिवहरि शर्मालाई गत श्रावण २९ गते अवकाश पाएका सचिव कृष्णराज बिसीको सिटमा बढुवा गरिने बताइएको छ । उक्त १ सिटमा शर्मासहित २ जना सागर राई र सुरेश आचार्यको सिफारिस हुने समाचार स्रोतले जानकारी दिएको छ । त्यसपछि माघमा अवकाश हुने सचिव गजेन्द्र ठाकुरको सिटमा राई,

(बाँकी अन्तिम पेजमा)

# न्यायाधीशप्रति सांसद्हरू रूष्ट

काठमाडौं । न्यायाधीशहरुको निर्णय बेलाबखतमा विवादमा पर्ने गरेको छ । पछिल्लो पटक एनसेल कर प्रकरणमा न्यायाधीशलाई महाअभियोग लगाउने माग उठेको छ । महाअभियोगको माग यसभन्दा अगाडि पनि उठ्दै आइरहेका थिए ।

पूर्वप्रधानन्यायाधीश सुशीला कार्की पनि महाअभियोगबाट अछुतो रहन सकिनन् । एनसेलको १२ औं पटकको शेयर बिक्रीपछि लाग्ने पुँजीगत लाभकरप्रति सर्वोच्च अदालतको फैसलाले उन्मुक्ति दिएको छ । १८ अर्ब रुपैयाँभन्दा बढी कर घटाएर एनसेलको पक्षमा फैसला भएपछि न्यायाधीशहरुमाथि छानबिन र कारबाही हुनुपर्ने माग जोडदार रुपमा संसदमा समेत उठाइन थालिएको छ ।

ठूला करदाता कार्यालयले निर्धारण गरेको रु.६२ अर्ब ६३ करोड कर बढी भएको भन्दै एनसेल अदालत गएको समाचार स्रोतले बताएको छ । एनसेलको विरुद्धमा सत्तापक्ष र प्रतिपक्ष सांसद्हरुले लगातार संसद्मा कुरा उठाइराखेका छन् । जसका कारण फैसला गर्ने न्यायाधीशहरुलाई संकट उत्पन्न भएको

(बाँकी अन्तिम पेजमा)

# बीपी राजमार्गलाई फराकिलो बनाइँदै

काठमाडौं । जननायक बी.पी. कोइरालाको नामले चिनिने बीपी राजमार्ग (हाइवे) धुलिखेल-सिन्धुली-बर्दीबास सडकलाई सम्भव भएका ठाउँमा डबल लेन बनाई सडक विस्तार गरिने भएको छ । सन् १९९६ बाट निर्माण शुरु गरी सन् २०१५ मा जापान सरकारले नेपाल



सरकारलाई वि. सं. २०७१-०७२ मा हस्तान्तरण गरेको थियो ।

२० वर्ष लगाएर निर्माण गरिएको सो राजमार्गमा सिङ्गल लेनका कारण ठूला सवारी साधनहरु गुड्न सकेका छैनन्, काठमाडौं प्रवेशका लागि पूर्वको लाइफलाइन मानिएका धुलिखेल-सिन्धुली-बर्दीबास सडक आयोजनामा प्रमुख बनेर बसेका भरतकाजी देउजु र राकेश महर्जनले चासो नदेखाउँदा बी.पी. हाइवेको विस्तार हुन नसकेको जानकारहरुले बताएका छन् ।

हाल उक्त सडकमा आयोजना प्रमुख बनेर आएका सूर्यबहादुर भाटको

(बाँकी अन्तिम पेजमा)

**Nepal Red Cross Society**
National Headquarters

Red Cross Marg, Kalimati, Kathmandu
Post Box NO: 217
Phone: +977-1-4270650, 4272761
Fax: +977-1-4271915
E-mail: nrcs@nrcs.org
Website: www.nrcs.org
**Free Hotline Service Number : 1130**

Ref No.

मिति : २०७६ भाद्र २५

**प्रेस विज्ञप्ति**

विगत वर्षदेखि नेपाल रेडक्रस सोसाइटीको साधारण सभा, महाधिवेशनमार्फत् कार्यक्रम बजेट पारित गर्ने वैधानिक प्रकृया एवं निर्वाचन लगायत संस्थागत सेवा गतिविधिहरुमा भइरहेको अवरोध हटाउन दिइएको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतले संस्थाको पक्षमा हिजो भाद्र २४ गते गरेको फैसला प्रति नेपाल रेडक्रस सोसाइटी परिवार खुशी व्यक्त गर्दछ । यसबाट सत्य एवं न्यायको जीत हुन्छ भन्ने विश्वासलाई थप पुष्टि भएको हामीले महसुस गरेका छौं । सम्मानित अदालतप्रति हार्दिक आभार व्यक्त गर्दै रेडक्रसका सदस्य, स्वयंसेवक र कर्मचारीहरू तथा सम्पूर्ण रेडक्रसप्रेमीसंग हामी यो खुशी वाँड्न चाहान्छौं ।

विपद् पूर्वतयारी, उद्दार र सहयोग, स्वास्थ्य प्रवर्धन, मानवीय सम्मान अभिबृद्धि, एम्बुलेन्स सेवा, प्राथमिक उपचार, रक्तसञ्चार सेवा, जस्ता कार्यहरु गर्दै आएको अवस्थामा विगत केहि समयदेखि देखिएको संस्थागत अन्यौलता हटाई न्यायिक प्रयत्न स्वरुप आएको यस फैसलाले सम्पूर्ण रेडक्रसकर्मीहरुलाई थप क्रियाशिल भई सेवाकार्यमा लाग्न अझ अभिप्रेरित गरेको छ । विगत ५६ वर्षदेखिका संस्थाका सेवा गतिविधिहरु सञ्चालन गर्न सहयोगी र सम्पूर्ण सुभेच्छुकहरुमा हामी कृतज्ञता व्यक्त गर्दछौं ।

संस्थाको साख र गरिमा वढाउदै मानवीय सेवामा अझ तल्लीन हुनुपर्ने आजको टड्कारो अवस्थामा संस्थाका सवै सदस्य, स्वयंसेवक र सुभेच्छुकहरु अझ एक भइ अघि वढ्न हामी आव्हान गर्दछौं । मानवीय कार्यक्षेत्रमा सरकारको सहयोगी भूमिका निर्वाह गर्न थप प्रतिवद्धता व्यक्त गर्दै आम जनता, सरकार, दाता, साझेदारलगायत सवै रेडक्रसकर्मी र सञ्चारकर्मीहरुबाट सदा झैं सहयोगको अपेक्षा पनि गर्दछौं ।

# नेपाली काँग्रेसभित्र गुट : विरासतबाटै पाएको उपहार

राजन कुइँकेल

नेपाली काँग्रेस नेपालको प्रजातान्त्रिक आन्दोलनको पर्यायवाची पार्टी । सात दशक लामो जीवनकालमा काँग्रेसले तीन ठूला प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरेको छ । २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन र २०६२-०६३ को माओवादी दुन्दूभीयुक्त हिंसा अन्त्यको अवतरण आन्दोलन । संयोगले यो तीन वटै आन्दोलन काँग्रेस पार्टीको नेतृत्वमा भयो । २००७ मा एकलौटीझैं, २०४६ मा वामपन्थीहरुसँग मिलेर र ०६२र०६३ मा सशस्त्र हिंसामा रमेको माओवादीसमेतको सहभागितामा । अर्को संयोग २००७, २०४६ र ०६२र०६३ को आन्दोलन सकिएपछिको सरकारको नेतृत्व पनि काँग्रेस नेताले नै गरे । तर प्रत्येक पटक प्रजातन्त्रमाथिको मडारिएको कालो बादल रोक्न नेतृत्वले सकेन । त्यसका आन्तरिक र वाह्य कारण होलान् नै । तर घरभित्रको रडाको मूल रुपमा देख्न सकिन्छ । अर्थात् स्थापनादेखि नै विरासतका रुपमा पाएको गूटगत राजनीतिले काँग्रेस आफैले ल्याएको उपलब्धि टिकाउन र त्यसको प्रतिफल जनताका बीचमा पुर्याउन बारम्बार विफल भएको तथ्य छ । गूट काँग्रेसको पुस्तैनी विरासत हो । गूटले छिन्नभिन्न भएको वर्तमान काँग्रेसबाट काँग्रेसी र उनका देशी विदेशी शुभचिन्तक दिक्क छन् । तर के यो वर्तमानमा मात्र सृजना भएको रोग हो त ? इतिहास पल्टाएर हेर्दा त्यस्तो देखिन्न । काँग्रेसमा गूट एउटा स्थायी र दीर्घ रोग देखिन्छ । यो पार्टी स्थापनाका समयदेखि नै देखिन्छ । कालखण्ड र नेतृत्व अवधिका रुपमा हेर्ने हो भने काँग्रेसको सात दशक लामो इतिहासमा यस्ता गूटहरु सक्रिय थिए । ती गूट समयक्रममा केही लामो चल्थ्यो भने केही बीचमै टुटफुट पनि हुन्थे । हेरौं नेपाली काँग्रेसको सात दशकको इतिहास, उपलब्धि र गूटका असरहरु ।

१. मातृका-वीपी कोइराला गूटरडिल्लीरमण रेग्मी गूट
२. वीपी-महेन्द्रविक्रम शाह-सूर्यप्रसाद उपाध्याय गूट
३. वीपी-सुवर्ण-सूर्यप्रसाद उपाध्याय गूट
४. गणेशमान सिंह-कृष्णप्रसाद भट्टराई-गिरिजाप्रसाद कोइराला गूट
५. गिरिजाप्रसाद कोइराला-कृष्णप्रसाद भट्टराई गूट
६. गिरिजाप्रसाद कोइराला-शेरबहादुर देउवा गूट
७. शेरबहादुर-सुशील कोइराला गूट
८. शेरबहादुर-रामचन्द्र पौडेल-कृष्ण सिटौला गूट (वर्तमानमा गूटभित्रका उपगूट र गिरोहहरु पनि सञ्चालित छन्)

सात दशकको नेपाली काँग्रेस, प्रमुख उपलब्धि र गूटले पारेका असर

**पार्टी स्थापनाका प्रारम्भिक दिनहरु**

नेपाली काँग्रेस : नेपाली प्रजातान्त्रिक आन्दोलनको अभिन्न दल । मुलुकमा प्रजातन्त्र स्थापनाका लागि पटक पटक भएको आन्दोलनको नेतृत्व । यस नामबाट विसं २००६ सालदेखि यात्रा शुरु । त्यसअघि विसं २००३ सालदेखि नेपाली राष्ट्रिय काँग्रेसको नाममा राजनीति । मूख्य नेता देवीप्रसाद सापकोटा, मातृकाप्रसाद कोइराला, बिश्वेश्वरप्रसाद (बीपी) कोइराला, डा. डिल्लीरमण रेग्मी, टंकप्रसाद आचार्य, कृष्णप्रसाद भट्टराई, बालचन्द्र शर्मा, गोपालप्रसाद भट्टराई, ईश्वर बराल, नरेन्द्र रेग्मी । २००६ सम्ममा राष्ट्रिय काँग्रेसको तीन वटा महाधिवेशन ।

२००३ माघ १२ र १३ मा भारत कलकत्ताको भवानीपुरमा पहिलो महाधिवेशन । टंकप्रसाद आचार्य मानार्थ र वीपी कोइराला कार्यकारी सभापति चयन । बालचन्द्र शर्मा, डिल्लीरमण रेग्मी, कृष्णप्रसाद भट्टराई, देवव्रत परियारलगायत जिम्मेवारीमा । २००४ माघमा भारतकै बनारसमा दोस्रो, २००५ फागुन १८ मा भारत विहारकै दरभंगामा तेस्रो महाधिवेशन सम्पन्न र विभिन्न निर्णय । २००४ सालमा डा. डिल्लीरमण रेग्मी गूटका कारण पार्टीमा फूट । २००४ साल साउन १ मा महेन्द्रविक्रम शाहलाई सभापति बनाई सुवर्ण शमशेर, महावीरशमशेर राणालगायतले नेपाल प्रजातान्त्रिक काँग्रेस स्थापना ।

२००६ फागुन १२ मा समान विचार र उद्देश्य बोकेका दुई पार्टी रहनुको औचित्य नहुने भन्दै राष्ट्रिय काँग्रेस र प्रजातन्त्र काँग्रेसका सभापति मातृका कोइराला र महेन्द्रविक्रम शाहबाट एउटै पार्टी निर्माण गर्ने सहमति ।

**नेपाली काँग्रेसको घोषणा (विसं २००६ चैत्र २७)**

२००६ चैत्र २७ गते भारत कलकत्ताको टाइगर हलमा नेपाली राष्ट्रिय काँग्रेसको चौथो महाधिवेशन सम्पन्न । महाधिवेशनमा दुबै काँग्रेसका नेता कार्यकर्ता सरिक । दुबै पार्टीका प्रतिनिधिहरूको संयुक्त अधिवेशनबाट नेपाली काँग्रेस नामक पार्टी घोषणा । सभापतिमा मातृकाप्रसाद कोइरालाको चयन । एकीकृत पार्टीका प्रमुख नेताहरुः मातृकाप्रसाद कोइराला, वीपी कोइराला, सुवर्ण शमशेर, महेन्द्रविक्रम शाह, महावीरशमशेर, सूर्यप्रसाद उपाध्याय, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायत । प्रजातन्त्र स्थापनाका लागि सबै खाले रणनीति अपनाउँदै मोर्चा खोल्ने निर्णय ।

**२००७ को क्रान्ति र प्रजातन्त्र स्थापनाको घोषणा**

२००७ असोज १० र ११ मा रौतहटको सीमा बैरगनीयामा रणनीतिक सम्मेलन । सशस्त्र क्रान्तिबाटमात्र देशमा परिवर्तन सम्भव हुने निष्कर्ष । क्रान्तिको सुप्रिम कमाण्डर सभापति मातृकाप्रसाद कोइराला । क्रान्ति सञ्चालनको बागडोर बीपी र सुवणशमशेरमा । २००७ कार्तिक २१ मा राजा त्रिभुवन नाति ज्ञानेन्द्रबाहेक सपरिवार गद्दीत्यागका साथ दिल्ली शरण । क्रान्तिकारीहरुद्वारा सीमावर्ती शहरहरुमा क्रमशः विजय प्राप्त । दिल्लीमा राजा, राणा र काँग्रेसबीच त्रिपक्षीय सम्झौता । १०४ वर्षे जहाँनिया शासनको अन्त्य । २००७ फागुन ७ गते राणा शासनको अन्त्य र बहुदलीय प्रजातन्त्र स्थापनाको घोषणा ।

**नेपाली काँग्रेसको महाधिवेशनहरु**

पाँचौं महाधिवेशन र पार्टी विभाजन (विसं २००९-२०१२) - विसं २००९ जेठ १०-१३ जनकपुरमा पाँचौं महाधिवेशन सम्पन्न । वी.पी.कोइराला सभापति निर्वाचित ।

**सरकार-पार्टीबीच दरार र दुई दाजुभाइबीचको मनोमालिन्य**

मातृका र वीपी कोइरालाबीच फूट । दुई दाजुभाईको मनोमालिन्यले सरकार र पार्टीमा असर । दरबार र भारतीय पक्षको प्रभाव । पार्टीद्वारा सरकारको शुद्धिकरणका लागि केही निर्देशन । प्रधानमन्त्री मातृकाप्रसादबाट पार्टी निर्देशन अवज्ञा । काठमाडौंको विशालनगरमा पार्टीको विशेष महासमिति बैठक बोलावट । प्रधानमन्त्री अल्पमतमा । मातृकाद्वारा बैठक बहिष्कार । २००९ साउन ८ मा २४ घण्टाभित्र सरकार छाडेर आउन प्रधानमन्त्रीलाई निर्देशन । निर्णया अवज्ञा गरेको भन्दै साउन १० गते मातृकाप्रसाद कोइराला, नारदमणि थुलुङ्ग र महावीर शमशेर पार्टीबाट निष्काशित । राजालाई शक्तिशाली बनाएको, भूमिसुधार कार्यक्रम लार्गू गर्न नसकेको, भारतलाई अनावश्यक खेल्न दिएको, पार्टीप्रति उत्तरदायी नभई स्वेच्छाचारी ढंगले सरकार चलाएको आरोप ।

**मातृकाद्वारा नयाँ पार्टी गठन-( विसं २००९ साउन)**

भाई नेतृत्वको पार्टी कमिटीले पार्टीबाट निष्काशन गरेपछि दाजु मातृकाप्रसाद कोइरालाबाट नेपाल प्रजा पार्टी नामको नयाँ पार्टी घोषणा । २००९ साउन २२ मा प्रधानमन्त्री पदबाट राजिनामा । राजाको नेतृत्वमा परामर्शदात्री र नेपाल प्रजा पार्टीको सरकार गठन । परामर्शदात्री सरकारको विरोधमा काँग्रेसद्वारा देशभर विरोध । २०१० असार २ मा परामर्शदात्री सरकार विघटन । सोही मितिदेखि नेपाल प्रजा पार्टीका नेताका रुपमा मातृकाप्रसादलाई राजा त्रिभुवनबाट प्रधानमन्त्रीमा नियुक्त । २०११ को चैत्र अन्तिमसम्म प्रधानमन्त्री ।

**छैठौं महाधिवेशन र समाजवादी लक्ष्यको घोषणा (विसं २०१२-२०१४)**

२०१२ माघ १०-११ वीरगञ्जमा छैठौं महाधिवेशन सम्पन्न । सभापतिमा सुवर्ण शमशेर निर्वाचित । पार्टीको मूल सिद्धान्त समाजवादी हुने घोषणा । लोकतन्त्रवादका आधारमा समाजवाद र प्रजातन्त्रको सुदृढ गठबन्धनबाट समाजवादी समाजको निर्माण गर्ने लक्ष्य ।

विशेष महाधिवेशन र भद्र अवज्ञा ( विसं२०१४ जेठ १४) : विसं २०१४ जेठ १० मा विराटनगरमा विशेष महाधिवेशन सम्पन्न । बीपी कोइराला फेरि सभापति चयन । मंसिर २२ देखि भद्र अवज्ञा आन्दोलन शुरु । दुई महिना लामो अवज्ञा आन्दोलनमा विभिन्न दल पनि सहभागि ।

राजा महेन्द्रबाट संसदको निर्वाचन गराउने घोषणा : आन्दोलनकै कारण राजा महेन्द्रबाट २०१५ फागुन ७ मा संसदको निर्वाचन गर्ने घोषणा । सुवर्ण शमशेरको अध्यक्षतामा विभिन्न पार्टी सम्मिलित चुनावी सरकार गठन । रुख चिह्नका साथ काँग्रेस मैदानमा । ७ फागुनबाट शुरु भएको मतदान ४५ दिनमा सम्पन्न ।

**सातौं महाधिवेशन (विसं २०१६ बैशाख२५-३१)**

विसं. २०१६ बैशाख २५ देखि ३१ गतेसम्म काठमाडौंमा सातौं महाधिवेशन सम्पन्न । बीपी कोइराला फेरि सभापति चयन ।

**दुई तिहाईको काँग्रेस, प्रधानमन्त्री बीपी र २०१७ सालको शाही 'कु'**

४५ दिन लामो चुनावको अन्तिम परिणाम २०१६ बैशाख २८ मा प्राप्त । ४७ प्रतिशत मतदाता सरिक । १०९ निर्वाचन क्षेत्र मध्ये १०८ क्षेत्रमा उम्मेदवारी दिएको काँग्रेस ६८ प्रतिशत अर्थात् ७४ स्थानमा विजयी । दुई साता लामो अन्यौलपछि २०१६ जेठ १३ गते बीपी कोइरालाको प्रधानमन्त्रित्वमा पहिलो जननिर्वाचित सरकार गठन । उपप्रधानमन्त्रीमा सुवर्ण शमशेर, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय र रामनारायण मिश्रलगायत नेता मन्त्री नियुक्त । प्रथम संसदको सभामुखमा कृष्णप्रसाद भट्टराई र उपसभामुख महेन्द्रनारायण निधि चयन । २०१७ पुष १ गते राजा महेन्द्रद्वारा बीपी कोइराला नेतृत्वका सरकारको सैनिक कू गर्दै सम्पूर्ण शक्ति आफ्नो हातमा । बीपीलगायत तात्कालीन मन्त्री र काँग्रेसका नेताहरु पक्राउ र कैद । धेरै नेता कार्यकर्ता भारत प्रवासमा ।

**पटना विशेष सम्मेलन (विसं २०१७ माघ)**

शाही कदमका समयमा विदेशमा रहि पक्राउ पर्नबाट जोगिएका नेता सुवर्ण शमशेरको आह्वानमा २०१७ माघ १२ देखि १३ सम्म भारतको पटनामा विशेष सम्मेलन । सुवर्ण शमशेर कार्यकारणी सभापति र आन्दोलनको कमाण्डर चयन । देशव्यापी अहिंसात्मक आन्दोलन घोषणा । प्रमुख प्रतिपक्षी गोर्खा परिषद् लगायतका दल काँग्रेसमा समायोजन । २०१८ मंसिरबाट सशस्त्र आन्दोलनको घोषणा । २०२५ कात्तिकमा बीपी, गणेशमानलगायतका नेताहरु जेलबाट रिहा । २०२९ भदौं ९ बाट बीपीको नेतृत्वमा सशस्त्र संघर्षको शुरूवात । बीपीलगायतका नेताहरु भारत प्रवासमा । २०३१ चैतमा भारतद्वारा सिक्किम विलय । २०३२ मंसिर १ (१७ नोभेम्वर १९७५) मा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीद्वारा संकटकाल घोषणा । सिक्किम विलयले नेपालकै सार्वभौमसत्तामाथिसमेत खतरा पर्नसक्ने आंकलन । इन्दिरा र बीपीबीच वैचारिक टकरावको स्थिति । भारत प्रवासमा रहेका काँग्रेस नेताहरुको बसाई असुरक्षित ।

**कृष्णप्रसाद भट्टराईलाई कार्यवाहकको जिम्मेवारी (२०३२ फागुन)**

प्रजातन्त्र प्राप्तिका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति प्रतिकूल भइरहेकै बेला बीपी कोइरालाबाट २०३२ फागुन १ गते सन्त नेता कृष्णप्रसाद भट्टराईलाई कार्यवाहक सभापति नियुक्त । स्वदेशबाटै आन्दोलन चर्काउने रणनीति तय । राष्ट्रियता संरक्षणका लागि राष्ट्रिय मेलमिलापको नीति घोषणा गर्दै २०३३ पुष १६ मा बीपी, गणेशमानलगायतका नेताहरू स्वदेश फिर्ता । तर घाँटीको क्यान्सरबाट पीडित नेता बीपी कोइरालाको २०३९ साउन ६ गते निधन भयो ।

**त्रय नेता र २०४६ सालको जनआन्दोलन**

काँग्रेस पार्टी निर्माणको मूल नेतृत्व बीपीको निधनसँगै काँग्रेसमा त्रय नेता गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला मुख्य भूमिकामा देखिए । बीपीको निधनले काँग्रेस मियो बिनाको खलोझैं हुने हो कि भन्ने आशंका थियो । पञ्चायत व्यवस्थाविरुद्ध काँग्रेस-कम्युनिष्टले चलाइराखेका अलग अलग आन्दोलनले परिणाम दिइरहेको थिएन । त्यहि बीचमा काँग्रेस र कम्युनिष्ट नेताहरुले पञ्चायत व्यवस्था मिल्काउन संयुक्त आन्दोलन गर्ने सहमति गरे ।

त्यहि रणनीतिले २०४६ सालको जनआन्दोलन भयो । २०४६ चैत्र २६ गते राजाले शाही घोषणा मार्फत् मुलुकमा बहुदलीय व्यवस्था र शासन जनताका प्रतिनिधिले गर्ने घोषणा गरे । काँग्रेस कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराई संयुक्त सरकारको प्रधानमन्त्री बने । उक्त सरकारले २०४७ सालको संविधान घोषणाका साथै आमनिर्वाचन सम्पन्न गरायो । नेपाली काँग्रेसले संसदमा बहुमत प्राप्त गर्यो । गिरिजाप्रसाद कोइराला नयाँ प्रधानमन्त्री बने ।

आठौ महाधिवेशन (विसं २०४९ फागुन)- २०४९ साल फागुन ३ मा झापाको कलबलगुडीमा आठौं महाधिवेशन सम्पन्न । कृष्णप्रसाद भट्टराई सभापति चयन । ३१ वर्ष कार्यवाहक भूमिकामा रहेका भट्टराई सभापति चयन ।

२०५१ सालमा पार्टीको आन्तरिक किचलोका कारण संसद विघटन र मध्यावधि निर्वाचन । चौहत्तरे र छत्तीसे समूह । संसद विघटन गर्ने गिरिजाप्रसाद कोइरालाको निर्णयविरुद्ध गणेशमान सिंहको आपत्ति । देशैभर विद्रोही उम्मेदवार । काँग्रेस पराजित ।

पहिलो पटक नेकपा एमालेको नेतृत्वमा कम्युनिष्ट सरकार निर्माण । मनमोहन अधिकारी सरकारविरुद्ध अविश्वासको प्रस्ताव । संसद विघटन । सर्वोच्च अदालतद्वारा अधिकारी सरकारको विघटनको निर्णय अस्वीकार । २०५२ सालमा शेरबहादुर देउवाको नेतृत्वमा त्रिशंकु सरकार निर्माण । सोही वर्षबाट माओवादीबाट 'दीर्घकालीन जनयुद्ध' नामक हिंसात्मक राजनीतिको शुरुवात ।

नवौं महाधिवेशन (विसं २०५३ वैशाख)- २०५३ साल वैशाख २९ मा काठमाडौंमा नवौं महाधिवेशन सम्पन्न । गिरिजाप्रसाद कोइराला पार्टी सभापतिमा निर्वाचित । २०५६ सालमा गराइएको संसदको तेस्रो निर्वाचनबाट काँग्रेस फेरि सरकारमा । कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री । भट्टराईलाई हटाएर कोइराला फेरि प्रधानमन्त्री । माओवादी सशस्त्र हिंसा चरमोत्कर्षमा । रोल्पाको होलरीमा रहेका माओवादी शीर्ष नेताहरुलाई कार्वाही गर्न नेपाली सेनाले अटेर गरेपछि कोइरालाद्वारा पदत्याग ।

दशौं महाधिवेशन (विसं २०५७ माघ)- २०५७ साल माघ ९ मा कास्कीको पोखरामा दशौं महाधिवेशन सम्पन्न । गिरिजाप्रसाद कोइराला फेरि सभापतिमा निर्वाचित ।

शेरबहादुर देउवाबाट पार्टी विभाजन- संसदीय राजनीति विकृतिले ग्रस्त । सत्ताका लागि जुनसुकै हत्कण्ठा अपनाइने । प्राडोपजेरो, सांसद किनबेच, सुरा सुन्दरीकाण्डले व्यवस्था बदनाम । माओवादी सशस्त्र हिंसा अन्त्यका लागि भन्दै संकटकाल लागु । संकटकालको म्याद थप गर्नेरनगर्ने भन्नेमा काँग्रेस नेतृत्वमा बिमती । म्याद नथप्ने पार्टीको निर्णय । प्रधानमन्त्री देउवाद्वारा पार्टी निर्णय अवज्ञा । पार्टीद्वारा देउवालाई कारवाहीको पत्र । देउवाद्वारा २०५९ असार ४ मा बानेश्वर भेलामार्फत् पार्टी विभाजन गर्दै नयाँ पार्टी नेपाली काँग्रेस( प्रजातान्त्रिक) घोषणा ।

राजा ज्ञानेन्द्रबाट २०५९ असोज १८ मा प्रधानमन्त्री पदबाट बर्खास्त । सर्वत्र आलोचना र आन्दोलनपछि चुनाव गराउने शर्तसहित फेरि देउवा प्रधानमन्त्रीमा नियुक्त । तोकिएको समयमा चुनाव गराउन नसकेपछि २०६१ माघ १९ मा राजा ज्ञानेन्द्रबाट दोस्रो पटक अक्षम भन्दै बर्खास्त । राजकीय शक्ति ज्ञानेन्द्रमै निहीत । देउवा २०६४ सालमा मातृ पार्टी काँग्रेसमा विलय ।

दरबार हत्याकाण्ड र राजा वीरेन्द्रको वंशनाश- २०५८ साल जेठ १९ को शुक्रवारे रात्रि राजा वीरेन्द्रसहितको राजपरिवारका लागि कालरात्रि बन्यो । जेठ १९ गते नारायणहिटी दरबारमा राजा वीरेन्द्रको वंशनाश हुने गरी नृशंश हत्याकाण्ड मच्चाइयो । युवराज दिपेन्द्रले अन्धाधुन्ध गोली चलाएर हत्याकाण्ड मच्चाएको निष्कर्ष । राजाको सिंहासनमा ज्ञानेन्द्र पदासिन । तुलसी गिरि र कीर्तिनिधि विष्टलाई सारथि बनाउँदै शाही शासनको प्रारम्भ ।

एघारौं महाधिवेशन (विसं २०६२ भदौं)- २०६२ भदौं १४-१७ सम्म काठमाडौंमा एघारौं महाधिवेशन सम्पन्न । गिरिजाप्रसाद कोइराला फेरि सभापतिमा निर्वाचित ।

राजतन्त्रको अन्त्य, गणतन्त्र घोषणा र संविधानसभा- काँग्रेसको जीवनकालमै वैचारिक र कार्यनीतिक दुबै कोणले यो अवधि महत्वपूर्ण । माओवादी हिंसा अन्त्यका लागि विधानबाट संवैधानिक राजतन्त्र हटाउने निर्णय । भारतको दिल्लीमा संसदीय दल र माओवादीबीच १२ बुँदे सहमति । २०६२-०६३ को १९ दिने आन्दोलनपछि राजा ज्ञानेन्द्रबाट विघटित संसद पुनर्स्थापना ।

सत्ताको जिम्मेवारी सात दललाई हस्तान्तरण । राजाका सबै अधिकारहरु कटौति । २०६४ सालमा संविधानसभा निर्वाचन । २०६५ जेठ १५ मा गणतन्त्र घोषणा । चार कम्युनिष्ट नेता पुष्पकमल दाहाल, माधव नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराई प्रधानमन्त्री । पहिलो संविधानसभा संविधान बनाउन विफल ।

बाह्रौं महाधिवेशन (विसं २०६७)- २०६७ साल असोज १ मा काठमाडौंमा बाह्रौं महाधिवेशन सम्पन्न । सुशील कोइराला सभापतिमा निर्वाचित । कोइराला र देउवा गूटका कारण पार्टीले राम्रो काम र गति लिनै सकेन ।

संविधानसभाको दोस्रो निर्वाचन र संविधान घोषणा- एमाले र माओवादी नेतृत्वका चार सरकार संविधान बनाउन विफल । २०७० मंसिरमा दोस्रो संविधानसभा निर्वाचन सम्पन्न । काँग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री निर्वाचित । कोइरालाकै कार्यकालमा २०७२ असोज ३ गते संविधानसभाबाट संविधान घोषणा । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा ।

तेह्रौ महाधिवेशन (विसं २०७२ फागुन)- २०७२ साल फागुन २०-२३ सम्म काठमाडौंमा सम्पन्न । शेरबहादुर देउवा सभापतिमा निर्वाचित । देउवा, पौडेल र सिटौला गूटका कारण पार्टी अनिर्णयको बन्दी । सम्पूर्ण सांगठनीक संरचना गतिहीन ।

देउवा नेतृत्वकै सरकारले २०७४ साल मंसिरमा गराएको संसदको निर्वाचनमा काँग्रेस पराजित । स्थानीय र प्रदेश सभाका निर्वाचनमा पनि पराजित । संघ र प्रदेश सबैतिर हैसियत खुम्चँदो । आफू नेतृत्वको सरकारमा रहेको माओवादीद्वारा एमालेसँग चुनावमा साझेदारी । एमाले र माओवादीद्वारा पार्टी एकीकरण । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन । करिब दुई तिहाईको सामर्थ्यसहित नेकपाका अध्यक्ष केपी ओली प्रधानमन्त्री नियुक्त ।

इमेजखबरबाट

# काठमाडौंमा किन यतिधेरै गर्मी ?

विगत केही दिनदेखि काठमाण्डू उपत्यकामा समेत गर्मी बढेको महसुस भएको उपत्यकावासीहरूले बताउन थालेका छन् । कतिपयले त तराईको तापक्रमसँग तुलना गर्दै काठमाण्डूमा पनि उत्तिकै गर्मी हुन थालेको समेत भन्ने गरेका छन् । जल तथा मौसम विभागका विगत केही दिनको विवरणहरू हेर्दा पनि कतिपय तराईका शहरहरू र काठमाण्डू उपत्यकामा तापक्रम उस्तैउस्तै देखिएको छ । उपत्यकावासीका भनाइमा काठमाण्डूमा विगत केही वर्षदेखि हरेक वर्ष गर्मी बढेको महसुस हुने गरेको छ । विभागका अनुसार शनिवार काठाण्डूको अधिकतम तापक्रम ३३ डिग्री सेल्सियससम्म पुगेको थियो भने आइतवार दिउँसो ३२ डिग्री सेल्सियसकै हाराहारी तापक्रम पुगेको छ । शनिवार विराटनगरको तापक्रम ३४.५ डिग्री सेल्सियस थियो । जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ मौसम विज्ञ अर्चना श्रेष्ठले बीबीसी नेपाली सेवालाई भनिन्स "यसपटक गर्मी बढेको अनुभव गर्नुमा जलवायु परिवर्तन र बढ्दो शहरीकरण नै हो । " हामीले काठमाण्डू उपत्यकामा साच्चै हरेक वर्ष तापक्रम बढ्दै गएको हो वा मानिसहरूलाई त्यस्तो अनुभूति मात्र भएको हो ? भनी मौसम विज्ञ श्रेष्ठलाई सोधेका थियौँ । काठमाण्डूको तापक्रम र मौसमका बारेमा श्रेष्ठको भनाइ उनकै शब्दमा- सामान्यरूपमा विगत ४० वर्षको विवरण हेर्दा काठमाण्डूमा र पहाडी क्षेत्रमा मनसुनपूर्व र मनसुनका बेलामा अधिकतम तापक्रम बढ्दै गएको देखिन्छ ।

सन् १९७१ देखि २०१४ सम्मको तुलना गर्दा यी क्षेत्रमा हरेक वर्ष ०.४५ डिग्री सेल्सियसको दरले तापक्रम बढेको देखिन्छ । तर गत वर्षकै तुलनामा यसपटक गर्मी बढेको अनुभव गर्नुमा चाहिँ प्राकृतिक रूपमा तापक्रम वृद्धि भएको भन्दा पनि अन्य कारण छन् । त्यसको एउटा कारण भनेको काठमाण्डू उपत्यकामा बढ्दो शहरीकरण नै हो । यस क्षेत्रमा न हरियाली छ, न त भेन्टिलेसन राखेर हावा वारपार हुने गरि घर बनाइन्छ । यसले गर्दा यो क्षेत्रमा आद्रता बढिरहेको छ । जसका कारण मानिसहरूले एकदमै गर्मी र अफ्ट्यारो अनुभव गर्ने गरेका छन् । जलवायु परिवर्तनको अनुकूलन सम्बन्धी एउटा अध्ययन गर्दा हामीले काठमाण्डू मात्र होइन अन्य पहाडी क्षेत्रमा पनि तराईको तुलनामा तापक्रम अझ धेरै बढेको पाएका छौं । हरेक वर्ष यस्तो अवस्था देखिनुको कारण भनेको जलवायु परिवर्तन र विश्वभर भएको तापमान वृद्धि नै हो ।

पहाडमा नै किन बढी असर देखियो भन्नेमा एउटै कुरालाई मात्र कारणका रूपमा हेरेर हुँदैन । तर चिसो क्षेत्रमा तापक्रम एकदमै संवेदनशील हुने भएकाले तापक्रम छिटो बढेको हुनसक्छ । काठमाण्डूमा गएको ४० वर्षमा सबैभन्दा अधितकतम तापक्रम साढे ३६ डिग्री सेल्सियससम्म पुगेको रेकर्ड छ । सन् १९८९ मे ७ तारिखका दिन काठमाण्डूको तापक्रम ३६.६ डिग्री सेल्सियस पुगेको थियो । जुन महिनाको हेर्दा चाहिँ सबैभन्दा बढी तापक्रम सन् २०१२ मा ३५.२ डिग्री सेल्सियससम्म पुगेको देखिन्छ । काठमाण्डू र अन्य उपत्यका क्षेत्रमा गर्मी बढ्दा पानी पर्ने सम्भावना पनि धेरै हुन्छ । तर त्यसका लागि वातावरण कस्तो छ भन्ने पनि हेर्नुपर्छ । पोल्ने खालको घाम लाग्दा पानी पर्दैन तर धेरै पसिना आउने खालको गर्मी बढ्यो भने पानी पर्ने सम्भावना हुन्छ ।

प्रधान–सम्पादक/प्रकाशक : **कौशलकुमार भट्टराई (९७५१०३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

# बिपीको सपना र जनजागरण

संस्थापक नेता जननायक विश्वेश्वरप्रसाद कोइरालाको १०६औँ जन्मजयन्तीको सन्दर्भलाई नेपाली काङ्ग्रेसले वर्तमान कम्युनिस्ट सरकारविरोधी प्रदर्शनका रूपमा अघि बढाएको छ। बिपीद्वारा प्रतिपादित राष्ट्रिय मेलमिलाप र समाजवादको मार्गचित्रमा अघि बढिरहेको काङ्ग्रेसले हरेक वर्ष भदौ २४ गते देशव्यापी रूपमा वृक्षरोपण तथा बिपीका सपनाहरूबारे सार्वजनिक बहस गर्नेगर्थ्यो। तर यस वर्ष काङ्ग्रेस नेताहरूले बिपी जन्मजयन्तीका दिन पारेर सुनसरीबाट सरकारविरोधी दोस्रो चरणको जनजागरण अभियान उद्घोष गरेका छन्। उनीहरूले वर्तमान सरकारले लुटतन्त्र मच्चाएकाले सरकारविरुद्ध सडक आन्दोलनमा उत्रिनुपर्ने अवस्था आएको बताएका छन्।

वर्तमान सरकारको दुईतिहाईवाला दम्भ र सर्वसत्तावादी क्रियाकलापले मुलुकमा स्वतन्त्रता, प्रजातन्त्र र जनजीविकाको सवाल सङ्कटमा पर्न थालेको अनुभव भइरहेका बेला काङ्ग्रेसको जनजागरण र सरकारविरोधी अभिव्यक्ति अपेक्षित थियो। जनता सरकार सञ्चालक नेतृत्वको अक्षमताबाट आजित मात्र छैनन्, प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसको निस्क्रियताप्रति पनि क्षुब्ध छन्। यस्तो बेलामा जनताका समस्या एकातिर थन्क्याएर मनोमानी ढङ्गले अघि बढिरहेको सरकारविरुद्ध काङ्ग्रेसद्वारा गरिएको आन्दोलनको उद्घोषले थोरै भए पनि आशाको सञ्चार भएको छ।

प्रजातन्त्रबिना देश रहँदैन भनी देश, जनता र लोकतन्त्रप्रति सदैव चिन्तित हुने बिपीले जीवनभर जनताको अधिकार र सुखका लागि सङ्घर्ष गरेका थिए। राणा र पञ्चायती निरङ्कुशताविरुद्ध अविचलित रहेका जननायक बिपीको राजनीतिक सपना थियो, संसदीय व्यवस्था। बिपीले जनतालाई केन्द्रबिन्दुमा राखेर राष्ट्रियता, लोकतन्त्र र समाजवादको वैचारिक आधार अघि सारेका थिए। उनले देशका लागि प्रजातन्त्र नै अपरिहार्य शर्त मानेका थिए। उनी भन्थे, हामीलाई प्रजातन्त्र राजनीतिक र प्रजातान्त्रिक अधिकारको निम्ति मात्रै होइन, जनतालाई विकास, नीति निर्धारण र व्यवस्थापनको प्रक्रियामा सहभागी बनाउनका निम्ति जरुरी छ।

बिपीले लिएको प्रजातान्त्रिक समाजवादको बाटो र लोकतान्त्रिक सिद्धान्त मानव कल्याणको उचित गन्तव्य थियो। तर यी र यस्ता सन्दर्भहरूलाई सङ्गठित गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने मुख्य दायित्व भएको काङ्ग्रेस नेतृत्व स्वयम् आलोचित भइरहेको थियो। एकातिर जनतामा सरकारविरुद्ध क्षुब्धताको मात्रा बढ्दै जानु र अर्कोतिर वर्तमान राजनीतिक पार्टी र बहुदलीय व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न हुनुले मुलुकको अन्धकार भविष्य सङ्केत गरिरहेको थियो। यस्तो बेलामा प्रमुख प्रतिपक्षी काङ्ग्रेस दोस्रो जनजागरण अभियानको ब्यानरमा सरकारका जनविरोधी कामको भण्डाफोर गर्न सडकमा आएको छ। यसले भुइँ तहमा रहेका लोकतन्त्रप्रति प्रतिबद्ध शुभेच्छुक तथा सरकारका कामकारबाहीप्रति क्षुब्ध जनताको भावनाको सम्बोधन हुने अपेक्षा गरिएको छ।

देशमा यतिबेला कम्युनिस्ट आवरणमा जनता झुक्याउने काम भइरहेको छ। जनतालाई कर, महँगी र बेथितिको भारले थिचेर कम्युनिस्ट नेता तथा कार्यकर्ता निजी सुविधा र भ्रष्टाचार रमाइरहेका छन्। दुईतिहाईको दबाबले अख्तियार र न्यायालयले स्वतन्त्रतापूर्वक काम गर्न पाएका छैनन्। भ्रष्टाचारी र सार्वजनिक सम्पत्ति हिनामिनामा संलग्न हुनेहरूले राजनीतिक संरक्षण पाएका छन्। सरकारबाट प्रविधि प्रयोगका नाममा मुलुकको गोप्य सूचना चुहावट गरिएको छ। पस्प्रहरी, सेना, मानवअधिकार आयोग, न्यायालय, सञ्चार क्षेत्र, परम्परादेखि सङ्गठित समाज आदि जताततै हस्तक्षेप गर्ने, दण्ड दिने सोचले सरकार अघि बढ्नु प्रजातन्त्रका लागि डरलाग्दो अवस्था हो।

यस्तो बेलामा यदि बहुदलीय आवरणका जनता झुक्याएर कम्युनिस्टहरूले प्राप्त गरेको दुईतिहाई बहुमत र त्यसको दम्भलाई सडकबाट चुनौती नदिने हो भने लोकतन्त्र र स्वन्त्रता नै गुम्नेसक्ने अवस्था आउन सक्छ। जननेता बिपी कोइरालाले आजीवन लडेको संसदीय व्यवस्था जनताद्वारा आलोचित हुँदै गुम्नसक्ने खतरा देखापरेको छ। यस्तो पृष्ठभूमिमा सुरु भएको दोस्रो चरणको जनजागरण बिपीको सिद्धान्तलाई आत्मसात गर्दै लोकतन्त्र पक्षधर जनता, नेता, कार्यकर्ता कम्युनिस्ट आवरणमा भइरहेको गलत क्रियाकलापको भन्डाफोर गर्न एकजुट हुनु अपरिहार्य छ। वर्तमान सरकारको सर्वसत्तावादी गतिविधि नियन्त्रण र जनअपेक्षा सम्बोधन गर्न जनजागरण अभियान सफलता उन्मुख हुनेमा जनता आशावादी छन्।

# संविधान क्रियान्वयनमा चुक्दै सरकार

**कुलचन्द्र वाग्ले**

संविधान क्रियान्वयन असफल भए देशको दिशा, गति हुन्छ कस्तो ? देश कुनै अज्ञात अस्थिरता र खतराको मोडमा पो पुग्ने हो कि ? यसै हुन्छ भन्ने अवस्था अहिलेलाई देखिँदैन। संविधान जनतालाई राज्य र सरकारसँग जोड्ने लिखित निर्देश हो। राज्य संयन्त्रमा नागरिकको सहज पहुँच स्थापित गर्ने माध्यम हो। नागरिकले संविधानप्रति अपनत्वसमेत आफू राज्य संयन्त्रसँग घनिष्ट रहेको अनुभूति सगर्व गर्न पाएमात्र सफल कार्यान्वयन मानिनेछ। यस्तो अनुभूति सरकारको कार्य, कारणले स्थापित गर्ने हो। संविधानसँग नजकिने कि टाढिने ? सरकारको कामको प्रतिविम्बले हुन्छ। नेपालमा संविधानको अभ्यास छोटो अवधिमा धेरै संख्यामा भएको छ। विश्वमा यस्तो उदाहरण बिरलै भेटिएला। छिमेकी भारतमा स्वतन्त्रतापछि बनाइएको संविधान बहत्तर वर्षमा एकसय पटकभन्दा बढी संशोधन भयो तर त्यही दस्तावेजले काम गरिरहेको छ। नेपालमा भने करिब यही अवधिमा हामी सातौं संविधानको अभ्यासमा छौँ र पनि अनिश्चय हटेको छैन। यो सुखद अवस्था होइन। संविधानको दीर्घजीवन संशोधनबाट हुन्छ। 'छेपारोले मुढो समाएजस्तो' कट्टरताको परिणाम समाप्ति नै हो। कठोर दाँतले साथ छोड्नसक्छ, तर लचिलो जीब्रो सँगै 'आर्यघाट' पुग्ने निश्चित छ।

अर्को छिमेकी चीनको संविधान कम्युनिष्ट प्रणालीसँगै स्थिर छ। पूर्वी एसियाको जापानमा दोस्रो विश्वयुद्धपछि अमेरिकी सेनाका प्रतिनिधि सम्मिलित टोलीले बनाएको संविधानले काम गरिरहेको छ। संसदीय प्रजातन्त्रको जननी मुलुक बेलायतमा लिखित संविधान नै छैन। काम गर्दै जाँदा त्यहाँ बने, बनाइएका लिखत र नजिरहरुको आधारमा कुनै दिनको विश्व शासक मुलुक बेलायत चलिरहेछ। हामी कहाँमात्र किन यति धेरै संविधानको 'लाइन' लगाइए पनि स्थिरता र समृद्धिको अपेक्षा अहिलेसम्म अधुरै छ त ? बीपीको भनाइमा- 'संविधान कागजको खोस्टो बन्छ यदि त्यसमा जनताको भावना स्पन्दित भएन भने।' जनताको भावना नै यसप्रति अपनत्वबोध वा आत्मीयताको कारक हो। विसं २०४७ सालको संविधानलाई विश्वकै राम्राम‍ध्येको भनियो। तर, चल्न पाएन। विसं २०७२ वा अहिलेको संविधानलाई पनि विश्वकै उत्कृष्ट भन्ने दावा राजनीतिक नेताहरुले गरेका हुन्। त्यसो भए किन आशंकाको कालो बादल मडारिएको छ त यो संविधानमाथि ?

कम्युनिस्ट प्रधानमन्त्री केपी ओली पुनःउपचारका लागि फेरि सिंगापुर जादैगर्दा सर्वदलीय (संसद्मा उपस्थित ठूला दलको) बैठक बोलाएर जे भने त्यसले आशंका बलियो बनायो। चर्चा थियो, सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगका पदाधिकारीको नियुक्ति। त्यसो भएन। तर, प्रधानमन्त्रीले बैठकमा भनेछन् - लोकतन्त्र, गणतन्त्र वा वर्तमान संवैधानिक व्यवस्थामाथि प्रहार गर्ने तत्त्व सलबलाएको छ, खतरा छ। सबै मिलेर तिनलाई परास्त गर्नुपर्छ। सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष, प्रधानमन्त्री ओलीको यस्तो भनाइमा दुई विषय मुखरित भए। पहिलो, संविधानको स्थिरतामाथि नै शंका वा संविधानप्रति बढ्दो प्रहार। दोस्रो, प्रधानमन्त्री ओलीको दुईतिहाइ दम्भले बिसौनी खोजेछ। यस विषयमा प्रमुख विपक्षी दल नेपाली काँग्रेसले सही टिप्पणी गर्दै संविधानमाथि प्रहार र खतरा सरकारकै काम र कारणले भएको भन्यो। किनभने, नागरिकको संविधानसँग लाभान्वित र भावनात्मक जोडाइको अनुभूति सरकारको कामले स्थापित गर्न सकेन।

मुलुकको सम्पूर्ण स्रोत, साधन र शक्ति खिचेर केन्द्रीकृत पार्ने सरकारले राज्ययन्त्रहरूमा कम्युनिस्टीकरण गर्न लाग्दा नागरिकको भावना संवैधानिक लोकतन्त्रप्रति नै निस्पृह हुँदैगएको हो। आगोमाथि घिउ अरु थपियो - जनभावनाको उपेक्षा र कार्यकर्ता पोस्ने स्वेच्छाचारी कर्मले। प्रधानमन्त्रीले आफ्नो यस कार्यावधिको निराशामात्रै होइन कि, प्रत्युत्पादक प्रस्तुति र तत्जन्य खतरालाई यसरी व्यक्त गरेको बुझिन्छ। दुईतिहाइको दम्भ त सुरुमै गर्नुहुन्थेन। यथार्थ बोधपछि त्यो टुट्नु स्वाभाविक थियो। तर, झन्डै डेढ वर्ष दम्भले नै सिध्यायो। अहिले प्रधानमन्त्रीमात्रैले होइन कि भाषण गर्दा कम्युनिस्ट सरकारका ओहोदाधारीले देश विकास र समृद्धिको प्राप्तिसँगै लोकतन्त्रको रक्षाका लागि सबैको सहयोग आवश्यक छ भन्न लागेका छन्। यही भावनाले चलेको र चल्ने हो भने धेरै समस्याको समाधान खोज्न सरकारलाई नै सजिलो पर्नेथियो। तर, भन्ने कुरामात्र बनाइएकाले सहयोग जुटाउन अहिले पनि यो सरकार असफल छ।

बितेको समयलाई 'आधार वर्ष' दलिल कम्युनिस्ट सरकारका प्रतिनिधिको छ। बनेका केही ऐन, कानुनलाई आफ्नो सफलताको मापन भनिएको छ। तर, प्रत्यक्ष जनसरोकारको ऐन, कानुन बन्ने प्रक्रियाका चर्चित विधेयकहरु सबै विवादास्पद छन्। सरोकारवालाको सम्बद्ध विधेयकप्रति तीव्र असन्तुष्टि दुनियाँलाई थाहै छ। शिक्षाको होस् वा विश्वविद्यालयको, प्रेसको होस् कि चिकित्सा शिक्षाको वा सूचना प्रविधिको। सुरक्षा परिषद् र मानवअधिकार सम्बन्धी, सबै सबै विधेयक संविधान र सरोकारवालाको भावनाविपरीत भनिएका छन्। संवैधानिक निकायहरुको स्वायत्ततामाथि अंकुश लगाउने सरकारी प्रयास सार्वजनिकरूपमै चर्चामा छ। केन्द्र, प्रदेश र स्थानीयवीच समन्वयसाथै सन्तुलन कायम रहनुपर्ने भए पनि प्रदेश र स्थानीय तहलाई संविधानको व्यवस्थाबमोजिम कार्यक्षेत्र दिन कन्जुस्याइँ गरिएको असन्तुष्टि सम्बद्ध उनीहरुकै हो। भरमार यी यस्ता उदाहरण हुन् जसले सरकार संविधान कार्यान्वयनमा चुकेको वा असफल रहेको बताउँछन्। यस्तो स्थिति कम्युनिस्ट सरकारको नियत हो कि नियति ? वा केन्द्रीकृत कम्युनिस्ट प्रणालीतर्फको प्रयत्न ?

सरकारको काम गराइ लोकतान्त्रिक मान्यता अनुकूल नरहेको निष्कर्षले पनि संविधानविपरीतको भावनालाई बढावा मिलेको छ। यस्तै मौकाको पखाईमा रहनेले त्यसमाथि मलजल गर्ने नै भए। यस्तो अवस्था बढ्न नदिन सरकारले आफ्नो कार्यशैली सच्याई लोकतन्त्र र संविधानको मान्यता अनुकूल चल्ने प्रयास तुरुन्तै गर्न आवश्यक छ। अर्को उपाय संविधानको आवश्यक संशोधन पनि हो। विश्वमा लामो टिकेका संविधानहरु संशोधन र परिमार्जनकै कारण हो। जनभावना, आवश्यकता र औचित्यको प्रस्टतासहित राष्ट्रहितको सापेक्षतामा अर्थात् संविधानको सान्दर्भिक संशोधन दिगो हुने उपाय हो। संशोधनको आँट र अवसरको कमीले नेपालमा संविधानको थुप्रो लागेको हो। निर्दलीय पञ्चायती संविधानको केही संशोधन भए। नागरिक स्वतन्त्रता र स्वायत्त राखिनुपर्ने राज्यका निकायहरूको हक कुण्ठित गर्न भएका ती संशोधनले पञ्चायत टिकाउन सकेन। नागरिकको सार्वभौम अधिकार खोस्ने संविधान र त्यही प्रकारको संशोधन टिकाउ उपाय होइन रहेछ भन्ने सिद्ध भयो। हाम्रोजस्तो भूराजनीतिक स्थितिमा संविधान संशोधनको मूल चुरो राष्ट्रियहित र लोकतान्त्रिक पथ नै हुनुपर्छ।

संविधान क्रियान्वयनको यस सन्दर्भमा पनि वर्तमान सरकार चुकेको छ। संशोधनको वाचा गरेर समाजवादी पार्टीलाई सरकारमा भिर्त्याइयो। उसको सत्तारोहण अपेक्षा त पूरा भयो तर वाचा अलपत्रै छ। यस्तै प्रलोभनले एकवर्षसम्म राजपाको समर्थन लिएको कम्युनिस्ट सरकारसँग दुईतिहाइ मत थियो, अहिले पनि करिब करिब छ। संशोधन गर्ने मत भएर पनि बाँकी सहमति जुटाउन नसक्नुले नेतृत्व असफल भन्ने बुझाउँछ वा संशोधनबाट संविधानलाई दिगो आधार दिने मनसुवा यो सरकारसँग छैन भन्ने लाग्छ। संशोधनको लागि नेपाली जनमत तयार बुझिन्छ। यो जनमतभित्र आआफ्ना स्वार्थ होलान्। तर, ती स्वार्थलाई राष्ट्रहित र लोकतन्त्र अनुकूल समायोजन गर्ने क्षमता त सरकारले राख्नुपर्ने हो। वर्तमान संविधानको निर्माण पूरा र घोषणा नेपाली काँग्रेस नेतृत्व (तत्कालीन प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति सुशील कोइरालाको पाला)मा भएको हो। काँग्रेसकै नेतृत्वमा पहिलो संशोधन र दोस्रो प्रस्ताव गरिएको ऐतिहासिक तथ्य छ। यसका लागि सहमति जुटाउन काँग्रेस सफल रह्यो। तर, त्यति संशोधनलाई आंशिक मानियो, पर्याप्त मानिएन। पर्याप्त त कुनै पनि बिरलै होला।

संशोधनका लागि प्रमुख प्रतिपक्ष नेपाली काँग्रेस तयार छ। संविधान संशोधनको आफ्नो मान्यता काँग्रेसले पुनः प्रस्ताव गरेको छ। यो प्रस्ताव संविधानलाई गतिशील र दिगो बनाउने उपाय स्वरुप नै हो। समय सन्दर्भले संशोधनको आवश्यकता बोध गराई रहला। त्यस्तै तराईमधेस र जनजातिले पनि संशोधनको माग गर्दै आएका छन्। व्यक्त यस्ता सबै भावनालाई समेटेर सहमति बनाउने दक्ष भूमिका सरकारले भने निर्वाह गर्नसकेको देखिँदैन। संशोधनका लागि सर्वपक्षीय सहमति पनि अनिवार्य आवश्यकता हो। सत्ताको तामझाम र 'रमाइलो जात्रा' को दुईतिहाइ आत्मरतिमै कम्युनिस्ट सरकार रनभुल्लजस्तो छ। दुईतिहाइ प्रत्युत्पादक काम गर्न हो र ? प्रजातन्त्र र संविधानप्रतिको उसको प्रतिबद्धता अहिलेको सरकारी कामले पुष्टि गर्दैनन्। कम्युनिस्ट सरकारमा त्यो प्रतिबद्धता छ भने व्यवहारबाटै पुष्टि गर्नुपर्ने खाँचो देखिएको छ। अन्यथा, संविधान कार्यान्वयलाई अहिलेजस्तो निरन्तर छल्दै जानुको कारणमा सरकारको सर्वसत्तावादी कम्युनिस्ट नियत रहेको आरोप लाग्ने नै छ।

# नेकपाका अमुक अरिंगाल

**डा. राजु अधिकारी**

हालै सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले आफ्ना कार्यकर्तालाई एउटा ऊर्दी जारी गऱ्यो ( 'दल र नेतृत्वप्रति कुनै पनि कार्यकर्ताले नकारात्मक टिप्पणी गर्न पाउने छैनन्।' लोकतान्त्रिक मूल्यमान्यतामा आधारित भएर देशकै सरकारको नेतृत्व गरिरहेको दलले नै कार्यकर्ताको वाक् स्वतन्त्रतामा अंकुश लगाउने ऊर्दी जारी गर्नु हास्यास्पदमात्रै हैन, लोकत्रन्त्रको उपहास पनि हो। विडम्बना, आफ्नो दल र नेतालाई कसैले अलिकति पनि दुर्वाच्य बोल्यो भने आकाशै घन्किने गरी ठूलो स्वरमा ऊमाथि जाइलाग्ने ती कार्यकर्ता अहिले आफ्नो आवाज बन्द गरिदिने त्यो ऊर्दी जारी हुँदा भने चुइक्कसमेत गरेका छैनन्।

सायद, नेकपाका नेताहरुलाई सरकारले काम गर्न नसकेकोले अब जनतामात्र हैन आफ्नै कार्यकर्ता पनि निराश भएका छन् र उनीहरु अब बोल्न थाल्नेछन् भन्ने पहिले नै थाहा थियो होला। त्यसैले ती सम्भावित विरोधका आवाजलाई दबाउन त्यसभन्दा पहिले नै उनीहरुमाथि अंकुश लगाउनु बेस हुन्छ भनेर नेतृत्वले त्यसो गरेको हुन सक्छ।

बोलुन् पनि कसरी विचरा, जो नेतृत्वका दास हुन्। राजतन्त्रका समर्थकले केही बोल्दा तिनलाई 'निरङ्कुश दासतामा बाँच्न चाहनेहरु' भनेर ठूलोठूलो स्वरमा आरोप लगाउनेहरुले अहिले वास्ताविक दासता थोपर्ने को रहेछ र वास्तविक दासतामा बस्न रुचाउने को रहेछ भनेर आफैँ प्रमाणित गरेर देखाएका छन्। स्वभावतः कम्युनिस्टहरु आफ्नो विरोध सहन सक्दैनन्। त्यसको मूल कारण हो- उनीहरु आफ्नो शाशन र कार्यशैलीमा आफैं विश्वस्त हुँदैनन्। उनीहरूलाई थाहा हुन्छ तिनको शासनमा जनता पिल्सिएका हुन्छन् र सत्ताको विरोधमा बोल्न चाहन्छन्। तर, कसैले विरोध सरु गरेमा त्यो विरोधको आगो अनियन्त्रितरूपमा फैलँदै जान्छ र आफ्नो सत्ता तथा शक्ति गुम्छ भनेर पहिले नै विरोधका स्वरलाई बन्द गरिदिएका हुन्छन्। त्यति गर्दा पनि कोही विरोधमा उत्रिहाल्यो भने तिनले विरोधीलाई गद्दारको आरोप लगाएर पन्छाउँछन्। त्यही काम अहिले नेकपामा हुन लागेको स्पष्टै देख्न सकिन्छ। नेतृत्वको कार्यकर्तालाई स्पष्ट सन्देश छ ( 'तिमीहरूलाई हाम्रो दास बनेर बस्न मन्जुर छ भने यहाँ तिमीहरुलाई स्वागत छ तर विरोधका आवाज निकाल्नेलाई यहाँ कुनै स्थान छैन।'

आफ्नो नेतृत्वले आफूलाई 'अरिंगाल' जस्तो छुद्र उपमा दिँदा पनि त्यसलाई शिरोधार्य गर्दै आफ्ना विरोधीमाथि अरिंगाल सरी नै जाइलाग्ने ती कार्यकर्ताको हैसियत आफ्नो दलभित्र चाहिँ झिंगा जत्तिको पनि रहेनछ भन्ने त्यस उर्दीले र त्यसपछि कार्यकर्ताको मौनले देखाएको छ। नेतृत्वले जे मन लाग्यो त्यही बोले पनि त्यसको बचावट गर्ने कार्यकर्ता आफ्नो मुखमा पट्टी लाग्दा कस्तो अनुभव गरेका होलान् ? आफूले कहिले उखान टुक्का, कहिले हावादारी कुरा, कहिले विपक्षीलाई तुच्छ शब्द प्रयोग गर्ने तर कार्यकर्तालाई चाहिँ नराम्रो कामको विरोधमा बोल्नसमेत अंकुश लगाउने कस्तो निरंकुशता हो ?

देशमा लोकतन्त्र स्थापना गर्न योगदान दिने नेकपाका ती लाखौं कार्यकर्ता अहिले दयाका पात्र बनेका छन्। के के न पाउँलाजस्तो गरेर ज्यानको बाजी लगाएर आन्दोलनमा होमिएका ती कार्यकर्ता अहिले नेतृत्वले जे गरे पनि अमुक बस्न बाध्य हुनको लागि हो ? कार्यकर्ताले गम्भीर भएर सोच्नुपर्ने बेला भएको छ। नेकपाका ती अमुक कार्यकर्तालाई प्रश्न छ ( तपाईंहरू नेतृत्वको अरिंगालमात्र भएर त्यही तानाशाही नेतृत्वको गुनगानमात्र गाउँदै बस्नु हुन्छ कि देश र जनता अनि आफ्नै स्वतन्त्रताको लागि पनि अन्याय, अत्याचार र कुशासनविरुद्ध आवाज उठाउने आँट गर्नुहुन्छ ? छातीमा हात राखेर नेपाल आमाको कसम खाएर भन्नुस् त ( के नेकपाको सरकारले जति गर्नुपर्थ्यो, जति गर्न सक्थ्यो त्यसको २५ प्रतिशत काम पनि गरेको छ ? के तपाईंहरुले गर्नुभएको अपेक्षा पूरा गर्नेतिर नेतृत्वले कदम चालेको देखिन्छ ? के जनता तपाईंहरुको दल र नेताहरुको शासनबाट खुसी र सन्तुष्ट छन् ? के संसद्मा दुई तिहाइ बहुमत पाएको बलियो सरकारले देखाउने पारा यही हो ? के देशमा भ्रष्टाचार पहिलेभन्दा झन् मौलाएको छैन ? नेताहरू त काठमाडौंमा बसेर अरु तीन वर्ष मोज गर्लान्, जनताको अगाडि गएर सरकारले गरेको कुकर्मको गाथा सुन्ने र जनताको गाली खाने त तपाईंहरुले नै हो। अब तपाईंहरु आफैँ सोच्नुस् त्यस्तो भ्रस्टाचार, अन्याय र अत्याचारको पर्याय भइसकेको सरकारको र त्यसको नेतृत्व गर्ने दल एवं त्यसका नेताको विरोधमा तपाईंहरु पनि बोल्नु पर्ने कि नपर्ने ?

'सियो चोर्नेले फाली चोर्छ, फाली चोर्नेले घर फोर्छ' भने झैं आज आफ्ना कार्यकर्ताको मुखमा पट्टी लगाउन आदेश दिन सक्नेहरूले भोलि सम्पूर्ण जनतालाई पनि यस्तै आदेश दिँदैनन् भन्ने के आधार छ र ? त्यसै पनि विभिन्न तरिका अपनाएर जनताको वाक् स्वतन्त्रतामाथि समय समयमा प्रहार हुँदै आई नै रहेको छ। त्यसैले यो लोकतन्त्रको उपहास र तानाशाही प्रवृत्ति विरुद्ध नेकपाका अरिंगालहरू मौन रहे पनि, उनीहरुले नेतृत्वको अलोकतान्त्रिक र तानाशाही कदमको विरोधमा बोल्ने आँट नगरे पनि उनीहरूलगायत सम्पूर्ण नेपालीको हितका लागि सबैले समयमै यस प्रवृत्तिको विरोधमा आवाज उठाउन जरुरी छ।

# नेपालमा पर्न सक्ने विश्व आर्थिक मन्दीको प्रभाव

लक्ष्मी विलास कोइराला

अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकका सर्भेहरुले समग्र विश्व अर्थतन्त्रमा संकुचनका संकेतहरु देखा पर्न थालेको देखाएका छन् । विश्वको आर्थिक बृद्धिदर ओरालो लाग्न थालेको छ । अर्थविज्ञहरुले विश्वमा छरआठ महिनाभित्र मन्दीको प्रवेश हुने अनुमान गरेका छन् । विश्व परिवेशमा नेपालको अर्थतन्त्रको एउटा पाटोलाई मूल्यांकनगर्दा हाम्रा मुख्य आर्थिक सूचकहरु अहिलेसम्म मजवुत देखिन्छन् । आर्थिक बृद्धिदर लगभग सात दशमलव एक प्रतिशतको हाराहारीमा भएको छ । क्षेत्रगतरुपमा कृषि उद्योग व्यापार र सेवा क्षेत्र तथा भौगोलिकरुपमा सवै प्रदेशको आर्थिक बृद्धिदर सन्तुलित छ । वित्तीय क्षेत्र स्थायित्वका सूचकहरु समग्रमा सवल रहेका छन् । बैंकहरु नाफामा छन् । सरकारको खर्च गर्ने क्षमता बढेको छ । विदेशी सहायताको प्रतिबद्धता बढेको छ । मुद्रास्फिति नियन्त्रणभित्र छ । बैंक तथा वित्तीय संस्थाहरुको देशव्यापी विस्तारले जनताको वित्तीय पहुँच र अर्थतन्त्रको मौद्रीककरण दुबै बढेको छ । वित्तीय वजार र आर्थिक गतिविधि स्थानीयतहसम्म पुगेका छन् । ग्रामीण वस्तु साटासाट र शहरको मौद्रिक अर्थतन्त्रबीचको अन्तर घट्दै दुई किसिमको अर्थतन्त्रको आकार पनि साँघुरिएको छ । देश समृद्धिको आधार वर्षबाट विकास वर्षको चरणमा प्रवेश गरेको छ । बैंकहरुको निक्षेप बढेको छ र निक्षेपको व्याजदर पनि स्थिर छ । बचतको तुलनामा लगानी उच्च रहेको छ । कर्जाको व्याजदर घट्दो क्रममा रहेको र लगानीका अवसरहरु पनि देखिएकाले निजी लगानीको लागि बैंक ऋणको माग बढिरहेको छ ।

फलस्वरुप कर्जा प्रवाह बढेको भए पनि मुद्रा प्रदाय उपयुक्तस्तरमा रहेको छ । रोजगारीको अभावमा युवा जनसंख्याको ठुलो हिस्सा विदेशमा रोजगारीका लागि जाने क्रम जारी छ । बैदेशिक रोजगारीमा जानेहरुले पठाएको विप्रेषणको कुल ग्राहस्थ्य उत्पादनमा झण्डै २५ प्रतिशत योगदान छ । करिब आठ महिनाको आयात धान्न सक्ने विदेशी विनिमय सञ्चिति छ । पर्यटकको आवागमन पनि सन्तोषप्रद रुपमा बढेको छ । अर्थव्यवस्थामा देखिएको वर्तमान स्थितिलाई हेर्दा अहिले नै मन्दीको सम्भावना नभए पनि विश्वव्यापी अर्थतन्त्रमा देखिएको मन्दीउन्मुख लक्षणहरुलाई वेवास्ता गरेर बस्न भने मिल्दैन । अर्थतन्त्रको दोस्रो पाटो हेर्दा भने विकास कार्यका लागि पूँजीगत खर्च गर्ने क्षमतामा सुधार आएको छैन । विनियोजित बजेटको ठूलो हिस्सा बर्षेनी फ्रिज हुँदै आएकोछ । कर्मचारीतन्त्रलाई समायोजनको पिरलोले छोडेको छैन । वैदेशिक लगानी अपेक्षित रुपमा आउन सकेको छैन । लगानी वातावरण भनेजस्तो बन्न सकेको छैन । डुईङ विजनेसमा हाम्रो ¹यांक ११० औं स्थानमा छ । शेयर बजारमा अत्यधिक अस्थिरता देखिएको छ । मौद्रिक नीतिले बचत र लगानीबीचको व्याजदर फरकलाई निश्चित दिशा दिन सकेको छैन । बैंकको तरलता पनि स्थिर छैन । बैदेशिक सहायतामा ऋणको भार थपिँदै गएको छ । बैदेशिक व्यापार घाटा उच्च छ । नेपालमा भएको सार्वजनिक निजी लगानीले बर्षेनी श्रम बजारमा आउने जनसंख्यालाई रोजगार दिन नसकेका कारण बेरोजगारीको दर ११.४ प्रतिशत रहेको छ । लगानी बढेअनुरुप रोजगारी सिर्जना भएको छैन वा सिर्जना भएको रोजगारीमा अरु नै कोही कार्यरत छन्, अन्योल छ ।

बेरोजगारी समस्याले मन्दीलाई निम्त्याउँछ । वैदेशिक रोजगारको अवसर साँघुरिँदै गएको छ । रेमिटान्सको आकार बर्षेनी साँघुरिँदै गएको छ । समग्रमा नेपालको अर्थतन्त्र पनि अन्तराष्ट्रिय अर्थतन्त्रसँग गाँसिएको कारण मन्दीको जोखिम उच्च नै रहेको छ । विश्वव्यापीकरण र उदारवादको ठाउँमा संरक्षणवाद पुनरुत्थानको छनकपछि उदार अर्थतन्त्रमा नकारात्मक बादल मडारिन थालेको हो । अमेरिका र चीनबीचको व्यापार युद्ध र सो व्यापार युद्ध हङकङमा मच्चिएको जनआन्दोलनसँग टाँसिन पुगेपछि विवाद छिट्टै टुङ्गिनेवाला देखिँदैन । चीन र अमेरिकाको व्यापार किचलोको प्रभाव ती दुई देशमा मात्र सीमित हुँदैन । जर्मनको अर्थतन्त्र चीनको बजारमा बीएमडब्लु, भक्सवागन, डयामलर जर्मनी कारको बिक्री घट्नासाथ जर्मन अर्थतन्त्र संकुचनतर्फ ओर्लिसकेको छ । जर्मन अर्थतन्त्रको संकुचन र ब्रेजिक्टको अनिश्चितताले मन्दीको लक्षण विस्तारै युरेपियन देशहरुमा पनि फैलँदै गएको छ । अमेरिकाले चिनियाँ उपभोग्य वस्तुहरुमा भन्सार कर बढाएपछि अमेरिकन बजारमा उपभोग्य वस्तुहरु महङ्गा भएका छन् । अमेरिकन उपभोक्ताहरु वस्तुको मूल्यवृद्धि भएका कारण उपभोग घटाउन बाध्य छन् । चीनमा अमेरिकन पूँजीगत वस्तु (जहाज) को माग घटेको कारण अमेरिकामा ती वस्तुको उत्पादन घटन शुरु भएको छ । अमेरिकाको चीनमा हुने निर्यातसँगै चीनको अमेरिकामा हुने निर्यात पनि घटेको छ । एशियन दुई अर्थतन्त्र जापान र कोरियाबीचको व्यापार झगडा पनि सङ्लिन सकेको छैन । जापानले दक्षिण कोरियामा निर्यात हुने विद्युतीय उपकरणको उत्पादनमा प्रयोग हुने सेमि कन्डक्टरमा लाग्ने फलुरिनेटेड पोलिमेड्स र हाईड्रो ल्कोराईडमा रोक लगाएपछि दुईदेशबीच व्यापार विवाद बढेको मात्रै होइन, जापानी उपभोग्य वस्तुको दक्षिण कोरियाली नागरिकले बहिस्कारसमेत गरेका छन् । वस्तुको आयात निर्यात निवार्ध हुनुपर्नेमा बाधाहरु आएपछि वस्तु उत्पादनमा ह्रास आउनु स्वाभाविक हो । यसैगरी, भारत र पाकिस्तानबीच कास्मिरको विषयमा देखापरेको विवादले पनि संकुचनउन्मुख अर्थतन्त्रमा घ्यू थप्ने काम गरेको छ । भारत आफ्ना आर्थिक सूचकहरु गम्भीर भएर हेरिरहेको छ ।

अर्थतन्त्रमा उतार चढाव आउनु स्वाभाविक घटना हो । अर्थतन्त्रमा मन्दी र स्फितिको अवस्था आइरहन्छ । आर्थिक गतिविधमा आउने सिथिलताको पूर्वानुमान गर्दै सिथिलता संरचनात्मक हो या चक्रीय हो जानकारी लिनुपर्छ । संरचनात्मक हो भने आर्थिक सुधार कार्यक्रमहरु ल्याउनुपर्छ र चक्रीय सिथिलता भएमा समस्त माग व्यवस्थापन गर्नु पर्छ । प्रसिद्ध अर्थशास्त्री किन्सअनुसार अर्थतन्त्रलाई स्थिर राख्न र समस्त माँग व्यवस्थापन गर्न मौद्रिक नीति र वित्तीय नीतिको सन्तुलित एवं एकअर्कालाई सहयोग पुग्ने गरी कार्यान्वयनमा ल्याउनुपर्छ । मन्दीको समयमा अर्थतन्त्रको सन्तुलन बिग्रने र समस्त माग घट्ने हुन्छ । यस समयमा मौद्रिक र वित्तीय नीति समस्त माग व्यवस्थापनमा केन्द्रित हुनुपर्छ । मन्दीमा उत्पादनका साधनहरुको न्यून उपयोग हुन्छ भने स्फितिको समयमा बढी । परंपरावादी अर्थशास्त्रीहरु स्फिति र मन्दी स्वचालित संयन्त्रले सच्याउने विश्वास गर्थे । अर्थतन्त्रका उतारचढावलाई स्वचालित संयन्त्रहरुले सच्याउन नसकेपछि सरकारको हस्तक्षेप आवश्यक मानियो ।

अर्थतन्त्रलाई विश्वसनीय राख्न सरकारको संलग्नता स्वीकार्य हुन पुगेपछि सरकारले वित्तीय नीति र मौद्रिक मार्फत अर्थतन्त्रलाई स्थीर, सन्तुलित बनाउने गर्दछ । वित्तीय नीतिले खर्च र कर नीतिमा परिवर्तन गरेर तथा मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरुमा आवश्यक तरलता व्यवस्था गरेर देशको अर्थतन्त्रको समस्त माँग (एग्रिगेट डिमाण्ड) लाई प्रभावित गर्दछ । यसकारण वित्तीय नीति र मौद्रिक नीतिलाई समस्त माँग व्यवस्थापन नीति पनि भनिन्छ । सार्वजनिक खर्च बद्धि र कर कटौति वित्तीय नीतिका उपकरण हुन् भने खुला बजार कारोवार, बैंकदर तथा अनिवार्य बचत अनुपात मौद्रिक नीतिका उपकरणहरु हुन् । वित्तीय नीति र मौद्रिक नीतिका उपकरणहरुको कार्यान्वियनबाट अर्थतन्त्रमा समस्त माँग बृद्धि गरी स्थायित्व कायम गर्ने कोशिस गरिएको हुन्छ । मन्दीको समयमा सरकार जानी जानी सरकारी खर्च बढाउने र कर दरमा परिवर्तन गरी खर्च उपभोक्ताको उपभोग्य आय बढाउने कार्य गर्दछ । मन्दी व्यवस्थापन र वेरोजगारीको समस्या समाधान गर्न ल्याएको विस्तारकारी खर्च नीति घाटा बजेट हो । सरकारी खर्चको विस्तारले अर्थतन्त्रमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पार्ने गर्दछ । खर्च बृद्धिले प्रत्यक्षरुपमा सार्वजनिक कार्यहरु बृद्धि हुन्छन् । रोजगारीका अवसरहरु बढछन् । मान्छेहरुले काम पाउँछन् । आय बढ्छ । कर कटौति गरेको कारण उपभोग्य आय बढ्छ ।

आयको कारण बजारमा वस्तुसेवाको माग बढछ । सीमान्त उपभोग प्रवृति उच्च हुन्छ । बस्तुसेवाको माँग बढन थालेपछि नीजि क्षेत्र लगानी गर्न उत्सुक हुन्छ र बैंकहरु पनि ऋण प्रवाह गर्न अग्रसर हुन्छन् । लगानीलाई बढाउन केन्द्रीय बैंकले मौद्रिक नीतिको मार्फत लगानी बढाउन बैंकमा तरलता कम हुन दिँदैन । बजारमा देखिएको चहल-पहलले उत्पादन र रोजगारीलाई बढाउँछ, आय बढ्छ, लगानी बढ्छ र अर्थतन्त्रमा गुणोत्तर प्रभाव आएको कारण अर्थतन्त्र विस्तारै स्फितितर्फ उन्मुख हुन्छ । भारतमा अटो विक्रिमा र चीनमा उपभोग्य बस्तु बिक्रीमा आएको हसले अर्थतन्त्र मन्दीउन्मुख भएको लख काटदै चिनीया अर्थमन्त्री लिग कुन र भारतीय अर्थमन्त्री सीतारमणले मन्दी व्यवस्थापनमा निकै चासो राखिरहेको देखिन्छ । भारत र चीनमा आर्थिक मन्दीको छनक आईसकेको छ । हाम्रो अर्थतन्त्रमा मन्दीको तत्काल संभावना नभए पनि विश्व तथा छिमेकी देशमा आएको मन्दीको प्रभाव ढीलोचाँडो कुनै न कुनै रुपमा पर्ने नै हुन्छ । त्यसका लागि आर्थिक सावधानी आवश्यक छ । जब विश्व अर्थतन्त्र मन्दीमा जान्छ, तब विश्वमा उत्पादन र रोजगारीमा व्यापक कटौति हुन्छ । त्यसले एकातर्फ विदा मनाउन नेपाल आउने पर्यटकको आवागमन ठाडै घट्न जान्छ भने अर्कोतर्फ विदेशमा काम गर्न जाने नेपाली कामदारको रोजगारी कटौति भई रेमिटान्सको प्राप्ति पनि घट्न थाल्छ । निर्यात घट्छ । वैदेशिक लगानी घटछ । बैदेशिक सहयोग घटछ । लगानी गर्न सरकारसँग पर्याप्त आम्दानी हुँदैन ।

परिणामस्वरुप, समग्र अर्थतन्त्र गम्भिर मोडमा पुग्छ । समृद्ध नेपाल र सुखी नेपालीको उद्देश्य हासिल गर्न अर्थतन्त्रमा स्थायित्व आवश्यक हुन्छ । अर्थतन्त्रमा विश्वमन्दीको प्रभाव आउनु पूर्व मन्दी व्यवस्थापनका लागि केही अपनाउन सकिने केही सम्भाव्य उपायहरु तल प्रस्तुत गरिएको छ ।

- सरकार, कर्पोरेशन कम्पनी तथा व्यक्तिको आर्थिक क्रियाकलापहरु अनुशासित र व्यवस्थित बनाउने,
- अर्थतन्त्रमा समस्त माँगमा आएको परिवर्तनको सुक्ष्म अध्ययन गर्दै कमजोरीहरु सच्याउदै जाने,
- सरकारी खर्च गर्ने क्षमता सरकारी र खर्च बढाउने,
- करदरमा कटौति गरी उपभोग्य आय बढाउने,
- जनतालाई सामाजिक दायित्व पुरा गर्न ट्रान्सफर अफ पेमेन्ट भुक्तानी ठीक समयमा गर्ने,
- उच्च मूल्य भएका वस्तुहरुको निर्यात बढाउने,
- लगानी वातावरण वनाई स्वदेशी नीजि र विदेशी लगानीलाई आर्कषित गर्ने,
- पर्यटक आवागमनलाई आर्कषक, विश्वसनीय एवं सरल बनाउने,
- रोजगारीका अवसरहरु बढाउने,
- केन्द्रीय बैंक र बाणिज्य बैंकहरुबीच धितोपत्रका किनबेच हुने खुला बजार कारोवारलाई सञ्चालन गर्ने,
- बाणिज्य बैंकहरुसँग केन्द्रीय बैंकले लिने बैंकदर व्यवस्थापन गर्ने,
- जम्मा र ऋणप्रवाहबीचको अनिवार्य बचत अनुपात व्यवस्थापन गर्ने,
- ऋण प्रवाह अनुकुल व्याजदर कायम गर्ने,
- फजूल खर्च नियन्त्रण गर्ने,
- बैंकहरुले स्थिर सम्पति घरजग्गामाथि गर्ने लगानी नियन्त्रण गर्ने,
- बैंकहरुको खराव कर्जालाई स्यानेजेवल सीमाभित्र राख्ने,
- बैंक तथा वित्तीय संस्थाहरुको बैकिङ क्षमता (बचत परिचालन र ऋणप्रवाह) बढाउन बैंक तथा वित्तीय संस्थाहरुलाई एकआपसमा गाभ्ने,
- बैंक तथा वित्तीय संस्थााहरुको खराव कर्जा नियन्त्रण गर्ने,
- योजनाबद्ध लगानीलाई प्रोत्साहित गर्ने,
- मन्दीको व्यवस्थापनको लागि आकस्मिक कोषको व्यवस्था गर्ने, र
- अर्थ मन्त्रालयमा एउटा विश्व आर्थिक गतिविधि अनुगमन टीम बनाउने ।

अन्तमा, अर्थतन्त्र उपभोक्ताद्धारा सञ्चालित हुन्छ । उपभोक्ताको खर्च मूलतः आय, सम्पति, व्याजदर तथा आय तथा सम्पतिमाथि भविष्यमा आउने जोखिमको अनुमानले निर्धारण गर्नुपर्छ । मन्दीको समयमा कामदार कर्मचारीको रोजगारी कटौति हुन्छ । रोजगारी कटौति तथा मन्दीको भयले उपभोक्ता आफनो खर्चलाई घटाउन थाल्दछन् । उपभोक्ताले खर्च कम गर्नु भनेको अर्थतन्त्रमा मन्दी आउनुको प्रमुख लक्षण हो । मन्दी व्यवस्थापन गर्ने सरकारको प्रमुख भूमिका रहन्छ भने उपभोक्ताको खर्च बढाउनु अनिवार्य मानिन्छ । हाम्रो आफ्नै आर्थिक सूचक मजवूत हुँदाहुँदै पनि विश्व मन्दीका प्रभावहरु हामीसम्म आइपुग्छन् । मन्दीले अर्थतन्त्रको क्रियाशीलतालाई सिथिल बनाउने वा आर्थिक बृद्धिलाई रोकिदिने भएकाले विश्वव्यापी मन्दीको प्रभावले छोप्नु पूर्व मन्दी व्यवस्थापनका लागि सरकारले समयमा नै वित्तीय नीति र मौद्रिक नीतिलाई अनुकुल बनाउने तत्परता र सावधानी देखाउन आवश्यक हुन्छ ।

### आर्थिक मन्दी : व्यापारको चक्र, अर्थतन्त्रको संकुचन

आर्थिक मन्दी भनेको व्यापार चक्रको एउटा चरण हो, अर्थतन्त्रको संकुचन हो । जहाँ वस्तुको उत्पादन र विक्री घट्छ । रोजगारी घट्छ । उपभोक्ताको आय घटछ । उपभोग घटछ । बचत घट्छ र लगानी पनि घट्छ । अर्थतन्त्रमा आउने यसप्रकारको चक्रीय अवस्थालाई मन्दी भनिन्छ । मन्दीमा कुल ग्रार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, उपभोग, मुद्रास्फिति, लगानी र नाफा सबै घट्छन् । बजारमा वस्तुसेवाको माग कम हुनासाथ उत्पादकहरुले उत्पादनमा ¹यासनिङ गर्न थाल्दछन् । वस्तुको उत्पादन घटाउने निर्णय साथसाथै उद्यमीहरु कारखनाका अस्थायी कामदार कर्मचारीहरुलाई पनि कामबाट हटाउन थाल्छन् । श्रम बजारमा वेरोजगारहरुको भीड बढ्छ । उत्पादन कटौति रोजगारीमा कटौती, आम्दानी कटौतीले गर्दा उपभोक्ता खर्च घटाउन बाध्य हुन्छन् । अर्थतन्त्रप्रति विश्वास उपभोक्ताको विश्वास छ भने धेरै खर्च गर्छन् र विश्वास नभए खर्च नियन्त्रण गर्न थाल्छन् । अहिले उपभोक्ताको क्रयशक्तिमा ह्रास आएकाले विश्व बजारमा उपभोक्ता खर्च कम हुँदै जाने क्रम शुरु भएको छ ।

उपभोक्ताको आय कम हुनासाथ बजारमा वस्तुसेवाको मागमा कमी आउँछ र औद्योगिक उत्पादन र व्यापार व्यवसाय दुबै संकुचन हुन थाल्छ । उद्योग व्यापारको संकुचन हुनासाथ कर्पोरेशनहरुको आम्दानी घट्छ । खर्च जोगाउन कर्पोरेशनहरुलाई तत्काल शिरोभार लागत घटाउन सम्भव नहुने कारण सञ्चालन लागत कम गर्न थाल्छन् । उत्पादित वस्तु विक्री नभएपछि कर्पोरेशनहरु बैंकबाट लिएको ऋण भुक्तानी गर्न असमर्थ हुन्छन् । कर्पोरेशनहरुको बिग्रँदो आर्थिक अवस्थामा उनीहरुको शेयर मूल्य पनि कम हुन थाल्छ । बैंकहरु पनि कर्पोरेशनमा थप ऋण लगानी गर्न अग्रसर हुदैनन् । कर्पोरेशनहरुसँग लगानी गर्ने क्षमता पनि हुँदैन । उत्पादन झन झन घटन थाल्छ र सँगसँगै रोजगारी कटौती पनि बढदै जान्छ । उद्योगको उत्पादन विक्री नभएर थुप्रिएर बस्छ । निजी लगानी घट्छ । निजी लगानी घट्नु भनेको निजी क्षेत्रमा लगानीबाट नाफा कम हुनु वा हुँदै नहुनु हो । लगानीको सीमान्त प्रभावकारिता घटदो हुन्छ र समस्त माग बक्र नै दाहिनेतर्फ झुक्छ । बजारमा वस्तुसेवाको क्रय-विक्रयमा सिथिलता आउनु र अर्थतन्त्रमा समस्त माग घटनु भनेको अर्थतन्त्र मन्दीतर्फ लाग्नु हो ।

अर्थतन्त्रले राम्रोसँग काम गरिरहेको समयमा लगानीकर्ताहरु ऋण माग गर्छन् र बैंकहरु पनि निर्धक्क लगानी गरिरहेका हुन्छन् । उपभोक्ताहरुले पनि रोजगारी पाइरहेका कारण निर्धक्क खर्च गर्छन् । लगानी विस्तारका लागि ऋणको माग झन-झन बढेको हुन्छ । बैंकहरु पनि लगानी बढाउन हौसिन्छन् । लगानीको प्रतिफल राम्रो भैरहेको अवस्थामा बैंकहरु घरजग्गा जस्तो लामो अवधिको लगानी र जोखिमपूर्ण क्षेत्रमा पनि लगानी गर्न पुग्छन् । तर, बस्तु र सेवाको अत्यधिक उत्पादन भैरहेको समयमा बैंकहरुसँग लगानी विस्तार गर्न पर्याप्त तरलता हुँदैन । लगानी विस्तारका लागि ऋण सुविधाको अभावमा कर्पोरेशनहरु लगानी घटाउन बाध्य हुन्छन् । कामदारले रोजगारी गुमाउँछन् । बजारमा वस्तुको माग र विक्री घट्न थाल्छ । आम्दानीमा कमी भएकाले कर्पोरेशनहरु बैंक तथा वित्तीय संस्थाको ऋण समयमा फिर्ता गर्न सक्दैनन् । उनीहरु कमजोर वस्तु धितो राखेर लिएको ऋण तिर्न चासो पनि दिँदैनन् जस्लेगर्दा बैंकमा नगद शुन्य बरावर हुन जान्छ । अर्थतन्त्रमा गडबडी देखिनासाथ विदेशी लगानीकर्ताहरु आफ्नो लगानी फिर्ता लैजान खोज्छन् । बैंक तथा वित्तीय संस्थाहरुमा तरलता (लिक्विडिटी) को अभाव हुन जान्छ । यसै समयमा बचतकर्ताहरु बैंकमा पैसा झिक्न जान्छन् । एकाएक धेरै बचतकर्ताहरु डिपोजिट झिक्न जाँदा तरलताको अभावमा बैंकहरु भुक्तानी दिन असमर्थ हुन्छन् । सञ्चयकर्तामा पाइने मनोवैज्ञानिक सिड्रोमका कारण सबै बैकप्रति उनीहरुको विश्वास घटछ र बैंक डुब्ने डरले जम्मा झिक्नेको होड चल्छ । बैंकहरु तत्काल भुक्तानी दिन सक्दैनन् । बैंक तथा वित्तीय संस्थाहरुले जम्माकर्ताहरुलाई जम्मा फिर्ता गर्न नसक्नु भनेको वित्तीय संकट ( फाइनासियल क्राईसिस) को संकेत हो । वित्तीय संकट मन्दीको परिचायक हो ।

अनलाइनखबरबाट


## शैक्षिक परामर्शका लागि

विदेशमा अध्ययन गर्न जान होस् वा स्वदेशमा, शैक्षिक परामर्शका लागि हामीलाई सम्झनु होस् ।

**शब्द कन्सल्टेन्सी एण्ड अब्रोड स्टडी प्रा.लि.**

बागबजार, काठमाडौं

## निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस् ।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ । त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं ।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

सम्पर्क :

**प्रविधि कन्स्ट्रक्सन प्रा.लि.**

काठमाडौं - ११, काठमाडौं

नयाँ विमर्श साप्ताहिक
Naya Bimarsha National Weekly



# ओली सरकारले गर्‍यो आन्दोलनको अपमान

**डा. डिला संग्रौला**

सबैजसो आन्दोलन निश्चित उद्देश्य र गन्तव्य बोकेर संचालन गरिएका हुन्छन् । जनताले गरेको आन्दोलनबाट नै विश्वमा ठूला परिवर्तन भएका देखिन्छन् । छिमेकी देश भारतको स्वतन्त्रता संग्राम वा चीनको राज्यक्रान्ति स्वतन्त्रता र अधिकार प्राप्तिका लागि भएका थिए । नेपालमा पनि थुप्रै आन्दोलनहरू भए । विसं २००७ सालको जनक्रान्तिले १०४ वर्षे जहानिया राणा शासनको अन्त्य गरी जनतालाई रैतीबाट नागरिक बनायो भने २०४६ सालको जनआन्दोलनले ३० वर्षे पंचायती शासनको अन्त्य गरेर राजालाई संविधानभित्र राख्यो । विसं २०६२-०६३ को जनआन्दोलनले २३७ वर्षे राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गर्नुका साथै सिंहदरबारको अधिकार गाउँगाउँ पुर्‍यायो । यी सबै जनआन्दोलनमा धेरै नेपाली जनताले जीवन उत्सर्ग गरेका थिए र धेरैले देशको विकास र समृद्धिका लागि रगत बगाएका थिए । तर, आज प्रधानमन्त्री केपी ओलीको सरकारले भ्रष्टाचार, कालाबजारी, दलाली, बिषादी, बलात्कार, महँगी, दोहोरो तेहोरो कर बढाएर जनताको रगतको अपमान गरिरहेको छ । यसभन्दा ठूलो चुनौती प्रजातन्त्र र राष्ट्रको लागि के हुन सक्छ ? जनताले गरेको प्रजातान्त्रिक आन्दोलन र जनताको अपमान गर्ने तथा राष्ट्रलाई कमजोर बनाउने अधिकार कसैलाई पनि हुँदैन । तर, आज जनताले गरेको आन्दोलनको अवमूल्यन भएको छ ।

नेपालको लोकतन्त्र, मानवअधिकार र जनप्रतिनिधिमूलक शासन पद्धति पटकपटक दक्षिणपन्थी अतिवाद र वामपन्थी उग्रताको आक्रमणबाट जोखिममा पर्दैआएको छ । आज फेरि तत्कालीन माओवादी र एमाले नामका कम्युनिस्ट पार्टी मिली नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सरकार बनाएका छन् जसको नेतृत्व केपी ओलीले गरिरहेका छन् । संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीमा नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाई सिंहदरबारको अधिकार घरघरमा पुर्‍याउनु पहिलो दायित्व हो । यसैले यसलाई पुनर्जागरणको नयाँ युग पनि भनिन्छ । तर, सरकारको शैली, काम कारबाही भने अपारदर्शी, अनियमित र भ्रष्टाचारमा लिप्त देखिन्छ । सुशासनको जगमा मात्र राष्ट्रलाई समृद्ध बनाउन सकिन्छ । परन्तु, सरकार आफैँ संस्थागत भ्रष्टाचारमा व्यस्त छ । प्रधानमन्त्रीले भ्रष्टाचारलाई शून्य शहनशीलतामा पुर्‍याउने भने पनि ३३ किलो सुनकाण्डदेखि वाइडवडी विमान खरिद, मेलम्ची खानेपानीसम्म आइपुग्दा जताततै भ्रष्टाचार व्याप्त भएको देखिन्छ । बालुवाटार ललितानिवासको जग्गा हडप्नेदेखि सत्तारुढ नेकपा कम्युनिस्ट पार्टी (नेकपा)को केन्द्रीय कार्यालय रहेको धुम्वाराहीको जग्गाका साथै थुप्रै सार्वजनिक जग्गामा जग्गा दलालहरूले हालीमुहाली गरेका छन् । तर, सरकार तमासे भएको छ । दलालीलाई कारबाही गर्ने मनसाय नै देखिँदैन ।

छिमेकी मुलुकबाट आउने तरकारी र फलफूलमा विषादी जाँच गर्न रोकेर नेपाली जनतालाई विष सेवन गर्न बाध्य बनाइएको छ । भारतीय दूतावासबाट पत्र आएपछि विषादी परीक्षण गर्ने निर्णय फिर्ता लिएर केपी ओली सरकारले राष्ट्रिय स्वाभिमानमा चोट लगाएको छ । सरकारको दायित्व जनताको जिउधनको सुरक्षा गर्ने, मान्छेको बाँच्न पाउने अधिकारको संरक्षण गर्ने हो । तर, हत्या हिंसा बलात्कारका घटना भइरहेका छन् । सरकार जिम्मेवार हुन सकेको छैन ।

निर्मला पन्तले एक वर्ष बितिसक्दा पनि न्याय पाउन सकेकी छैनन् भने हजारौ निर्मलाहरु अझै बलात्कृत हुने जोखिममा छन् । नेपाली जनता दोहोरो तेहोरो करको मारमा छन् । जनताको आर्जन बढ्न सकेको छैन । महँगीले ढाड सेकेको छ । दैनिक उपभोग्य वस्तुदेखि पेट्रोलियम पदार्थको मूल्यसमेत बढेको छ । सिंहदरबारको कुर्सीमा बसेर देशको नक्सा कोर्दैमा जनताको आयस्तर र अनुहार बदलिँदैन । सरकारले भ्रष्टाचारकै आडमा राज्य संयन्त्रको प्रयोग गरेर राज्यका सबै अंगलाई कब्जा गर्ने नीति लिएको छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका नियन्त्रणमा छन् । राजनीतिक नियुक्तिमा पनि यस्तै गन्ध पाइन्छ । न्यायाधीश नियुक्तिमा अपनाइने अभ्यासले गर्दा स्वतन्त्र न्यायपालिका पनि प्रधानमन्त्रीकै कब्जामा गइसकेको देखिन्छ । कार्यपालिकाको शक्तिको आडमा, व्यवस्थापिकामाथि ठाडो हस्तक्षेप गरिँदा संसदीय सर्वोच्चता र मूल्यमान्यतामा ह्रास हुन पुगेको छ । यसरी सबैतिर कार्यपालिकाले हस्तक्षेप गर्दा स्वार्थ समूहको पकड बलियो भएको देखिन्छ ।

राज्यलाई ठेकेदारहरुले कब्जामा लिएका छन् । मुलुकमा सबै क्षेत्रमा चरमरुपमा कार्टेलिङ र सिन्डिकेट छ । सम्पूर्ण सडक मान्छे मार्ने धरापमा परिणत भइसके । जनता, बाटोघाटो, शुद्ध खानेपानी, सुविधा सम्पन्न स्वास्थ्य चौकी नपाएर छटपटिएका छन् तर मुलकका प्रधानमन्त्री पानीजहाज र रेलका कुरामात्रै गर्छन् । जनताको न्यूनतम आवश्यकतामा सरकारको ध्यान जान सकेको छैन । सरकारका यस्ता क्रियाकलापले राज्य नै विफल हुन सक्छ । पेरु, भेनेजुयला, सिरियालगायतका मुलकहरु यस्तै परिस्थिति भएपछि असफल भएका हुन् । त्यहाँ ६-६ जना राष्ट्रपति पनि भ्रष्टाचारमा परेका छन् । बाहिरी हस्तक्षेप बढेको छ । नेपालमा पनि विशेष गरेर चीन र भारतको हस्तक्षेप बढ्न सक्छ । यस्तो अवस्थामा नेपालको राष्ट्रिय अखण्डता, जनताको सार्वभौमसत्ता र स्वाधीनताको रक्षा कसरी गर्ने भन्ने सबाल सबैभन्दा महत्त्वपूर्ण प्रश्न बन्न पुग्छ । देश बनाउन ठूलो अठोट र विश्वासका साथै लोकतन्त्रको फराकिलो सुन्दर छहारी आवश्यक हुन्छ तर सरकार आफैँ निरंकुशताको जंजिरमा फसेको छ । यसरी झन्डै १८ महिने कार्यकाललाई हेर्दा आवश्यकताभन्दा पनि सरकार सतही काममा अलमलिएको देखिन्छ । कुनै पनि क्षेत्रमा खासै उल्लेखनीय उपलब्धि हासिल गरेको छैन । अवसरै अवसरको चौबाटामा उभिएको सरकारले ल्याएको 'समृद्ध नेपालः सुखी नेपाली'को नारा 'विपन्न नेपालः दुःखी नेपाली'मा रुपान्तरित भएको छ । कामभन्दा बढी कुरा गर्ने यस सरकारले समयको सदुपयोग गर्न सकेन । समय यत्तिकै खेर फाल्यो ।

सरकार सुरु हुँदा अर्थतन्त्र कमजोर स्थितिमा रहेको भनेर श्वेतपत्र जारी गरेको यस सरकारको अहिलेको कार्यकालको अवधि हेर्दा आर्थिक परिसूचक सुधार उन्मुख देखिँदैनन् । व्यापार घाटा छ, शोधान्तर घाटा बढ्दो छ भने लगानीको वातावरण उत्साहजनक छैन । कृषि क्षेत्रमा आफ्नो उत्पादनले आयात प्रतिस्थापन गर्नु सक्नुपर्थ्यो तर यो काम कर्मकाण्डीमात्रै भएको छ । अहिलेसम्म कृषि क्षेत्रको उत्पादन वृद्धि गर्न कुनै खास कार्यक्रम छैन । उत्पादनको मुख्य क्षेत्र गतिहीन अवस्थामा छ । जलस्रो, त पर्यटन तथा उद्योगव्यवसायमा पनि खासै उत्साह देखिँदैन । समग्रमा अर्थतन्त्र निराशाजनक छ । नेपालको परराष्ट्र नीति राष्ट्रिय हितमा नभएर कम्युनिस्ट विचारधाराको पक्षपोषणमा संचालित छ । असंलग्न परराष्ट्रि नीति भनिए पनि सरकार असंवेदनशील र अपरिपक्व देखिएको छ । लगानी सम्मेलन निराशाजनक उपलब्धिमा सीमित हुन पुग्यो । संचार माध्यम, सामाजिक संजाल, न्यायालय, संवैधानिक निकायलाई अपमानित गर्ने र हस्तक्षेप गर्ने कार्य रोकिएको छैन । सनातनदेखि चल्दै आएको रीतिरिवाज, धर्म संस्कृति मास्ने 'एसिया प्यासिफिस समिट-होली वाइन प्रकरणमा प्रधानमन्त्रीकै संलग्नता रह्यो । सडकको छेउछेउमा ठूलाठूला तस्बिर झुन्ड्याएर नयाँ युगको सुरु भएको डंका बजाइयो । तर, न त राष्ट्र नै नयाँ युग नै प्रवेश गर्यो न त नेपाली जनताले नै न्याय पाए । आलोचना र चुनौती लोकतन्त्रको सुन्दर पक्ष हो । तर, प्रतिपक्षको आलोचना र जनताको गुनासो सुन्न प्रधानमन्त्री तयार छैनन् । यसरी जताततै जनताले गरेको जनआन्दोलनको अपमान भएको छ ।

इसाको उन्नाइसौं शताब्दीको अन्तातिर कार्ल मार्क्स र फ्रेडरिक, एंगेल्सले कम्युनिज्मको कल्पना गरेर सन् १९४८ मा 'द कम्युनिस्ट मेनुफेस्टो' प्रकाशित गरे । यसले विश्व राजनीतिमा एउटा तरंग पैदा गर्यो । उनीहरू पुँजीवादको अन्त्य गर्न चाहन्थ्ये । कुनै बेला कम्युनिस्टहरु विश्वको दुई तिहाइ भूभागमा आफ्नो प्रभुत्वको दाबी गर्थे । जुन देशमा यो सिद्धान्त प्रतिपादित भएको थियो तर त्यही देशबाट हरायो । भारतको पश्चिम बंगालमा कम्युनिस्ट पार्टी नराम्ररी परास्त भएको छ । तर नेपालमा ७० वर्षको राजनीतिक इतिहासमा कम्युनिस्टले संसद्मा झन्डै दुई तिहाइ स्थान पाएर शक्तिशाली भएको बेला प्रधानमन्त्रीले दम्भ देखाउनु अनौठो नहोला । भाषणमा समान वितरण भनिए र सबै बराबर भनिए पनि सरकारी कम्युनिस्टहरूको कार्यशैली र व्यवहार पटक्कै समान देखिँदैन । कम्युनिस्ट नेतामा आफ्नो प्रतिष्ठा र व्यक्तित्वलाई केन्द्रविन्दुमा राखेर राजनीति गर्ने र सरकारमा पुगेपछि राष्ट्र र जनताको बलिदान एवं त्यागतपस्यालाई बिर्सिदिने प्रवृत्ति बढेको छ । शक्तिको केन्द्रीकरण सिंहदरबार र बालुवाटारमा होइन शक्तिको लोकतन्त्रीकरण र संघीयकरण प्रदेश र स्थानीय तहमा हुनुपर्छ । तबमात्र सिंहदरवारको अधिकार जनताको घर घरमा पुग्न सक्छ ।

प्रधानमन्त्री केपी ओलीको गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति र अनुउत्तरदायी कार्यशैलीको कारण यस अवधिमा सरकारका निर्णयहरु शृखंलाबद्धरुपमा विवादमा परेका छन् भने देश विफल हुनेतर्फ जाँदैछ । नेपाली जनताले लोकतन्त्र प्राप्ति र पुनः प्राप्तिको लागि गरेको बलिदान, त्याग तपस्या र रगतको सम्मान गर्ने नसक्ने ओली सरकारले कसरी समृद्ध नेपाल र सुखी नेपाली बनाउन सक्छ ? प्रश्न अनुरित्तत छ !

*(केन्द्रीय सदस्य, नेपाली काँग्रेस तथा प्रतिनिधिसभा सदस्य) बाह्रखरीबाट*

# सरकार, डाडुपन्यु हातमा भएका बेला केही त गर

**पूर्ण ओली**

रकारले जनतालाई दिएका आश्वासनहरु पूरा गर्न नसकिरहेको अबस्थामा समाजप्रति वफादार केही व्यक्तित्वहरुको कार्यबाट जनतामा उनीहरुप्रति विश्वास बढिरहेको देखिन्छ । सरकारद्वारा सुरु गरिएका केही ठूला योजनाहरुमा जनताले चाँडै प्रतिफल नपाउने हुँदा उनीहरुको त्यत्ति चासो रहँदैन । आधारभूत विषयहरुमा जनतालाई बढी चासो हुनु स्वभाविक नै हुन्छ । तर, ती विषयहरुमा सरकार र यसका अंगहरु गम्भीर नहुँदा सरकारप्रति जनता निराश हुँदै गइरहेका छन् । यही अवसरमा केही व्यक्तिहरुले जनताको मन जित्नेगरी कार्य गरेर छोटो समयमा उनीहरु सामाजिक सञ्जालमा मात्र होइन, सचेत नागरिकमाझ पनि राम्रो प्रभाव छोड्न सफल भएका छन् । डा. गोविन्द केसी जसले गाउँगाउँका जनताले समेत सस्तो र सुलभ स्वास्थ्योपचार पाउन् भनेर धेरैपल्ट आफ्नो ज्यान जोखिममा पारेर भए पनि सरकारलाई आफ्ना सर्तहरु कार्यान्वयन गर्न बाध्य पारे । कतिपय विषयहरु कार्यान्वयन हुने क्रममा छन् ।

भूकम्पबाट पीडित जनताका लागि छोटो समयमा आफ्नै पहलमा केही स्थानमा घर निर्माण तथा तराईका गरिब मुसहरका लागि समेत पक्की घर बनाएर जनताको मन जित्न सफल हास्य कलाकार सीताराम (धुर्मुस) कट्टेल तथा कुन्जना घिमिरे । लामो समयसम्म लोडसेडिङ भोगिरहेका नेपाली जनतालाई राम्रो ब्यस्थापनबाट लोडसेडिङ हटाउन सफल कुलमान सिं घिसिङ । पत्रकार जगतमा पनि भिन्दै किसिमको पहिचान बनाएर अघि बढेका रबि लामिछाने । यी प्रमुख रुपमा बाहिर आएका केही प्रतिनिधि पात्र हुन् । यीभन्दा अरु पनि धेरै समाजसेवी हाम्रो समाजमा छन् । तर सबै ब्यक्तिहरु मिडियामा आउन सक्तैनन् या चाहँदैनन् । माथि उल्लेखित ४ ब्यक्तिहरुलाई नचिन्ने कोही पनि छैनन् । उनीहरुको समर्थन र सहयोगमा जनता उठ्नु स्वाभाविक हो । पत्रकार शालिकराम पुडासैनीको आत्महत्या केसमा राम्रोसँग छानबिन नगरी हतारमा रवि लामिछानेलाई धरपकड गरी प्रहरी हिरासतमा राखेपछि सर्वसाधारण सशंकित भए । ठूलो समूह आाक्रोसित भएर सडकमा उत्रिए । तर, रबि लामिछाने धरौटीमा रिहा भएपछि बातावरण मत्थर भयो । सरकार तथा यसका अंगहरुले आफ्ना कमजोरी आँकलन नगरी हतारमा गरिने प्रतिक्रियाबाट धेरै कुरा बिग्रँदै गएको छ । जनता फोहोर स्थायी ब्यबस्थापन होस्, शहरमा राम्रो ट्राफिक ब्यबस्थापन होस्, मेलम्चीलगायत गाउँघरमा खानेपानीको समयमा ब्यबस्था होस् तथा कृषिको लागि बाँझा खेतबारीमा सिचाइँको प्रबन्ध रफ्तारमा होस् भन्ने चाहन्छन् । सरकार भने राम्रोसँग होमवर्क पनि नगरी हतारमा गुठि बिधेयक, प्रेस काउन्सील बिधेयक जस्ता अधुरा जनआकाँक्षा बिरोधी प्रस्ताबहरु ल्याएर जनता भड्काउने कार्य गरिरहेको छ ।

आफूले पाएको अधिकार प्रयोग गरी पूर्व राजा बेलामौकामा जिल्लामा जान्छन् अनि आफ्ना समर्थक जनताबाट स्वागत सम्मान पाउँछन् तर सरकार पूर्व राजाबिरुद्ध अनाबश्यक चर्चा गरी जनता भड्काउने प्रयास गर्छ । सरकार आफ्ना कमजोरी लुकाउन अरुको कमजोरी देखाउन चाहन्छ । भ्रष्टाचारले देश आक्रान्त छ । सर्बसाधरण जनताको जीवनमा कुनै सकारात्मक परिबर्तन आएको छैन । अर्कोतर्फ नेताको जीवनमा सुख र सुबिधाले ठूलो फड्को मारिसकेको छ । घुस नखाने कर्मचारी अझै पनि पीडित छन् तर भ्रष्ट र नेताका वरिपरि घुम्ने कर्मचारीका आलिसान बंगला तथा आधुनिक गाडीहरु छन् । उच्चपदस्थ केही भ्रष्ट कर्मचारी भ्रष्टाचारमा कारबाही परे पनि अदालतबाट सफाइ पाएका छन् । यस्को मतलब अख्तियारबाट केही तदारुकताका साथ कारबाही भए पनि नीतिगत भ्रष्टाचार गर्ने नेतामन्त्री तथा बरिष्ठ कर्मचारीलाई कारबाही गर्ने नीतिनियम बनाउन नसक्नु सरकारको नीयत हुनसक्छ । मन्त्रीपरिषदबाट भएका गलत निर्णयहरु माथि कारबाही गरिँदा आफैँ पनि पर्न सकिने डर भएपछि कसरी भ्रष्टाचार नियन्त्रण हुन्छ प्रधानमन्त्रीज्यू ? भ्रष्टाचारको मुहान माथि नै छ । प्रधानमन्त्रीज्यू, सोच्नुस् त सर्बसाधारण जनता उपचार कसरी गरिरहेका छन् ? एउटा सानो अप्रेसन गर्नुर्पयो भने खेतबारी बेच्नुपर्ने बाध्यता हून्छ । सरकारी अस्पतालमा महिनौं कुर्नुपर्छ, त्यहाँ पनि आबश्यक उपकरण नभएर निजिमा जाने बाध्यता पर्छ । कमसेकम यहाँको कार्यकालमा सरकारी अस्पताल (बीर अस्पताल) लाई अत्याधुनिक गुणस्तरीय तथा यस्को बेडको संख्या पर्याप्त बढाउनुहोस् । कुनै समय निश्चित गरेर एउटा राम्रो सरकारी अस्पताल जनताका लागि तयार गर्नुहोस् । जसमा सबै गरिब जनतादेखि राष्ट्रपति तथा मन्त्री( सचिवहरुले पनि उपचार गर्न सकून् । जसबाट जनता धेरै लाभान्वित हुनेछन् । परिणामस्वरुप सरकारप्रति जनताको सकारात्मक भावना बढ्नेछ । डाडुपन्यु हातमा छ, जनहीतमा केही गतिला परिणाममुखी कार्य गरेर देखाउनुहोस् । यस्तो दुई तिहाइको सरकार बन्ने मौका बारबार आउने छैन । देशसञ्चारबाट

# दक्षिण कोरियामा किन चलिरहेको छ ब्रा बहिष्कार अभियान ?

विश्वका सबै समाज पुरुषप्रधान समाज छन् । यसमा धेरै थोरैको कुरा मात्र हो । यसैले हरेक समाजमा छोरी मानिस बढ्दै गएपछि ऊ केटी हो र उसमा 'सेक्सुअल अपिल' छ भन्ने महसुस गराउँदै लगिन्छ । योसँगै तिनलाई आफू पुरुषको नजरबाट बच्नुपर्छ र त्यसको लागि आफ्नो शरीरलाई शालिन ढङ्गले ढाकेर राख्नुपर्छ भनेर समाजीकरण गरिन्छ । समय-समयमा महिलाले के लगाउने, के नलगाउने भन्ने कुरा पुरुषसोचबाट निर्धारण हुनुहुँदैन भन्दै विरोधको आवाज उठ्ने गर्छ । यही विरोध शृङ्खला अनुरुप दक्षिण कोरियामा महिलाहरुले 'नो ब्रा मुभमेन्ट (ब्रा बहिष्कार अभियान)' चलाइरहेका छन् । दक्षिण कोरियाका समाजिक सञ्जाल प्रयोगकर्तामाझ 'ह्याशट्याग नो ब्रा' ट्रेण्डिङमा छर्नस । महिला ब्रा नपहिरिकन अन्य कपडाका साथ खिचिएका आफ्नो तस्विर समाजिक सञ्जालमा शेयर गरिरहेका छन् ।

**कसरी सुरु भयो अभियान ?**

दक्षिण कोरियामा 'नो ब्रा ह्यासट्याग' समाजिक सञ्जालमा ठूलो अभियानमा रुपान्तरण भयो । यसको सुरुवात दक्षिण कोरियाकी गायिका र अभिनेत्री सुलीले आफ्नो इन्स्टाग्राम एकाउन्टमा ब्रा बिनाको तस्विर सेयर गरेपछि भयो । लाखौं फलोअर्स भएकी सुलीको इन्स्टाग्रामको उक्त तस्वीर भाइरल भयो । त्यसपछि सुली दक्षिण कोरियामा 'ब्रा मुक्त' अभियानको प्रतिक बनिन् । अभियान बढ्दै गएपछि मानिसले यस अभियानको अर्थ निकाल्ने प्रयास गरेका छन् । यस अभियानबाट दक्षिण कोरियाका महिलाले ब्रा लगाउने वा नलगाउने विषय तिनको निजी स्वतन्त्रताको विषय हो भन्न खोजेको जस्तो देखिन्छ ।

**'ब्रा मुक्त' अभियानको आलोचना**

अभियान बढ्दै गएपछि कयैनले सुलीको आलोचना पनि गरे । यसमा महिला र पुरुष दुवै सामेल थिए । आलोचकले यसलाई सस्तो लोकप्रियता हासिल गर्ने र अरुको ध्यान तान्ने हतकण्डा बताए । केहीले त सुलीले आफ्नो लोकप्रियताको लागि महिला आन्दोलनको दुरुप्रयोग गरेको पनि आरोप लगाए । एक जना समाजिक सञ्जालका प्रयोगकर्ताले सुलीको पोस्टमा लेखेका छन्, 'ब्रा लगाउने कि नलगाउने नीजि विषय हो । तर सुली सधैं कसिलो सर्टमा ब्रा नलगाई फोटो खिचाउँछिन् । त्यसले गर्दा तिनको स्तन उठेको देखिन्छ । उनलाई त्यस्तो गर्नुपर्ने जरुरी छैन ।' यस्तै एक अन्य पोस्टमा लेखिएको छ, 'ब्रा लगाएको वा नलगाएकोमा हामी तिमीलाई गलत मान्दैनौं । खाली तिमीले आफ्नो निप्पल ढाक्नुपर्छ ।'

अर्का एक जनाले धार्मिक विषय जोडेर सुलीबारे लेखेका छन्, 'तिमीलाई लज्जा हुनुपर्ने हो । के तिमी यस्तो अवस्थामा धार्मिकस्थल जान सक्छौं ? पुरुषमात्र होइन, महिलालाई पनि असहज महसुस हुन्छ ।' हालै एक अर्की चर्चित गायिका ह्वासाले आफ्नो ब्राबिनाको फोटो शेयर गरेपछि यो अभियान थप चर्किएको छ ।

**छनौटको स्वतन्त्रता**

हालै हङकङबाट फर्किने क्रममा सुलीले भित्र ब्रा नलाई सेतो टी-शर्ट लगाएकी थिइन् । उनको यो तस्वीर भाइरल भयो । यसको पक्ष र विपक्षमा महिला बाँडिएका छन् । तर तस्विर बाहिरिएपछि दक्षिण कोरियाका आम महिलामा अभियाननै छेडियो । सन् २०१८ मा दक्षिण कोरियामा 'एस्केप द कोर्सेट' अभियान देखिएको थियो । त्यसमा महिलाले आफ्नो कपाल मुण्डन गरेर मेक-अप नलगाएका तस्वीर समाजिक सञ्जालमा शेयर गरेका थिए । यो एक हिसाबमा महिलाको विद्रोह थियो । 'एस्केप द कोर्सेट' महिलामाथि थोपरिएको सुन्दरतासम्बन्धि कठोर समाजिक अपेक्षाविरुद्धको विद्रोह थियो । दक्षिण कोरियाका धेरै महिलाले 'ब्रा बहिष्कार' अभियान र 'एस्केप द कोर्सेट' अभियानमा गहिरो सम्बन्ध देखेका छन् । समाजिक सञ्जालमा यी अभियान जुन तिव्रताका साथ फैलियो त्यसले त्यहाँको समाजका महिलामा आफूप्रतिको असमान व्यवहारप्रति ठूलो असन्तुष्टिको संकेत गर्छ ।

**दक्षिण कोरियाका अन्य नारीवादी अभियानहरु**

महिलालाई घुरेर हेर्नु तिनको स्वतन्त्रता विरुद्ध हुन्छ । तर दुभाग्यवस धेरैजसो देशमा पुरुषहरु सार्वजनिक स्थानमा अपरिचित महिलालाई यसो गर्छन् । दक्षिण कोरियामा महिलाहरु आजकल यस विरुद्ध पनि आवाज उठिरहेको छ । दक्षिण कोरियामा सार्वजनिक स्थलमा पुरुषले घुरेर हेर्ने कार्यलाई 'गेज रेप' भनेर छुट्टै नामनै दिइएको छ । त्यसबाहेक पनि त्यहाँ पुरुषको प्रभूत्व, यौनहिंसा र लुकेर महिलाको व्यक्तिगत क्षणको भिडियो बनाउने कुरा विरुद्ध अभियान सूरु भएका छन् । दक्षिण कोरियामा धेरै होटेलका कोठा, बाथरुम र ट्वाइलेटमा क्यामरा लुकाएर महिलाको व्यक्तिगत क्षण कैद गर्ने कुप्रथा व्यापक स्तरमा छ ।

सन् २०१८ मा यसको विरोधमा दक्षिण कोरियामा अहिलेसम्मकै सबैभन्दा ठूलो महिला अभियान चलेको थियो । त्यस क्रममा दशौं हजार महिला सडकमा उत्रेर गुप्त क्यामेरालाई प्रतिबन्ध लगाउन विरोधमा उत्रिए । धेरै महिलाले ब्रा नलगाउने आन्दोलनप्रति आफ्नो समर्थन भए पनि सार्वजनिक स्थलमा पुरुषले घुरेर हेर्ने बानीका कारण आफूले त्यसलाई कार्यान्वयन गर्न नसक्ने बताएका छन् ।

**देशव्यापी अभियान**

सन् २०१४ मा बनेको वृत्तचित्र 'नो ब्राब्लम' को निर्माण समूहकी सदस्य ज्योङ स्योङ्युनले वृत्तचित्रमा ब्रा नलाइकन बस्ने महिलाहरुको अनुभव समेटेकी थिइन् । अहिले कोरियाली समाजमा वृहद स्तरमा यसको चर्चा भएकोमा उनी खुसी छिन् । 'दक्षिण कोरियामा धेरै महिला ब्रा लगाउनुलाई निर्विकल्प ठान्छन् । तिनलाई त्योबाहेक अन्य विकल्प पनि छ भन्ने थाहै छैन, ' ज्योङले भनिन् । यो अभियान राजधानी सियोलमा मात्र नभएर देशैव्यापी देखिन्छ । जियोलानम-डू प्रान्तको २८ वर्षिया डा-केयुङको गायिका सुलीको ब्रा बिनाको तस्विरबाट धेरै प्रभावित भएको बताइन् । अहिले उनी कार्यालय आफ्नो समयमा मात्र ब्रा लगाउछिन् । उनी अहिले ब्वाइफ्रेण्डसँग बस्दा ब्रा नलगाउने बताइन् । उनी भन्छिन्, 'मेरो ब्वाइफ्रेण्डले पनि मलाई ब्रा मन पर्दैन भने नलगाउन भनेको छ । ' यी सबैले दिने सन्देश हो, ब्रा लगाउने वा नलगाउने निर्णय निजी फैसला हो ।

**ब्रा नलगाउँदा स्वास्थलाई असर पर्छ ?**

अस्ट्रेलियाको वोलोनयोङ् विश्वविद्यालयका चिकित्सक डेड्रे म्याक्घीका अनुसार ब्रा लगाउने वा नलगाउने भन्ने छनौट महिलामा निर्भर गर्छ । उनका अनुसार स्तन भारी भएको अवस्थामा ब्राको आवश्यकता हुन सक्छ । त्यस अवस्थामा गर्दन र ढाडमा असर पर्न सक्छ । डा. डेड्रे म्याक्घीको भनाइमा उमेर बढ्दै जादाँ शरीरको ढाँचामा पनि असर पर्छ । छाला पनि झोलिन्छ यसले गर्दा स्तनले प्राकृतिक रुपमा पाउने साहरा पनि कमजोर पर्छ । डा. म्याक्घी भन्छन्, 'महिलाले ब्रा नलगाई एक्सरसाइस गर्दा तिनको स्तनको पिडा बढ्छ । त्यसैले स्पोर्टस् ब्रा स्तनको साथ साथै गर्दन र कमरको पिडा कम गर्न सहयोगी हुन्छ ।' डा. म्याक्घीका अनुसार स्तन महिलाको यौनिक पहिचान हो । अनुसन्धानहरुमा के देखिएको छ भने जुन महिलाको स्तन कुनै कारणले (जस्तो स्तन क्यान्सर) हटाइन्छ ती पनि आफ्नो छातीको त्यो भागलाई विशेष ख्याल गर्छिन् । त्यस्तै जो महिला आफ्नो स्तन कस्तो देखेको होला भन्ने कुरामा धेरै सचेत रहन्छिन् तिनलाई पनि ब्राले आत्मविश्वास दिने गर्छ ।

**ब्रा परित्यागको इतिहास**

द कोरियामा देखिएको ब्रा परित्याग आन्दोलन पहिलो भने होइन । सन् १९६८ मा सम्पन्न मिस अमेरिका सौन्दर्य प्रतियोगिताको विरोधमा नारीवादीहरुले ब्रा जलाएर विरोध व्यक्त गरेका थिए । प्रदर्शनको दौरान प्रदर्शनमा सहभागीहरुले महिला शोषणका कयैन प्रतिक डस्ट-बीनमा फालेका थिए । त्यसमध्ये एउटा ब्रा पनि थियो । त्यस प्रदर्शन पछि ब्रा जलाउनु नारी स्वतन्त्रतासँग जोडिएको अभियानको एउटा हिस्सानै बन्यो । यही वर्ष जून महिनामा स्वीट्जरल्याण्डमा हजारौं महिलाले उपयुक्त पारिश्रमिक, बराबरी र यौन शोषाण्को अन्त्य गर्न माग राख्दै सडक जाम गरे । त्यस क्रममा पनि तिनले ब्रा जलाएका थिए । स्तन क्यान्सरको जागरुकता फैलाउनको लागि अक्टूबर १३ मा संसारभरी 'नो ब्रा डे' मनाइन्छ । अघिल्लो वर्ष फिलिपिन्सका महिलाले यो दिनलाई लैङ्गिक समानताको अधिकार माग्ने दिनको रुपमा मनाए । पछिल्लो वर्षमा विकसित सहरका महिलावादीहरुले ब्रा विरोधी अभियानलाई दुई कदम अघि बढाएका छन् । ती समाजमा महिला र पुरुषको निपललाई लिएर समाजमा दोहोरो मापदण्ड रहुन सही नभएको मान्छन् । सन् २०१४ डिसेम्बरमा नेटफ्लिक्समा 'फ्रि द निपल' नामको एउटा वृत्तचित्र आएको थियो ।

यसमा न्युयोर्क शहरमा महिलाको स्तनमा सेन्ससिप लगाउने कदमविरुद्ध अभियान चलाउने महिलाको एउटा समूहको कथा समेटिएको छ । त्यहीँबाट 'फ्रि द निपल' अभियान अन्तराष्ट्रिय अभियान बन्यो । विभिन्न समयमा चल्ने नारीवादी अभियानहरुले अझै विश्वमा महिलाहरुमाथि कति धेरै अवरोध बाँकी नै छन् भन्ने कुरा अवगत गराउँछ । दक्षिण कोरियामा चलेको 'नो ब्रा' अभियान पनि महिलाले पालना गर्नुपर्ने अतिरिक्त समाजिक बोझविरुद्धको प्रतिरोध हो । दक्षिण कोरियाका धेरै महिलाको लागि 'नो ब्रा' अभियान स्वतन्त्रता र निजत्वको मामिला बनेको छ । यो आन्दोलनले जुन हिसाबमा समर्थन प्राप्त गरिरहेको त्यसबाट पनि थाहा हुन्छ कि दक्षिण कोरियाको अधिकाशं महिलाले 'नो ब्रा' ह्याशट्यागलाई महत्वका साथ हेरेका छन् । - एजेन्सीहरु

# कपुरी 'क' को महाभारत-२

## साहित्य संसार

**पेशल आचार्य**

तिनीहरू त्यसबेलाका त्यहाँ पढाइहुने प्रायः सबै हिसाब, विज्ञान, अंग्रेजी र अरू सबै विषयहरू खराखरी पढाउँथे । मैले तिनीहरूबाट कखरा बाहेकका अन्य विषयहरूमात्र सिकेको छु । कखरा सिकाउने मेरा आदरणीय गुरुहरूचाहिँ प्रायः नेपाली मातृभाषी नै थिए । मैले शशी बजगाइँ र दिलीप पौडेलबाट कखरा सिकेको हुँ । बजगाइँज्यूचाहिँ मास्टरी नै गर्ने मानिस भएकाले उहाँले मलाई मेरो बालमस्तिष्कमा राम्रो असर पार्ने गरी कखरा सिकाउनु भएको थियो । दिलीप गुरुचाहिँ मास्टरी बेसको मानिस नहुनाले अलि रूखो स्वभावको हुनुहुन्थ्यो । जे होस् मैले वहाँहरूलाई मेरो जीवनको पहिला गुरुद्वय मान्नै पर्छ ।

संसारमा, जसले आफूलाई पहिलो ज्ञानरश्मि दिन्छ उसैलाई आदिगुरु भन्नु पर्छ फेरि बाल मस्तिष्कहुँदा ससाना कलिला हातसमाएर जस्ले लेख्न सिकाउँछ उसैलाई महान् मानिस मानिँदो रहेछ । प्राथमिक तहमा पढुन्जेलसम्म सोही तहमा पढाउने शिक्षकभन्दा अरू कसैलाई पनि मान्छे नगन्ने प्रवृति बालकमा हुन्छ । अरूले ठिक भने पनि आफ्नो गुरुले भनेको मात्रै ठिक भन्ने सोच कलिलो मनमस्तिष्कमा अमिट रूपले छाप परेको हुने रहेछ । 'यो ठिक होइन भनेर कसैले भन्यो भने, अँ कहाँ हुन्छ त्यो गल्ती हो । हाम्रो सरले भनेको यो पो ठीक हो' भन्ने सवालजवाफ त्यसबेलाको दिमागमा रहेको हुने रहेछ ।

जब सिकारू क्रमशः अघिल्ला कक्षामा चढ्दै र ज्ञान बढाउँदै जान्छ त्यसपछि आफ्ना प्राथमिक तहका गुरुभन्दा निम्नमाध्यमिक र माध्यमिक तहका गुरुहरू जान्नेजस्ता लाग्दै जान्छन् । ज्ञान नित्य नवीन र परिमार्जन हुँदै जाने वस्तु भएकाले पनि त्यस्तो भएको होला । अनादरको भाव त प्राथमिक तहमा पढाउँने शिक्षकप्रति हुँदैन, पटक्कै होइन तर जबजब ज्ञानको अभाव खट्किँदै जान्छ तबतब उसले अघिल्ला गुरुहरूप्रति बढी नै श्रद्धानत हुनु पर्ने भएकाले ऊ पछिल्लो श्रेणीका गुरुहरूप्रति बढी विस्मृतिवान् हुँदै गएको हुनुपर्छ ।

भनाइ नै छ -'पढेर, रूख चढेर र बाटो हिँडेर जीवनमा कहिले पनि सकिँदैन ।' हो, त्यस्तै हुन्छ । प्राचीन र अर्वाचीन ज्ञानको स्वरूप र प्रकृतिलाई हेर्दा त्यो स्थितिको आभाष मिल्दछ । शाश्वत सत्य भनेकै यो संसारमा केही छैन । सबै परिमार्जित र समानान्तर सत्यांशका प्रसङ्ग मात्रै हुन् । हिजो ठीक भनेर जानिएको सूत्र र भनाइमा दसकादसकमा हेराफेरी भैरहन्छ । भाष्य, सूत्र, मिमांशा, परिभाषा, समालोचना, विचार, दर्शन, मूल्यमान्यता जे भनौ ती सबै सर्वकालिक हुन नसक्दा रहेछन् ।

कति त आज नयाँ भएर आउँछन् तिनको भोलि नै नयाँ संस्करण आइहाल्दो छ । किताब छापिए जस्तै ज्ञानका पनि संस्करण हुँदा रहेछन् । समयका पत्रपत्रमा तिनीहरूको पनि काँचुली फेरिँदो रहेछ जसरी एउटा सर्प नयाँ काँचुली फेरिएपछि पुःन नयाँ तबरले माटामा घस्रीपस्री गरेर फेरि जीवनको जीजिविषामा रमाउन थाल्छ । ज्ञानको पनि नयाँ संस्करण र मान्यता आएपछि फेरि पनि गुरुशिष्य त्यो चीरनवीन ज्ञानलाई अपडेट गर्न (अर्जाप्न) थाल्दा रहेछन् ।

अँ, सन्दर्भ नराम्ररी जेरीजस्तै गरी फनफनी घुम्यो हो कि ?

घुम्यो ।

हामीले सिकेको र सिकाएको सामग्रीमा पनि यसरी ह्वात्तै परिवर्तन आएको हुँदा कहिलेकाहिँ सत्यलाई स्वीकार्न पनि समय लाग्छ ।

कपुरी क या बिलाकान्ने क भनेर पढेका हामी पुराना ढर्राका शिक्षार्थीहरू आजको यो नूतन समयमा कलम क खसी ख भनेर पढाइएको सुन्दादेख्दा अचम्मै लाग्दो रहेछ । सरकार एक बालक एक ल्यापटप भनेर हिजोआज कराउँदै छ । यदि त्यो स्थिति आयो भने भोलिका प्यारा नानीहरूले कपुरी क ठाउँमा कम्प्युटर क, मोटो ख का ठाउँमा खल्लास ख भनेर पढेको सुन्नु पऱ्यो भने पनि अचम्म नमान्दा हुन्छ । त्यसबेलामा हाम्रो कपुरी कको सम्मानजनक तबरले देहावसान भएको पाइनेछ ।

उसबेलाको उसबेलै ठिक, अहिलेको अहिलेनै ठिक ।

दुवै ठिक ।

कोही बेठिक हुँदैनन् । मानिनु पनि हुँदैन ।

कको महिमा अपार छ । कालिदास संस्कृतका महाकवि हुन् । जीवनको सुरूमा उनी महामूर्ख थिए तर जब उनको विद्योत्तमा नामकी विदुषीसँग विवाह भयो त्यसपछि उनी पत्नीका प्रेरणाले, आफू मूर्ख हुनुको चोटले पढ्न गए । निकै लामो समय पढेपछि उनी साँच्चै विद्वान् भए । उनैको बारे एउटा कहावत छ -'एकदिन, यो उनी मूर्ख हुँदैको कुरा हो । उनले पढेको समयको भन्दा त्यस समयको कपुरी क सानो भएको देखेर उनी रोएका थिए रे ! मेरो क त दुब्लाएछ' भनेर । हो, हामीले पनि पढेका कका अनेकौ दृष्टांश र उपमाहरू परिवर्तित हुँदै गए भने हामी पनि कुनै दिन कीर्तिपुरे चौरमा गएर रून बेर लगाउँदैनौं ।

आज एउटा मानिसको जीवनमा उसले सोच्न नभ्याउने गरी अकल्पनीय परिवर्तन भएको छ । संसारको यो अत्यासलाग्दो परिवर्तनले हामीलाई हिजोको कुरामा आज विश्वास हुने स्थितिको सुखद् अन्त्य गर्दै बाध्यतावस् स्वीकार्न बाध्य बनाएको छ । प्रविधि र विधि त कस्ताकस्ता भए कस्ताकस्ता । कस्ताकस्ता आए कस्ताकस्ता । त्यसैले प्रत्येक क्षणपल हरर फिल्मको अवास्तविक सिनजस्तो भनौ स्वैरकल्पनाको प्रयोग गरेर लेखिएको एउटा कथाजस्तो रोमाञ्चित भएर हाम्रा सामुबाट गुज्रिरहेको छ ।

हामी ससाना हुँदा हामीले खेल्ने भनेका गट्टा र तास थिए -खेल उपकरणमा । कहिलेकाहीँ चेस र क्यारामबोर्ड खेल्न भ्याउँथ्यौं । लुँडोले लुँडिएको समय थियो -त्यो बेला । बाघचालमा रमाउँथ्यौं -हामी । रूखमा चढेर अनि खोलापैनी या नहरमा नाङ्गैभुतुङ्गै भई पानीढोल खेलिन्थ्यो । आसपास र भेडीगाँठो त्यो समयका लोकप्रिय खेल मानिन्थे । लठ्ठीकासा, तेलकासा र काकाजोरी बिजोरी खेलिन्थ्यो । अहिले हाम्रा च्याउनाम्याउनाहरू (छोराछोरी) लाई त्यो जमानाको कुरा भन्यो भने बालकथा पढेजस्तो हुँदोरहेछ ।

अहिलेको जस्तो भिडियो गेमको समय थिएन -त्यो । कम्प्युटरमा राखिएका फ्लेस गेम जस्तो पनि थिएन -त्यो हामीले बिताएको बालवयको समय ।

सत्चालिस वर्षकै यो अनुभवमा केके देखियो केके ? सिनेमा हलमा गएर बीस पैसामा सोले हेरेको बत्तीस सालमा अहिलेजस्तै लाग्या छ । पाँचदस पैसामा अघाउँजी चटपटे खान पाइने त्यो जमाना अब रोइकराइ जे गरे पनि हाम्रो जीवनमा फर्केर आउँने होइन ! मनोरञ्जनका लागि कि त सिनेमा कि त किताबमा भर पर्ने त्यो समयमा न त एल.जी. टिभिमा सोनपरी नै आउँथ्यो -स्टार टि.भि.च्यानलबाट । न आउँथ्यो स्टार उत्सवबाटै गब्राल एण्ड बिक्राल । सञ्जीवकुमार (ठाकुर) अभिनीत भूताहा हिन्दी सिनेमालाई भरपूर मनोरञ्जनका रूपमा लिने त्यो जमाना अब गए कठैबरी ! कोरिएका सिडी या डिभिडीका डाटाहरू डिलिट भएजस्तै गरी । घडी लगाउँन माध्यमिक तहमै पुग्नु पर्ने या प्रवेशिका नै पास गर्नु पर्ने अभिभावकीय सोचले पनि हिजोआज पल्टा खाइसक्यो । वर्ष दिनकै ह्याप्पी बर्थ डेमा एउटा बाबुले उसको नवजात शिशुलाई खासामेड घडी किन्दिएन भने त्यो छोराछोरीले कि टिभिको स्क्रिन फुटाउँछ कि त अर्लामवाला घडीकै झट्टी हान्छ । अब जमाना कम्प्युटरमा कपुरी क सिकाउँने खालको उदाएको छ । फ्लेस गेमका रूपमा आएको नेपाली र अंग्रेजी बाह्रखरीको साउण्ड सिस्टम जडान गरेर कम्प्युटर अन गरे काम तमाम ।

प्रविधिले सबै सिकाउँने भएपछि कन्धने मास्टरको कामै छैन । एकजना प्राविका शिक्षक हुनुहुन्छ वहाँ ठट्टाको भावमा भन्नुहुन्छ -मैले, आफैंले लेख्दै जाँदा ३६ वटा (कदेखि ज्ञसम्मका) अक्षरमध्ये पाँचसातवटा अक्षर छुटेछन् ।'

*(समकालीनसाहित्यबाट)* क्रमशः ....

# समायोजनमा सरकारको बदनियत

**विष्णु लामिछाने**

नेपाल सरकारले कर्मचारी समायोजन सकियो भनेर घोषणा गरेको ५ महिनापछि स्वास्थ्य सेवाका कर्मचारीहरुको पत्र बनाउने काम सकिएके बताइएको छ । करिब १३ हजार स्वास्थ्यकर्मीहरुको गुनासो सम्बोधन गर्ने नाममा ४ महिना समय लिएको सरकारले मात्र दुईवटा काम गर्यो । पहिलो, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका केही भ्रष्ट प्रशासकहरुको खल्ती भर्ने र दोस्रो कर्मचारीहरुलाई मानसिक रुपमा विक्षिप्त बनाउँदै रोग थप्ने ।

कर्मचारी समायोजन ऐनको मर्म अनुरुप समायोजन प्रक्रियामा गुनासोको सम्बोधन पश्चात्को सूची पुनः प्रकाशन गर्नुपर्ने थियो । तर समायोजनको बहानामा राजनीतिक पुर्वाग्रह, आर्थिक चलखेल र शक्ति प्रदर्शनबाट केही व्यक्तिहरुको मिलायोजन गरेका कारण मन्त्रालयले उक्त सूची प्रकाशन गर्न सक्ने नैतिक ताकत समेत राख्न सकेको छैन । यो चार महिनाको समयमा सरकारले चाहेको भए समायोजनमा परेका गुनासा सम्बोधन गर्नसक्ने थुप्रै उपायहरु थिए । जुन सरकारले अपनाउन चाहेन, नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीतिले प्रत्येक वडामा स्वास्थ्य संस्था रहने भन्ने नीति लियो । सोही अनुरुप स्वास्थ्य मन्त्रालयले दुई वर्षभित्र सवै वडामा आधारभूत स्वास्थ्य इकाई राख्ने कार्यक्रम तय भयो ।

जसका लागि आर्थिक वर्ष २०७५र०७६ मा १२ सय स्वास्थ्य संस्था स्थापनाका लागि आर्थिक अनुदान पनि पठाइसकिएको छ । यसै आर्थिक वर्षमा पनि झन्डै १३ सय स्वास्थ्य संस्थाका लागि स्थानीय तहहरुलाई आर्थिक अनुदान दिने तयारी हुँदैछ । सरकारले आर्थिक अनुदान प्रदान गरेका ती आधारभुत स्वास्थ्य संस्थामा कस्ता-कस्ता कर्मचारीले कुन-कुन सेवा दिने भन्ने बिषय अझै अन्योलमा छ । सरकारले यी संस्थाहरुको कर्मचारी तथा संगठन संरचना तयार गरेको जस्तो लाग्दैन । यदि उक्त कार्य गरी स्थानीय तहहरुलाई दिन सकेको खण्डमा समायोजनमा देखिएको समस्याको ७५ प्रतिशत समाधान हुने देखिन्छ । तर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वले सो कुरा सुन्नै चाहँदैन । यसको एउटै कारण रहेछ स्थानीय तहमा करारमा कार्यकर्ता भर्ना गर्ने, बर्षौंदेखि कार्यरत कर्मचारीहरुलाई तनावमा राखेर जागीर छोड्न बाध्य पार्ने । अनि स्वास्थ्य संस्थामा करारमा कर्मचारी लिएर कस्तो गुणस्तरीय स्वास्थ्य सेवा दिन खोजेका हुन् ? त्यो मन्त्रालयको नेतृत्वले जानोस् यस्तै २ सय भन्दा बढि प्राथमिक अस्पतालहरु पनि स्थापना भएका छन्, तिनको अवस्था पनि यही हो ।

अर्कोतर्फ समायोजनको पहिलो चरणको सूचीमा प्रकाशित भएका मध्ये धेरै स्वास्थ्यकर्मीहरु संघमा समायोजन भएतापनि त्यहाँ रहन चाहेका छैनन् । उनीहरुले प्रदेश तथा स्थानीय तहमा समायोजन हुने चाहना राखी निवेदन दिएका छन् । करिब एक सयभन्दा बढी संघमा समायोजन परेका भनिएका स्वास्थ्यकर्मीहरुले त अनिवार्य अवकाश वा राजिनामा दिएको भन्ने बुझिएको छ । अझै अर्कोतर्फ सरकारले समायोजनको फाराम भरिसकेपछी समेत र केहीदिन पहिलेसम्म गरि ६ वटा अस्पताललाई संघ मातहत राख्ने निर्णय गरेको छ ।

यी माथिका उदाहरणबाट संघमा दरवन्दी रिक्त हुने देखिन्छ र सरकार ती दरबन्दीहरुमा कर्मचारीहरुको गुनासो सम्बोधन गर्न राजी छैन । सरकारको तर्क छ- समायोजन भएर प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारिहरुलाई संघमा ल्याउन मिल्दैन । यदि सरकारको यही तर्क मान्ने हो भने समायोजन त २०७५ चैत १४ मै सकिएको होला । अनि अहिलेसम्म किन कर्मचारीले आफू समायोजन भएको तहमा जान पाएनन् त ? होइन भने मेरो तर्क समायोजन त सकिएकै छैन । अहिले किन मिलाउन नमिल्ने ? यसको एउटै कारण हो, सरकार बजारको दवाबमा छ र संघमा तुरुन्तै लोकसेवा खोल्न चाहन्छ । लोकसेवा खोल्नु गलत त होइन तर भित्रका कर्मचारीलाई दुस्खी तुल्याएर नयाँ लिनेतर्फ सोच्नु सरकारको बदि्नयतपुर्ण कदम हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समायोजन सकिनै लाग्यो भन्दै गर्दा मन्त्रालयले पुन अर्को नौटंकी शुरु गरेको छ, शैक्षिक योग्यताको । जब-जब कलेजको भर्ना गर्ने बेला हुन्छ तब-तब स्वास्थ्य मन्त्रालयमा शैक्षिक योग्यताको बहस हुन्छ, यो विगतदेखिको इतिहासले देखाउँछ । यसो हुनुमा स्वास्थ्य मन्त्रालमा ट्रेड युनियन र पेशागत युनियनको नेतृत्व लिइरहेका केही कलेज संचालक माफियाहरुको बिगबिगी हुनुनै हो । योग्यताको आधार कलेज गएर सर्टिफिकेट किनेकाहरु मात्र हुने हो भने मेरो भन्नु केही छैन । होइन भने नेपालको निजामती प्रशासनमा बिगतदेखि नै कार्यक्षमता र अनुभवलाई पनि योग्यताको आधार मानिदै आएको छ । तर अहिले आएर स्वास्थ्य मन्त्रालयका केही दलालहरुले त्यसको अपब्याख्या गर्न खोज्दै छन् । समायोजनको नाममा कर्मचारीहरुलाई निजको हालको तहभन्दा पनि घटुवा गरेर चिट्ठी दिने काम हुँदैछ । जुन मन्त्रालयको लागि आत्मघाती कदम हुनसक्छ यसतर्फ सम्बन्धित निकाएको ध्यानाकर्षण होस् । नियम संगत र न्यायोचित समायोजनको सदैब सम्मान गर्दै नियमबिपरित र ऐन बिरोधी क्रियाकलापहरु तर्फ सचेत रहँदै आफ्नो सुरक्षाको लागि तयार रहन सम्पूर्ण स्वास्थ्यकर्मी हरुमा अनुरोध गर्दछु ।

# डेंगुका बिरामीले किन खानु हुँदैन पेन किलर औषधि ?

**शेरबहादुर पुन**

'मलाई डेंगुको शंका लागिरहेको थियो । ज्वरोका साथसाथै आँखाको गेडी अति दुख्ने, टाउको दुख्ने, शरीर अति दुख्ने, घाँटी दुख्ने, जोर्नी दुख्ने गरेकोले डाक्टरलाई डेंगुको रगत जाँच गर्न अनुरोध गरेको थिएँ, तर काठमाडौँमा डेंगु नै छैन, त्यसैले जाँच आवश्यक छैन भनेर एन्टिबायोटिक र फ्लेक्सोन दिएर पठाउनुभयो । तर यहाँ जाँच गरेको डेंगु पोजिटिभ देखियो, ' एक महिला आफ्ना छोराको समस्याबारे मसँग भन्दै थिइन् । यति भन्दैगर्दा उनी आत्तिएको प्रष्टै देखिन्थ्यो । हिजोदेखि बिरामीको शरीरमा स(साना बिबिराहरु पनि देखिन थाल्यो । ती महिला भक्तपुरकी बासिन्दा थिइन् । उनका छोरा काठमाडौँ बाहिर नगएकोले डेंगु स्थानीय स्तरमा प्रसारण भइरहेको सहजै अनुमान गर्न सकिन्थ्यो । यो नै भक्तपुरमा देखिएको पहिलो डेंगु केस थियो ।

हाल देखिएको डेंगुको महामारी पूर्वबाट सुरु भई यसको तरंग काठमाडौँ हुँदै भक्तपुरसम्म पुगेको देखिन्छ । ललितपुर जिल्लाले पनि सतर्कता अपनाउनुपर्ने देखिन्छ । यो डेंगु केसको महत्त्वपूर्ण कुरा भनेको स्वस्थाकर्मीहरु डेंगु काठमाडौँमा देखा परिसकेको अवस्थामा पनि अनभिज्ञ हुनु हो । जसले गर्दा स्वभाविक रुपमा गर्मी महिना भएकोले टाइफाइड वा अरुनै संक्रमणको शंका गरी उपचार गर्दै आहिरहेका छन, जसमा फ्लेक्सोनको (दुखाइ कम गर्ने औषधि) अत्यधिक मात्रामा प्रयोग हुने गरेको छ ।

माथि उल्लेखित घटना त प्रतिनिधि पात्र मात्र हुन्, तर धेरै डेंगु संक्रमित व्यक्तिहरु मेरो सम्पर्कसम्म आइपुग्दा ब्रुसेट वा फ्लेक्सोन जस्ता अति दुखाइ कम गर्ने औषधिहरु व्यापक मात्रामा प्रयोग गर्दै आइरहेको पाएको छु ।

डेंगु अरु धेरै संक्रमण रोगहरुको तुलनामा घातक मानिँदैन । यदि सतर्कता अपनाए र समयमै उपचार पाए यसको मृत्युदर एक प्रतिशत भन्दा पनि कम हुन्छ । तर हामीले कतिपय कुराहरुमा सतर्कता नअपनाउँदा भने जटिलतातिर लग्ने गरेको पाइन्छ । यसको विशेष एन्टिभाइरल औषधि हालसम्म नभएकोले लक्षण वा यसबाट उत्पन्न हुने जटिलताहरुको आधारमा उपचार गर्दै जानुपर्छ । जटिलतातिर लग्ने कारणहरु मध्येमा जथाभावी वा रोगको पहिचान गर्न नसक्दा जथाभावी औषधिहरुको प्रयोग गर्नु पनि हो । विश्व स्वस्थ्य संगठनले एस्पिरिन, ब्रुसेट, फ्लेक्सोन जस्ता दुखाइ कम गर्ने औषधिहरुको प्रयोग नगर्न चेतावनी नै जारी गरेका छन् । छिमकी देश भारतले दिल्लीमा यस्ता औषधिहरुको जथाभावी प्रयोगमा डेंगु महामारी अवधिभर निषेध गर्ने नियम लागू गरिसकेको छ । यस्ता औषधिहरुको प्रयोगले यी संक्रमितहरुमा रक्तश्राप झन् तीब्र हुने गर्दछ र जटिलतातिर गए बिरामी सकमा( बिहोस) गई मृत्यु समेत हुन सक्छ । यस्तो समस्या विशेष गरेर अल्सर वा



ग्यासट्राइटिस भएकाहरुलाई झन् बढी खतरा हुनसक्छ । रगत बान्ता गर्नु, दिसा कालो हुनु वा शरीरका विभिन्न अंगहरुबाट रक्तश्राप हुने गर्दछ ।

हाल नेपालमा मनसुन सिजन छ र यसै समयमा अरु विभिन्न संक्रमणहरु पनि फैलँदो क्रममा छन् । अधिकतम संक्रमितहरुमा सुरुवातमा कडा टाउको दुख्ने, ज्वरो आउने, आँखाको गेडी दुख्ने, जोर्नी दुख्ने भएकोले सोझै नजिकैको औषधि पसलमा जाने गर्छन् र त्यहाँ उनीहरुले कम्तीमा दुखाई कम हुने औषधिको अपेक्षा गरेको पाइन्छ । फार्मेसीहरुले पनि त्यस्ता औषधिहरु तुरुन्त दिने गर्छन् । यसले गर्दा बिरामी यदि डेंगु संक्रमित भएको रहेछ भने रक्तश्राप झन् तीब्र भएर जान्छ ।

तसर्थ, यसरी जथाभावी दुखाइ कम गर्ने औषधिहरु कम्तीमा पनि डेंगु महामारी भएको समयमा बिक्रेताले डाक्टरको प्रेसक्रिप्सन बिना दिनु हुँदैन । डेंगु संक्रमित फैलिँदै गएको अवस्था भए सोको बारेमा सम्बधित निकायले पनि समयमै चिकित्सकहरुलाई जानकारी गराउनु पर्दछ । जसले गर्दा एस्पिरिन, ब्रुसेट, फ्लेक्सोन जस्ता दुखाइ कम गर्ने औषधिको प्रयोग हुने छैन र माथि उल्लेखित घटना दोहोरिने छैन ।

माथि उल्लेख गरे झैँ धेरै डेंगु संक्रमितलाई चेतावनीमूलक लक्षणहरु नदेखिएसम्म भर्ना नै गरिहाल्नु भने पर्दैन, तर त्यस्ता लक्षण कसलाई देखिन्छ, कसलाई देखिँदैन भनेर पूर्वानुमान गर्न सहज भने छैन । एक पटक पहिले त्यो व्यक्तिलाई डेंगु संक्रमित भइसकेको र अर्को कुनै चार सेरोटाइपमध्ये फरक सेरोटाइपले दोश्रो पटक संक्रमण गरेमा त्यो व्यक्तिमा डेंगुले झन् कडा रुप लिनसक्छ ।

अर्को शब्दमा भन्नुपर्दा, हामीले हरेक प्रकोप वा महामारीमा डेंगुको कुन सेरोटाइप जिम्बेवार थियो भनेर थाहा पाउन सके चिकित्सकले रोगको कडापन वा जटिलता बारे पहिले नै पूर्वानुमान गर्नसक्ने थिए र सुरुदेखि नै ती संक्रमितलाई विशेष निगरानीमा राख्ने थिए । जसले गर्दा सुरुमा नै जटिलतालाई रोक्न सकिने छ । यसर्थ, नेपाल सरकारले हरेक प्रकोप या महामारीको लागि डेंगुको चारमध्ये कुन सेरोटाइप जिम्मेवार छ भनेर सार्वजनिक जानकारी गराउने परिपाटी लागू गरे चिकित्सक र संक्रमित दुवैको लागि जटिलताबाट बच्नेरबचाउन सजिलो हुने थियो ।

केही समय अगाडि प्रकाशित मेरो अनुसन्धानले डेंगु विशेष गरेर युवा उमेरकाहरुमा कडा भएको देखाएको थियो, जुन मेरो लागि पनि अचम्मित तर चाखलाग्दो नतिजा थियो । ती संक्रमित युवा उमेरकाहरुमा डेंगुको जटिलता देखिएकोले अस्पताल भर्ना हुनु परेको थिएन ।

नेपालमा गरेका अनुसन्धानहरुमा संक्रमितमध्ये झन्डै १० प्रतिशतमा डेंगुले जटिलता गराउने गरेका पाइएको छ । यो अवस्थामा उपचार नै नपाए बिरामी "डेंगु सक सिन्ड्रोम" मा जानसक्छ र मृत्यु समेत हुनसक्छ । त्यसैले युवाहरु आफैं पनि डेंगु संक्रमित भए सजगता अपनाउनुपर्छ । चिकित्सकले पनि युवा उमेरका जोकोही संक्रमितको उपचार गरिरहेको भए विशेष स्वास्थ्य निगरानी बढाउनु पर्दछ ।

अरु संक्रमणहरुमा खासगरी केटाकेटी तथा जेष्ठ नागरिकमा बढी जटिलता आउने गरेको पाइन्छ । नेपालमा हाल देखिएको डेंगु महामारीलाई अलि नियालेर हेर्ने हो भने पनि केटाकेटी तथा जेष्ठ नागरिक बढी संक्रमित भई जटिलताको कारणले भर्ना भएको देखिँदैन वा सुनिँदैन । यो नै डेंगु र अरु संक्रमणहरु बीचमा देखिने विशेष भिन्नता भन्न सकिन्छ ।

अन्तमा, यसको विशेष एन्टी भाइरल औषधि नभएको र डेंगु विरुद्धको खोप पनि विकास नभइसकेको अवस्थामा जटिलताबाट बच्नु नै हाम्रो लागि मुख्य चुनौती देखिन्छ । हाल नेपालको इतिहासमा नै आधा नेपाल डेंगुले ढाकिसकेको र यति धेरै संख्यामा संक्रमितहरु देखिएको अवस्था छ । यति लामो समयदेखि निरन्तर डेंगु फैलँदो क्रममा रहेको र यो रफ्तार अहिले पनि कायम नै रहेकोले माथि उल्लेखित चुनौतीहरुलाई मनन् गरी र उल्लेखित उपाय अबलम्वन गर्न सके सम्भावित मृत्युदरलाई सीमित अवस्थामा राख्न ठूलो मद्दत मिल्ने छ ।

*(डा पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन्) स्वास्थ्यखबरबाट*

# प्रतिभाका पुञ्ज बीपी कोइराला !

**बद्रीप्रसाद दाहाल**

नेपाली राजनीतिक नेतृत्वमा जननायकको सम्बोधनमा बोधित हुने एक मात्र नायक हुन् उनी । आधुनिक राजनीतिका चिन्तक मनोवैज्ञानिक आख्यानकार, विष्णात गद्यकवि, कुशल विश्लेषक र सफल अधिवक्ता पनि हुन् बीपी । जो नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्न पुगे । अत्यन्त श्रद्धा लाग्दा वा भावावेग र दास मानसिकता हुँदा पनि कतिपय मानिसलाई देवत्वकरण गरी गरुह्रुँगो विशेषणको भारी बोकाएर हुर्मत लिने मजाकिलो प्रवृत्ति हामीमा नभएको भने होइन । वास्तवमा नेपालमा अहिलेसम्म जन्मिएका हातको औँलामा गन्न सकिने राजनेताको झलक दिन खोज्ने राजनीतिज्ञहरुमध्ये बहुमुखी क्षमता भएका व्यक्ति विश्वेश्वरप्रसाद कोइराला नै प्रथम पङ्तिमा आउँछन् । बीपी कोइरालाका व्यक्तित्वका मुख्य पाटा साहित्य र राजनीतिका दुई धार हुन् । नेपाली धर्तीको लागि शोधमूलक पक्ष र राष्ट्रिय गौरवको स्रोत बनेको छ । उनको यही बहुआयामिकतालाई सर्सर्ती हेर्ने चेष्टा यो जन्मजयन्तीमा सान्दर्भिक हुन्छ नै ।

**सिर्जना संसारका बीपी**

'साहित्यमा सम्राट पनि नाङ्गो हुन्छ, कला बन्धन हैन स्वतन्त्रता चाहन्छ ।' यही मान्यतामा आफ्नो सिर्जना संसारमा कलम घुमाए उनले । भारतको बनारसमा नौ कक्षा पढ्दैको बेला कलम चलाउन सुरु गरेका थिए उनले । हिन्दी आख्यान साहित्यका हस्ती मुन्सी प्रेमचन्दको सम्पादनमा प्रकाशित हुने 'हंस' भन्ने पत्रिकामा बीपीको पहिलो कथा छापियो ।

विख्यात समालोचक शान्तिप्रिय द्विवेदी, अर्का भारतीय काव्यतारा जयशङ्करप्रसाद, बनारस हिन्दु विश्वविद्यालयका कला विभागका निर्देशक रामकृष्णदास, रामानन्द चटर्जी, केदार चटर्जीजस्ता हिन्दी वाङ्मय साधकहरुकै सहवासले बीपीको साधना संसार झन् उजिलिँदै गएको कुरा इतिहासको उत्खननले देखाउँछ । प्रारम्भमा हिन्दी भाषामा आख्यान अभ्यासमा लिप्त उनलाई नेपाली भाषामा लेख्न प्रेरकीय भूमिका दार्जलिङमा अध्यापनरत सूर्यविक्रम ज्ञवालीले दिएका थिए । हिन्दीका दुई विशिष्ट तत्कालीन साहित्यिक पत्रिकाहरु 'हंस र विशाल भारत' हरुले बीपीको आख्यान लेखनको उत्साहलाई साहित्यिक स्तरमा उचाले । यस क्रममा उनको कथा नेपाली प्रतिष्ठित पत्रिका शारदामा झुल्किएपछि त्यसले निकै खैलाबैला मच्चायो । तत्कालीन नेपाली कथा प्रवृत्ति मूलतः पौराणिक, उपदेशपरक र प्रतिकात्मक धाराका मात्र थिए ।

बीपीले आफ्ना कथामा पृथक् शैली र विषयवस्तुको जन्म दिन पुगे । महिलावर्गका समस्या, यौनिक कुण्ठा, जीवनप्रतिको उदासीनता जो यथार्थ मनोविज्ञानमा आधारित थिए र जो पूरै नौलो प्रयोग बनेर आयो । बीपीका आधुनिक मनोवैज्ञानिक कथाबाट प्रभावित हुँदै सूर्यविक्रम ज्ञवालीले उनको अनुमतिबाट कथासङ्ग्रह प्रकाशित गर्ने निश्चय भयो । पाठक संसारमा निकै हलचल ल्याएका उनका यथार्थवादी मनोवैज्ञानिक कथाले नेपालको तत्कालीन निरङ्कुश सत्तालाई गतिलो झड्का दिएकै कारण वि.सं १९९९ मा बीपीलाई पक्राउ गरियो । उनका कथाको पाण्डुलिपि जफत गरी ज्ञवालीको समेत गिरफ्तार भयो । यो धरपकडले एकातिर बीपीको लेखन जोसलाई ऊर्जा दियो भने अर्कोतिर उनी पाठकहरुको जिज्ञासा र आस्थाका पात्र बन्न पुगे । वि.सं. २००३ मा जेलबाट छुटेपछि अर्को वर्ष उनको कथा प्रकाशित भयो । मूलतः सामन्तचिन्तनको स्कुलिङमा हुर्किएका मुठ्ठीभरका ढोँगी सम्भ्रान्त उनको लेखनको विरुद्धमा थिए । छाडावादी, अश्लील र मर्यादाविहीन साहित्य भनी उनलाई हतोत्साही बनाउने निकृष्ट चेष्टा थियो यो परिघटना ।

बीपीले रसियाली लेखकहरु पुस्किन, टाल्सटाय, चेखोब, गोर्कीका कथा लेखन धारालाई राम्रैसित पारख गरेका थिए । यस्तै फ्रेन्च लेखक 'एतानो फ्रान्स, मोपासा र ह्युगो' का लघुकथा र लेखन शैली रुचिकर मान्थे । मनोवैज्ञानिक प्रवृत्ति बीपीको चाख भएकोले अल्बर्ट कामुलाई उनले नेपालीमा भित्र्याए र सार्त्रको अस्तित्ववाद पनि । यसरी पश्चिमेली र पूर्वीय वाङ्मय उदधिमा चुर्लुम्म डुबेका बीपीले नेपाली साहित्यमा नयाँ आयाम नै स्थापित गराएर छाडे । विश्व प्रसिद्ध मनोविज्ञ सिग्मन्ड फ्रोइड बीपीलाई मन पर्ने पात्र बने । उनी सङ्कोच नमानी भन्छन्- 'फ्रयड बाहिरिया क्रान्तिभन्दा भित्री क्रान्ति हो, त्यसैले मैले उनलाई रोजेँ ।

म जतिसुकै द्वन्द्व र अन्तरद्वन्द्वमा परेँ पनि भावना, अनुभूति र संवेदनालाई जोड दिन चाहन्छु' । देवकोटा, लेखनाथ, वाण भट्ट, कालिदास र वेदव्यासका सिर्जनाहरु उनको अध्ययनका चाखिला विषय थिए । लेखनलाई परिष्कार गर्न बीपी समालोचकलाई साहित्यको रजहाँस (दूधको दूध, पानीको पानी छुट्याउने क्षमता) भनेर आदर गर्छन् । नेपाली लेखकहरु आलोचना, प्रतिक्रिया र टीकाटिप्पणी सुन्न, सहन र पचाउन सक्ने क्षमताका भइसकेको छैनौँ । लेखकहरु लेख्न त लेख्छन् तर लेखनमा लेखकको अनुभवभन्दा बाहिरी प्रभाव ज्यादा रहेको पाइन्छ । हाम्रा लेखकमा अध्ययन, चिन्तन र गम्भीर अनुभवको कमी छ । त्यसैले त बीपी लेखकहरुलाई समालोचकको छडी चखाउन बोल्छन्- 'म सदा समालोचकको त्रासमा रहन्छु, हुन त समालोचकको छड कतै कुत्कुयाउँछ, चिलाउने ठाउँमा कन्याइदिन्छ, कतै लिखा परेको ठाउँमा ठुङ मार्छ, घाउ चिरिदिन्छ र रालसिँगान पुछिदिन्छ ।' यसरी समालोचकलाई बीपी सिर्जना संसारको महान् सुधारक, उद्धारक र मार्गद्रष्टा भनी चित्रण गर्थे ।

सुन्दरताको सिर्जना गर्ने, मानव अनुभूतिमा नयाँ आयाम, सत्यलाई सुन्दर बनाउने, भावनालाई परिष्कार पार्ने, मानव स्वतन्त्रताको सम्भावनालाई विस्तृत पार्ने स्रष्टाका लागि साहित्यको सीमा आकाश हो भनेर किटान गरिदिए बीपीले । दोषी चस्मा, श्वेतभैरवी जस्ता कथा, मोदी आइन, तीन घुम्ती, हिटलर र यहुदी, नरेन्द्र दाइ, बाबु आमा र छोरा जस्ता उपन्यास यौन कुण्ठा, नारी समस्या र अन्तरद्वन्द्वको मनोलोकमा खुल्ला विचरण गरेर नेपाली साहित्यको कोसे ढुङ्गा बनेका छन् । यसैले त उनी राजनीतिलाई सुरक्षा र कानुनको आड खोज्ने साँघुरो किल्ला भन्छन् तर साहित्यलाई अथाह र अनन्त आकाशकै एकाकार !

**राजनीतिक मञ्चका बीपी**

बीपी राजनीतिलाई नैतिकतामा हेर्न रुचाउँथे । त्यसैले राजनीति 'नैतिकताको व्यापक रूप हुनसक्नुपर्छ' भन्थे । राजनीति नैतिकताकै विम्ब हुन सकेन भने यो नूतनभन्दा पुरातन, भावनाभन्दा तर्क, नैतिकताभन्दा ऐनकानुनको ढर्रा हुन जान्छ भन्ने उनको मान्यता थियो । राजा महेन्द्र जनता प्रजातन्त्रका लागि दीक्षित नभएसम्म उनीहरुलाई अदपमा राख्नुपर्छ भनी राजनीतिमा जनसहभागिताको न्यूनीकरणमा जोड दिन्थे । तर बीपी यसको विपरीत उभिएर बोल्थे– आज्ञा वा उपकारस्वरूप प्राप्त भएको वस्तुले मानिसलाई कहिल्यै पनि सन्तुष्टि दिन सक्दैन भनी वकालत गर्थे । राजनीतिक दलको कार्यभारलाई स्पष्ट पार्दै बीपी विचार बोल्छ- आकाङ्क्षालाई विचारमा, विचारलाई मतमा, मतलाई मागमा र मागलाई इच्छाशक्तिमा परिणत गराउने क्षमता दलहरुसित हुनुपर्छ ।

त्यसैले उनले राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई क्रमशः आदर्श (ऐना) सिद्धान्त (चिन्तन मननपूर्वक दिमागीहरुबाट सिर्जित सूत्र) समाजवाद (व्यवहारमूलक जनताले अनुभूति गर्ने कार्यक्रम) का त्रिकोण दौडाउने अठोट लिएका थिए । राष्ट्रियता माटो होइन, जनताको सामूहिक भावना हो । प्रजातन्त्रले राजनीतिक समानतालाई प्रतिस्थापना गर्छ भने आर्थिक समानता वा समताको निम्ति समाजवादले योगदान पुर्‍याउँछ, यही सटिक राजनीतिक विचार नै बीपी विचारबिन्दु हो । वास्तवमा राष्ट्रियताको अर्थ हो देशमा एकता हुनु, देशभरका सबै मानिस आफूलाई एक परिवार सम्झियून्, त्यहाँ जात, धर्म, वर्ण, लिङ्ग, नश्ल गौण कुरा हुन्छ । यही आदर्शको धरातलमा प्रजातन्त्र र समाजवादलाई गति दिनुपर्छ । यसरी जनताका लागि राजनीति हुनुपर्छ भन्ने जनवादी चिन्तन नै बीपीको चुरो हो ।

**विकासवादी एवं सामाजिक समाजवादी व्यक्तित्व**

बीपी देशमा भौतिक एवं मानसिक विकास अपरिहार्य आवश्यकता ठम्याउँथे । वित्तीय बन्धनले आज सारा विश्व एउटा डल्लो हुँदैछ । तमाम संसार एकाइमा परिणत हुँदैछ । यो स्थितिमा अविकसित राष्ट्रहरुलाई विकसित राष्ट्रहरुले सहयोग गर्न अनिवार्य छ । हाम्रो देशको सन्दर्भमा गाउँलेलाई बेवास्ता गर्ने कुनै पनि विकास विकास होइन । अनि विकसित मुलुकको तडकभडक देखेर त्यसैमा हुरुक्क भई हामीले विकासलाई रोमान्टिक वस्तुजस्तो नठानौँ । प्रजातन्त्र र विकास परस्पर विरोधी नभई एक अर्काका पूरक हुन् ।

विकासप्रेमी उनका यी सुन्दर सूत्र कति कालजयी भएर नाचेका छन् । परनिर्भरतालाई न्यूनीकरण गर्दै देशमा उत्पादन बढाएर आफ्नै भूगोल अनुरुपको विकासे योजना बीपीले पस्किए । समाजवादको परम्परावादी वा कल्पनामूलक सोचसित विमति जनाउँदै बीपीले यसरी बुझाए- हाम्रो मुलुक गरिब छ । यो किसानको मुलुक हो । जसले किसानको, हलो जोत्नेको भलाइ गर्छ, जसले गाउँ र त्यहाँका बासिन्दाको अवस्था चिनेको छ, गाउँको भलाइको जुन नीति र कार्यक्रम छ त्यही हो समाजवाद । बीपीले समाजवादलाई क्रियात्मक बनाउन यसरी जोड गरे । अनि ब्रेडले मात्र हैन मान्छे ब्रेनले चालित हुन्छ भन्दै भौतिक एवं वैचारिक बुभुक्षा पूर्ण गर्न चाहन्थे समाजवादमा उनी । जुन काम गर्दा नेपालका गरिब किसान गाउँलेको उत्थान र हित हुन्छ, त्यही समाजवाद हो । यसैले बीपीले नेपालमा समाजवाद सबल गर्न लघु उद्यम र स्वदेशी वस्तुको प्रयोगलाई जोड दिएका थिए । आधुनिक लोकतान्त्रिक समाजवादका व्याख्याता जर्मन प्राध्यापक थोमस मयर भन्थे- अधिकार भनेको राजनीतिक मात्र होइन, आर्थिक, सामाजिक र सांस्कृतिक उत्थान पनि हो । यसैले सबै पक्षको यात्रा मात्रा मिलाएर गर्न सकेमा लोकतन्त्र सामाजिक हुनसक्छ । बीपीको विचार पनि यही निकट छ ।

यसरी बीपी एक न्यायप्रेमी व्यक्तित्वको रूपमा पनि देखिन्छन् । उनको मान्यता यसरी बोल्छ- न्याय कुनै अभेद्य रहस्य हैन । प्रत्येकलाई त्यसको विरेचन एवं निरूपण गर्ने शाश्वत हक हुन्छ । तरुणवर्गप्रति सचेत गराउँदै तरुणलाई राजनीतिक दलका साथी, त्यागका प्रतिमूर्ति, समाजवादको नाममा प्रजातन्त्रको हत्या हुन नदिने र प्रजातन्त्रको नाममा शोषण स्वीकार नगर्ने कर्तव्यका तागत भनी मान्थे । क्रान्तिकारी व्यक्तित्वका बीपीको मान्यता थियो- प्रजातन्त्र ल्याउन सङ्घर्ष गर्नु हाम्रो अधिकार हो । तर म अनियन्त्रित सङ्घर्ष चाहन्न । म क्रान्तिवादी हुँ, आतङ्ककारी हैन, 'क्रान्ति' मेरो अर्थमा जनताको सक्रिय विरोधको त्यस्तो स्थिति हो । जसमा जनताले आफूविरोधी सरकारमाथि यस्तो प्रभाव पार्छ कि त्यो सरकारले जनताको हकअधिकार दिन बाध्य हुन्छ । बीपी धर्मको मामलामा निरपेक्ष र सापेक्ष भनेर वकालत नगरी 'धार्मिक स्वतन्त्रता' भन्न रुचाउँथे । अधिनायकवादी शासनले नोकरशाहीको रूप त तयार गर्न सक्छ तर जनताले आफूलाई त्यसमा समाहित गर्न सक्दैन भन्थे बीपी । यसरी बीपी साहित्य, चित्रकला, सङ्गीत, राजनीति, कानुन र विश्वका समग्र घटनाका विश्लेषक थिए । त्यसैले त उनलाई बहुमुखी प्रतिभाका पात्रको रूपमा निर्धक्क भएर चित्रण गर्न सकिन्छ । भाषा भनेको आम मान्छेको भावनालाई ध्वनिका रूपमा अभिव्यक्त गर्ने माध्यम हो भनी उदार परिभाषा दिन्थे उनी । भावुक, चिन्तनशील, विद्रोही बीपी आत्मा अडिन स्वतन्त्रता चाहिन्छ भन्थे ।

*रातोपाटीबाट*

# विचार बिनाको सिनेमा खोक्रो आदर्श हो

**केशव गजुरेल**

श्यामश्वेत पर्दा भित्र सलबलाउने बिचित्रका रंगीन पात्रहरु हेर्दा मलाई अचम्म लाग्थ्यो । लाग्थ्यो - कसरी त्यहाँ भित्र छिरे ति मानिस । बिस्तारै त्यो कौतुहल र सिनेमाको प्यास बढ्दै गयो संगै मेरो उमेर पनि । सिनेमा कसरि बन्छ ? त्यहाँ भित्र मानव जाति कसरी छिर्छन ? छिनको छिनमै कपडा कसरि फेर्छन ? भन्ने कुराको छट्पटाहट र प्यास बोकेरै मैले एस.एल.सी हुदै प्लस टु सके । त्यो छट्पटाहटको भुमरीमा उड्दै उड्दै म ब्याचलरको लागि ओस्कार ईन्टरनेसनल कलेज( कलेज अफ फिल्म स्टडिज) मा भर्ना हुन पुगे । कलेज पढ्दै गर्दा विश्व सिनेमा जगतका बारेमा अध्यन हुदै गयो । सिनेमाको बारेमा अरुका सिनेमा हेर्दै बिस्तारै आफ्नै दर्ष्टिकोण बन्दै गयो ।

सिनेमामा भनेको विचारसंग सम्बन्धित एउटा विराट बिषय हो । त्यसैले यसमा फरक फरक मानिस बीच फरक फरक धारण हुने गर्छ । मेरो बिचारमा, एउटा सिनेमा कलेजबाट स्नातकोत्तर हासिल गरेको बिद्यार्थीको रुपमा भन्नु पर्दा सिनेमा एउटा विचार सम्प्रेषण गर्ने माध्यम हो । सिनेमामा विचार नै अर्थपूर्ण हुन्छ । मुलतस् साहित्यमा विचार भाषा द्वारा, अक्षर द्वारा सम्प्रेषण हुन्छ । यहि कुरा सिनेमामा पनि लागु हुन्छ तर यसो भनिरहदा सिनेमा र साहित्य एकै हुन् भन्न खोजेको चै होईन । मानिसहरु भन्ने गर्छन कि सिनेमा पनि साहित्य हो तर मलाई त्यस्तो लाग्दैन । हो सिनेमा र साहित्य एकअर्कामा सम्बन्धित बिषय ( इन्टर कनेक्टेड) हुन् । तर विधा फरक छ। शैली फरक छ। साहित्यमा भाषाद्वारा विचार व्यक्त गर्दा विशिष्ट अभिव्यक्ति हुन्छ तर सिनेमामा भाषासँगै भिज्युल ल्याङ्गोयज जोडिएर आउछ ।

सिनेमा किन बनाईन्छ ? यस प्रश्नसंगै विचार र दृष्टिकोण जोडिन्छ । दृष्टिकोण अर्थात संसार जगतलाई हेर्ने आँखा हो । यसमा प्रष्ट हुदा विचार जोडिन्छ । त्यसैले जीवन जगतलाई खोतल्ने र दृष्टिकोणमा स्पष्ट हुने क्रममा सिनेमामा विचार स्वत आउने गर्छ । भौतिकवाद र अध्यात्मिकवाद दुई बिपरित ध्रुवका दृष्टिकोण सिनेमासंग जोडिन्छ । सिनेमाको सिर्जनाक्षेत्रको चयन विचारको रोजाई हो । वास्तवमा सिनेमामा विचार नै प्रगाढ हुन्छ । सिनेमामा निर्देशक वा लेखक बाँचेको युग र समाज प्रतिविम्ब हुदा नै सिनेमाको सिनेत्वको उर्जा उच्च हुन्छ । युगको मर्ममा, समाजको खुशीमा लेखकर निर्देशकको देश र अन्तरक्रिया नै सिनेमा प्रस्फुटन हो । सामाजिक अभ्यास र दोन्दको गहिराईमा सिनेमाको अर्थ घनिभूत हुन्छ । युगको अस्तिस्त्व र गति अभिव्यक्त गर्न सक्ने निर्देशक नै प्रतिभाशाली निर्देशक हो र उसले युग र समाजलाई विचारमा उत्प्रेरित गर्छ सिनेमाको माध्यमबाट ।

निर्देशक र सिनेमा गतिशील विचारको पक्षपाती हुन्छ । यथास्थितिको जडतामा ठिङ्गिएको सिनेमा मूल्यहीन हुन्छ । सिनेमा क्षेत्रमा भएको अन्धकारको विरुद्द जुझारु भएर उज्यालोको पक्षमा मत जाहेर गरेर सिनेमा क्षेत्रलाई उज्यालो बनाउने सिनेमाको विचार वास्तवमा सर्वोत्कृष्ट हुन्छ । सिनेमामा दृश्य र धोनीको खेल हुन्छ । यो चयन क्षमता र प्रविधिको निपूर्णता हो । प्रविधि कलात्मक हुनु सिनेमाकै विशेषता भएकाले सिनेमामा पनि प्रविधिको कलात्मक गुम्फन हुन्छ । दृश्य भाषाको खेल भित्र बिम्ब, प्रतिक र अलंकार विशिष्टता झल्कन्छ । त्यो विशिष्टता सिनेमाको सुन्दर पक्ष हो । कतिले यहि सौन्दर्यमा सिनेमाको अर्थ भेट्छन तर विचारको जलप नलगाई यो सौन्दर्य चम्किलो बन्दैन । यसमा निर्देशक प्रस्तुतिको बाटो खोज्छ। अनि त्यस बाटामा सम्पूर्ण सिनेमा हिड्छ। निर्देशकको प्रतिभाको नौलोपन यसमा सहजै देखिन्छ ।

सिनेमाको पनि आफ्नै लय हुन्छ। जस्तो कवितामा हुन्छ। त्यो लय भनेको विचार संगै जोडिएको हन्छ। निर्देशकको विचारसंग। असल बिचारलाई कुशल प्रविधिमा व्यक्त गर्दा सम्प्रेषणको प्रभाव पर्छ। फास्ट कटिङ्ग सिनेमा होस् वा स्लो पेसको सिनेमा होस् त्यो सिनेमाको लयमा लयात्मक सौन्दर्यको खोजि निर्देशकको विचारले नै गर्छ। सिनेमाको आवश्यक तत्व हो तर यो नै प्रधान भने हैन। वास्तवमा कुशल र असल निर्देशकले नयाँ लयको सिनेमा जन्माउछ र सिने युगको नेतृत्व गर्छ ।

बुद्धि पक्ष हार्दिकतामा घुलित हुँदा नै सिनेमाले छुन्छ । यस किसिमको सम्बल समाजबाटै लिनुपर्छ । समाजको वर्तमानिक दोन्द नै आजको सिनेमा हो । वर्तमानबाट भागेर, तर्सेर र प्रतिगामी भएर आजको सिनेमा लेखिदैन र बनाईदैन । आफ्नो उपस्थिति भेडा भेडाको द्वन्द्वमा सीमित पार्नाले सिनेमा विचारबाट टाढिन्छ । यस किसिमको टढाईसंगै तटस्थताका नाममा अमुर्त पक्ष आउँछ र भावात्मक आवेग खज्मजिन्छ। यसले सिनेमाको वैचारिक तीव्रता र उत्कृष्टतामा प्रभाव पार्छ। सिनेमा जीवनजस्तै व्यापक र विविधताले भरिएको तर्क भित्र विचारको विविधता आउने तर्क जन्मन सक्छ। मेरो विचारमा विषयगत विविधता भनेको वैचारिक विविधता होईन । प्रेम, संघर्ष, मर्म, गरिवी र शोषण आदिको अनुभूतिमा जीवनको विविधता सिनेमामा आउनु स्वभाबिक नै हो ।

सिनेमा विचारको यात्रा हो । निर्देशक सिनेमाको संसारमा हराउँदाको लहड मात्र नभएर यथार्थको बोध गर्ने अभ्यास पनि हो । निर्देशक अल्लारेपनबाट जति जवान बन्छ त्यति नै वैचारिकतामा उच्च हुन्छ । सिनेमाको उचाई वैचारिकतामा नै उच्च हुन्छ। सिनेमा आफैमा राम्रो वा नराम्रो हुदैन। दर्शकका स्वादमा भर पर्छ। एउटालाई मन परेको सिनेमा अर्कोलाई मन नपर्न पनि सक्छ । तर चाहे दर्शकलाई राम्रो लागोस या नलागोस सिनेमामा विचार चै हुनुपर्छ। विचार बिनाको सिनेमा खोक्रो आदर्श छाटेको जस्तै हुन्छ ।

कुनै पनि किसिमका इभेन्टहरु गर्नका लागि

कुनै पनि किसिमका कार्यक्रमहरु गर्नका लागि लागि

हामीलाई सम्झनु होस् ।

हामी तपाईहरुको चाहना बमोजिम सबै खालका इभेन्टको आयोजना गर्नका लागि तयार छौं । तपाईहरुको सन्तुष्टी नै हाम्रो उपलब्धी हो ।

क्रिजोना मिडिया प्रा.लि.

काठमाडौं

संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं : घर घरमा राष्ट्रिय झण्डा फहराऔं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## त्रिपाठी.....

उपस्थिति थियो । भेलाले १७ बुँदे माग राख्दै देशभर संगठन विस्तार गर्ने घोषणा गरेको थियो । सबै जिल्लामा जिल्ला समिति तथा ७ प्रदेशमा प्रदेश समिति गठन गर्ने घोषणा गरेकाले उक्त समूह दलमा परिणत हुन लागेको अनुमान गरिएको हो । सो भेलामा प्रतिनिधिसभाका दुई सांसद त्रिपाठी र गुप्ता तथा प्रदेश ५ का दुई सांसद अजय शाही तथा धर्मबहादुर श्रीवास्तवको उपस्थिति रहेकाले उक्त समूह नेकपाबाट पूर्णरुपमा टाढा हुने अवस्थमा रहेको संकेत गरेको छ । उक्त समूहका नेताहरु पछिल्लो संघीय तथा प्रदेशको चुनावमा तत्कालीन नेकपा (एमाले) को चुनाव चिन्हबाट चुनावमा उठेका थिए ।

सूर्य चिन्ह लिएर जितेका उनीहरुले छुट्टै दल बनाउन चाहेमा कानूनी रुपमा के होला त भनी प्रश्नहरु पनि उठिरहेका छन् । तर त्यस विषयमा नेता त्रिपाठी भने कुनै समस्या नआउने दाबी गर्छन् । उनले भने, 'विगतमा पनि पद्मरत्न तुलाधारले सूर्य चुनाव चिन्ह लिई चुनाव जिते पनि तत्कालिन एमालेको सदस्य हुनु भएन'। अर्को पार्टीको चुनाव चिन्ह लिई चुनाव लड्न सक्ने कानूनमै व्यवस्था भएको उनले दृष्टान्त दिए ।

## कोरियामा.....

गुरुङ हालको एनआरएनका बरिष्ठ उपाध्यक्ष हुन् । त्यसैगरी बुद्धि गुरुङ अघिल्लो अधिवेशनमा अध्यक्षका प्रत्यासी थिए ।

कुँवरले पहल थालेपछि वामपन्थीहरु भने निराश बन्न पुगेका स्रोतले जानकारी दिएको छ । काँग्रेस भित्र वामपन्थीहरुले खेल्न चाहिरहेको अवस्थामा काँग्रेस समर्थितहरु एक भएको अवस्थामा परिणाम काँग्रेसीको पक्षमा आउने भएको भन्दै कुँवरले मिलाउने कार्यको थालनी गरेको दाबी गरिएको छ ।

## तरुण.....

अध्यक्षमा मनोनीत गरेको पत्र पठाएपछि दलका अध्यक्ष बस्नेतको पारो तातेको थियो ।

काँग्रेसले भदौ २४ गतेबाटै शुरु गरेको जनजागरण अभियानलाई नौटंकीको संज्ञा दिएका शाहीले अध्यक्ष बस्नेतसँगको दूरी बढाउन त्यस्तो वक्तव्य जारी गरेको अनुमान गरिएको छ । उनले बस्नेतसँग मात्र नभई काँग्रेसका नेताहरुलाई समेत जोडी वक्तव्यबाजी गरेका छन् । त्यसो त बस्नेतले भदौ २० गते आफूलाई जानकारी नदिई परिपत्र जारी गरेपछि शाहीले तीनवटा परिपत्र जारी गरी बस्नेतलाई झनै चुनौती दिएका थिए । कार्यकाल सकिन दुई महिना मात्र रहदा समेत चार जना पदाधिकारीमा तरुण दललाई सीमित गरी काँग्रेस नेतृत्वमाथि नै प्रश्न उठ्ने अवस्था आएको भनी शाहीले प्रश्न गरेका थिए । समाचार स्रोतका अनुसार तरुण दल केन्द्रीय समितिको विस्तार, ने.वि.संघ तदर्थ समिति गठन लगायतका काम यहि भदौ भित्र सक्ने तयारीमा काँग्रेस जुटिरहेको छ ।

## कांग्रेस.....

स्वास्थ्यमन्त्रीको राजीनामा माग गर्छु, सरकार मुकदर्शक भएर हुँदैन, तत्काल संकटकाल घोषणा गरेर अघि बढ्नुपर्छ ।'

सांसद गौतमले अहिले दुई तिहाइ बहुमतको सरकारले जनताको रक्षा गर्न नसके कसले गर्छ भन्ने प्रश्न पनि गरे । मन्त्री र स्वास्थ्यकर्मीसमेत डेंगु प्रभावित हुँदा पनि स्वास्थ्यमन्त्री चुप बसेको भन्दै उनले राजीनामा माग गरे । 'मन्त्री स्वयं डेंगुको रोगले अस्पतालमा हुनुहुन्छ । स्वास्थ्यकर्मी पनि यसबाट पीडित हुनुहुन्छ । ३ हजार जनता डेंगुबाट पीडित छ । सिंगो देश आक्रान्त छ । तर सरकार मौन छ । म यसमा घोर आपत्ति जनाउँदै स्वास्थ्यमन्त्रीको तत्काल राजीनामा माग गर्दछु' सांसद गौतमले भने ।

## बीपी....

सक्रियता र योजनामा बी.पी. राजमार्ग धुलिखेल-नेपालथोक-मूलकोट ७० कि.मि. र चियाबारीदेखि बर्दीबाससम्म ४४ कि.मि. सडकलाई डबल लेन बनाउनका लागि विस्तृत सर्वेक्षणको तयारी भइराखेको समाचार स्रोतले जानकारी दिएको छ । दशैं अगाडि कन्सल्ट्यान्ट हायर गर्ने र उसको रिपोर्टपछि निर्माणमा जाने बताइएको छ । सो राजमार्गलाई डबल लेनमा सेवा दिन सक्ने बनाउन आयोजना प्रमुखले भाटले जापान सरकार र नेपाल सरकारलाई कन्भिन्स गरेको र नेपाल सरकारको लगानीमा सो राजमार्ग विस्तार हुने बताइएको छ ।

मध्यपहाडी राजमार्गमा सिन्धुलीको दुम्जा-कुशेश्वर महादेवबाट खैरेनी पुल तरेपछि र मूलकोटभन्दा सित्खापुलबाट मध्यपहाडीमा जोडिएर खुर्कोट निस्कने भएकाले सडक विस्तारमा भाटले जोड दिएको सरोकारवालाहरुले बताएका छन् । खुर्कोटबाट चियाबारीसम्म ७ कि.मि. टनेल बनाएपछि बी.पी. राजमार्ग साँच्चिकै बी.पी.जस्तै बन्ने बताइएको छ ।

## न्यायाधीशप्रति....

जानकारहरुले बताएका छन् । राष्ट्रलाई घाटा र एनसेललाई फाइदा पुगेको भन्दै सत्तारुढ सांसद्हरु यज्ञराज सुनुवार, मोहन बानियाँ, खगराज अधिकारी, शेरबहादुर तामाङ तथा काँग्रेस सांसद् पार्वती डिसी चौधरी र रंगमति शाहीले संसद् तताएपछि अवस्था गम्भीर बनेको छ ।

## रिक्त....

आचार्य र रामकृष्ण सापकोटाको प्रतिस्पर्धा हुने जानकारहरुले बताएका छन् ।

बढुवा भएका प्राविधिक सचिवद्वय श्रेष्ठलाई राष्ट्रिय सतर्कता केन्द्र र शर्मालाई विज्ञान तथा प्राविधि मन्त्रालयमा पठाइने सम्भावना रहेको समाचार स्रोतले बताएको छ ।

## गौतमलाई....

पनि सकारात्मक बनेपछि गौतमको पासा पल्टिने बताइएको छ । कास्की २ बाट उम्मेदवार बनाउने चर्चामा रहेकी विद्या अधिकारी (भट्टराई) लाई अबको पाँच महिनापछि (माघमा रिक्त हुने राष्ट्रिय सभामा लगी गौतमलाई कास्की २ बाट माहोल क्लियर बनाउन खोजे पनि सोमनाथ प्यासी र विद्यार्थी नेता रश्मी आचार्यको पनि उम्मेदवारको चर्चा चलेको छ । नेकपाले राज्यको सम्पूर्ण शक्ति लगाए पनि स्थानीय नेताहरु असन्तुष्ट बनी टुरिष्ट नेता भन्दै असहयोग गरे गौतमको राजनीतिक भविष्य समाप्त हुने कास्की २ का चिया पसलदेखि सरकारी कार्यालयहरुमा व्यापक चर्चा चलेको छ ।

## अर्थमा.....

उता, आन्तरिक राजस्व विभागको महानिर्देशकमा प्रधानमन्त्री कार्यालयका प्रवक्ता विनोद कुँवरलाई पठाइएको छ भने अख्तियारबाट सम्पत्ति शुद्धिकरण हुँदै त्रिभुवन विमानस्थल भन्सार कार्यालयको प्रमुख प्रशासन बनेका गजेन्द्र ठाकुरलाई बबरमहलस्थित मध्यमस्तरीय कर कार्यालयमा पठाइएको छ । यसैगरी एयरपोर्ट भन्सारमा प्रमुख खाली रहेको समाचार स्रोतले जानकारी दिएको छ । अर्थमन्त्रालयको राजस्व सचिवमा तोयम रायको सम्भावना रहेको जानकारहरुले बताएका छन् । वरिष्ठ सहसचिवहरुको प्रदेशमा गरिएको सरुवाले अर्थमन्त्रालयमा भद्रगोलको अवस्था आएको समाचार स्रोतले बताएको छ ।

भन्सारमा दाहालले पाएको जिम्मेवारीलाई उचित ठानिएको र आन्तरिक राजस्व विभागमा अनुभव नै नभएका व्यक्तिलाई जिम्मेवारी दिइएको भन्ने चर्चा चलेको छ ।

## धर्मको.....

निर्वाचनमा कांग्रेस जनताबाट पराजित भएको बताउँछन्, काङ्ग्रेस नेता रामचन्द्र अधिकारी । अधिकारीका अनुसार त्यही पछुतोसहित कांग्रेसमा यतिबेला हिन्दु धर्मका पक्षमा ध्रुवीकरण बढिरहेको छ । 'पार्टीको १४औं महाधिवेशनमा धर्मको मुद्दाले प्राथमिकता पाउने वातावरण तयार हुँदैछ,' अधिकारीले भने, 'जसले हिन्दु राष्ट्रको एजेन्डालाई इमान्दारसाथ बोक्छ त्यही नै अबको पार्टीको सभापति र देशको प्रधानमन्त्री बन्छ ।'

युवा नेता गगनकुमार थापा धर्म व्यक्तिको निजी मामिला भए पनि जबर्जस्ती धर्म परिवर्तन गर्ने क्रम बढेकोप्रति नेपाली काङ्ग्रेसका सबैजसो नेताहरू गम्भीर भएको बताउँछन् । नेपालको हिन्दु पहिचान, अन्य सनातन धर्महरूको रक्षा र धार्मिक स्वतन्त्रका विषयमा नेपाली कांग्रेसले प्रस्ट धारणा बनाउन आवश्यक भएकोले काङ्ग्रेसभित्र हिन्दू धर्मबारे भइरहेको बहसलाई स्वाभाविक मान्नुपर्ने उनको तर्क छ ।

काङ्ग्रेस नेता एनपी सावद पनि हिन्दूराष्ट्रको पक्षमा खुलेरै वकालतमा उत्रिएका छन् । काङ्ग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले हिन्दु राष्ट्रको विषय काङ्ग्रेसको केन्द्रीय समितिमा पनि उठेको बताए । 'धर्मका पक्षमा विचारहरू आएका छन् । काङ्ग्रेस नेतृत्व यो विषयमा गम्भीर छ,' प्रवक्ता शर्माले भने, 'एउटा धारले हिन्दूराष्ट्रमार्फत् कांग्रेसलाई सशक्त बनाउन सकिने विश्लेषण गरिरहेको छ तर यो विषयको छिनोफानो महाधिवेशनले गर्ने हो । धर्मको कुरा निकै संवेदनशील हुने भएकाले १४औं महाधिवेशभन्दा अघि यस विषयमा कुनै प्रतिक्रिया दिनु हतारो हुनेछ ।'

'नेपाली काङ्ग्रेसले हिन्दु राष्ट्रको एजेन्डा बोके मात्र अहिले मुलुकमा विद्यामान कम्युनिस्ट सर्वसत्तावाद र दुईतिहाई बहुमतको दमभलाई चुनौती दिन सक्छ भन्नेमा हामी सहमत छौं,' एक केन्द्रीय सदस्यले भने, 'नेपाललाई हामी सनातन हिन्दु राष्ट्र बनाउन चाहन्छौं । तर त्यो पुरातन र सङ्कीर्ण खालको हिन्दु राष्ट्र होइन । राजारहित, उदार र धार्मिक स्वतन्त्रतासहितको हिन्दु राष्ट्र ।'

# बिपी विचारका पथिक र पन्थ

अहिले नेपाली कांग्रेसमा बिपीका विचारहरूको स्वतन्त्र परिभाषा र आग्रहको विकास हुन लागेको छ । हुन त विचारको शृंखला अनन्त हुन्छ । उपस्थितिको पृथक कोणका आधारमा दृष्टिकोण विकास भइरहेको हुन्छ । को कता कुन दिशातिर फर्केर बसिरहेको छ, हेरिरहेको छ र कसरी सोचिरहेको छ, त्यसैका आधारमा उसका दृष्टिकोण विकास भइरहेका हुन्छन् । समर्थ मानिसले आफैं विचार निर्माण गर्छ ।

असमर्थ मान्छे अरूका विचारलाई लिएर बहस गरिरहेको हुन्छ । अरुका कृति अध्ययन गरेर विद्वान् मानिनु र अरूका विचारलाई लिएर पौंठेजोरी खेल्नु समान हुन् । हामी नितान्त अहिले कुनै नवीन विचार सिर्जना गरिरहेका छैनौं । अरूका विचारको परिभाषा र व्याख्यामा हाम्रो समय अवशिष्ट हुँदै गएको छ । सिर्जना भन्दा पनि समालोचना र समीक्षा गर्नु सजिलो हुन्छ ।

हामी सबैजना सजिलो काममा ब्यस्त छौं । खासगरी जीवन र मृत्युदेखि समाज विकास र विनाशको दर्शनलाई जसले पनि आफ्नो चिन्तनचेत, अनुभव र तृतीय चेतद्वारा प्राप्त ज्ञानोत्पादित सामग्रीहरूका आधारमा बहस गरिरहेको हुन्छ । र, आफूले बुझेको सत्यलाई विस्तारित गर्ने प्रयास गर्छ । ठूला दार्शनिकहरूका अनुयायीहरूका अहंकारका कारण पूर्वजहरूका ती विचार चिराचिरा परिरहेका छन् । अनेक पन्थहरू निर्माण भइरहेको छ । बिपी कोइरालाका विचारहरूमा समेत पन्थको प्रवेश देखिन लागेको छ । कार्ल मार्क्सको भौतिकवादी समाजशास्त्रीय चिन्तन र निष्कर्ष अहिले 'भांग्राको धोतीलाई गुएलाको फूल' सिद्ध भएको छ । सवा सय वर्षपहिलेको समाजको अध्ययनबाट समाजबारे गरिएको विश्लेषण क्रमशः मानिसका आवश्यकताहरूले, भौतिक आविष्कार र त्यसका परिणामहरूले फरक कोणमा किनारा लगाइरहेका छन् ।

विचारको स्थायित्व र अमरत्व रहन्छ तर त्यसलाई जीवन्त र निरन्तर ग्रहणशील बनाउन अनुयायीहरूको आवश्यकता पर्छ । अनुयायीबिना विचार इतिहासको कुनै अध्यायको कुनै पृष्टमा हेर्नुपर्ने हुन्छ । मार्क्सवादको आन्तरिक पक्ष अबका दिनमा उनकै दास क्यापिटल, कम्युनिस्ट मेनिफेस्टो वा उनका छरिएका अरु रचनामा खोज्नुपर्नेछ । प्रयोगमा कतै पनि देखिँदैन । प्रयोगका नाममा निरंकुशता र वर्ग संघर्षको खेतीमार्फत् सम्पूर्ण सत्तामाथि केही व्यक्तिको नियन्त्रण स्थापित हुन पुग्यो तर मार्क्सका विचारहरूको प्रयोग भएन ।

अनुयायी संसारमा धेरै छन् तर ती यथार्थमा मार्क्सवादका नाममा आफ्नो नियन्त्रण स्थापित गर्ने महत्वाकांक्षीहरूको जमातबाहेक केही पनि हुन नसकेको इतिहास प्रमाणित विषय हो । त्यसो त आध्यात्मिकता र राजनीतिलाई अन्योन्याश्रित मान्ने गान्धीको विचारको शृंखला पनि पूर्णतः कार्यान्वयनमा आएको छैन । गान्धी विचारले त समाजलाई आदर्श सेतु निर्माण गर्ने प्रयास गरेको छ । अब ती विचार जसरी मार्क्स आफ्नै जन्मभूमि जर्मनीमा भेटिँदैनन् विस्तारै गान्धी विचार पनि जयन्तीको पूजा अर्चनामा सीमित हुन लागेको प्रतीत हुन्छ । बिपी विचारको अर्थवत्ता पनि यसरी नै अल्झिएको, जेलिएको अवस्थामा देखिन्छ ।

सन्दर्भ बिपी जयन्तीको हो । अहिले बिपीका अनुयायीहरू आफ्नो विश्वासअनुसार उनका विचारहरूको चिरफार गर्नमा ब्यस्त छन् । बिपीका नाममा स्थापित धेरै संस्था छन् । ती संस्था आफैं फरक स्कुल जस्ता देखिँदैछन् । बिपीकै नाममा व्यक्ति राजनीतिको खेती उन्नत छ । बिपीका सच्चा अनुयायी बन्ने होड पनि कम छैन । त्यही होडले बिपीको वैचारिकतामा अनेक पन्थको धार देखिन लागेको हो । वर्तमान परिवर्तनको अन्तिम नायक गिरिजाप्रसाद कोइरालाका कर्महरूको परिभाषाले विस्तारै बिपीका विचारलाई ओझेलमा पुऱ्याउने र बिपी विचारलाई फरक कोणहरूमा परिभाषित गरी पन्थमा रूपान्तरित गर्ने वातावरण सिर्जना भएको छ ।

नेपालको राजनीतिमा कोइराला परिवारका धेरै सदस्यको योगदान अविश्मरणीय छ । कृष्णप्रसाद कोइरालाबाट आरम्भ त्यस योगदानको वटवृक्षमा दिव्या, नोना र शैलजाहरूको समेत समान योगदान छ । यदि कृष्णप्रसाद कोइरालाले बजाएको सामाजिक र राजनीतिक परिवर्तनको प्रतीकात्मक बाँसुरीमा मातृका, बिपी वा गिरिजा र केशव नजोडिएको भए सम्भवतः त्यस परिवारको कुनै इतिहास रहने थिएन । यीमध्ये पनि बिपी विचारका हिसावले आजसम्मको नेपाली लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको प्रथम भाष्यकार भएका छन् । तर नेपालमा अहिले राजसंस्था उन्मूलन गरी प्राप्त गणतन्त्र, संघीयता, समावेशिता, मिश्रित निर्वाचन प्रणाली र धर्म निरपेक्षताका सिद्धान्तहरूको जगमा गिरिजाप्रसादको योगदान छ । यी विचारलाई गिरिजाप्रसादले परिभाषित गरेका होइनन्, उनले प्रतिक्रियाका आधारमा तय गरेका बाटा हुन् यी । यी यथार्थमा राज्यका संयन्त्र हुन् । विचार त राष्ट्रियता, लोकतन्त्र र समाजवाद नै हो । जसलाई नेपालको सन्दर्भमा बिपी कोइरालाले नै पहिलोपल्ट परिभाषित गरेका हुन् ।

राज्यसंयन्त्रमा परिवर्तन गर्ने गिरिजाप्रसादका कर्महरूको छायाँ र तिनलाई सैद्धान्तिकीकरण गर्ने प्रयासमा बिपीले परिभाषित गरेका सिद्धान्तको डोरी ओझेलमा पर्न लागेको हो कि भन्ने संशय कांग्रेसभित्र विकास हुन लागेको पन्थको अन्तर्य हो । गिरिजाप्रसादका कारण बिपीका विचार छायाँमा परेको ठान्नेहरूले धर्मको विषय र गणतन्त्रको विषयलाई रुढ तहमा विमर्श गरेको सुनिन्छ । शक्ति सन्तुलनका सन्दर्भमा बिपी तत्काल राजसंस्थासँग उदार रहे पनि उनले जनविरोधी राजसंस्था र राजालाई जनताले कुनै पनि हालतमा अस्वीकार गर्ने निर्णय विचार प्रस्तुत गरेका थिए । निजी जीवनमा उनी हिन्दु पररम्परा र संस्कृतिभित्रका थिए तर राज्यलाई धर्मसँग जोड्ने विषयलाई उनी पाखण्डको



पुरुषोत्तम दाहाल

संज्ञा दिन्थे । उनका अनेक विचार साहित्यमा यी तर्क पढ्न पाइन्छ । बिपीवादका अनन्य अनुयायीहरूले अहिले आएर राजसंस्थाको पक्षमा, धर्मराज्यका पक्षमा अनावश्यक जिरह गर्नुको कुनै औचित्य छैन ।

गिरिजाप्रसाद कोइरालाले धर्म र गणतन्त्रका सम्बन्धमा निर्णय गर्दा चुइँक्क एक शब्द नबोली ल्याप्चे ठोक्दै संसद्मा बस्ने अनि कोइरालाको प्रिय हुन अनेक प्रपञ्च रच्नेहरू अहिलेको कांग्रेस नेतृत्वमाथि आक्रामक भएको सुनिन्छ । तर यो निर्णय गर्ने/गराउने नायक गिरिजाप्रसाद कोइराला हुन् नि ? धर्म राज्यको वा राजसंस्थाका विषयमा कुरा गर्ने कोइराला वंशका धरोहर, उत्तराधिकारीहरू र अनुयायीहरूले गिरिजाप्रसादलाई यतिखेर अस्वीकार गर्न र उनको आलोचना गर्न सक्छन् त ? समाजवाद पनि रुढ मान्यता होइन । आर्थिक सामाजिक रूपान्तरणको माध्यम र आधारमात्र हो ।

खासगरी उल्लिखित तीनवटा सन्दर्भमा पन्थको निर्माण हुँदैछ । पहिलो- बिपीले तत्कालको आवश्यकताका आधारमा लिएको नीति राष्ट्रिय एकता तथा मेलमिलापको सान्दर्भिकता । दोस्रो- बिपीले त्यस समयमा परिभाषित गरेका समाजवाद र तेस्रो- बिपीको धर्मप्रतिको दृष्टिकोण । यी तीनवटा विषयमा अहिले नेपाली कांग्रेसका अनेक दिग्गजहरूका मतभिन्नता सार्वजनिक भएको सुनिन्छ । जब विचार सिद्धान्तमा रूपान्तरित हुन्छ त्यसले आयामिक मार्गको खोजी गर्न लाग्छ । समाज विकासलाई अग्रगति दिने, यसलाई गतिशील बनाउने र विकास र विनाश गर्ने भनेकै सिद्धान्त र आविष्कारहरू हुन् जो मानिस आफैंले निर्माण गरेका हुन् । कुनै तृतीय ग्रहबाट विचारको स्फुरण भएको होइन ।

विचारका सन्दर्भमा मानिसले जे/जति चिन्तन, दर्शनहरू प्रस्तुत गरेका छन् ती सबै संसारको निर्मितीपछिका उद्घाटनबाहेक केही पनि होइनन् । निर्मितीको रहस्यलाई ज्ञानचक्षुमार्फत खोल्ने प्रयत्न नभएका होइनन् । तर ती सबै संसार सिर्जना भन्दा निकैपछिका अनुमान हुन् । विचारले सिर्जनाको रहस्यलाई उद्घाटित गर्न सकेको छैन र निकट भविष्यमा समेत उद्घाटित गर्ने कुनै सम्भावना देखिँदैन । तर एउटा सत्य के हो भने विचारले नै समाजलाई परिष्कृति वा विनाश दुवैतर्फ धकेलिदिन सक्छ । बिपी विचार समाजलाई निर्मितीतर्फ अग्रसर गराउने चिन्तन हो । त्यो विचार चारैतिरबाट खाडलमा जम्मा भएको र कुनै निकास नभएको पानीको दह जस्तो होइनतयर । समयअनुसार यसलाई गतिशील मान्नुपर्छ ।

हिजोको नेपाली समाज, शासकीय शक्ति, अन्तर्राष्ट्रिय मान्यता र सम्बन्धहरू, आवश्यकता र आविष्कारहरूमा अहिले बृहत् अन्तर भएको छ । अब हिजोका दिनमा सुमाकरले भनेजस्तो 'स्मल इज ब्युटिफुल' को अवस्था छैन । प्रकृतिको दोहन, परीक्षण, प्रयोगका कारण विश्वव्यवस्थामा नै व्यापक परिवर्तन भइरहेको छ । यद्यपि यो अवस्था भविष्यका लागि घातक सिद्ध हुँदैन भन्न सकिँदैन । तैपनि आजको सन्दर्भमा बिपीले जे भने अक्षरशः त्यही लागु हुन सक्दैन । त्यस समयमा उनले भनेका, विचार गरेका र विवेचना गरेका अनेक विषय क्रमशः धुमिल हुँदै जाँदैछन् । ती विषय र विचारलाई आजको आवश्यकतासँग परिमार्जितरूपमा समायोजन गर्न सकेमा उपयोगी हुँदैनन् भन्न सकिँदैन तर यथावत् उपयोग हुन सक्दैनन् ।

अहिले नेपाली कांग्रेसले बिपी विचारको संयन्त्रको भूमिका निर्वाह गरिरहेको छ । यदि नेपाली कांग्रेस संगठित र सशक्त हुन सकेन भने गैरसरकारी संस्थाहरूले मात्र यस विचारलाई धान्न सक्दैनन् । बिपीका विचारलाई प्रयोग गर्दा यसको गतिशीलता बुझ्नु अनिवार्य छ । विचारमा नयाँ आयाम थपिन्छन् । कम्युनिस्टहरू जतिसुकै प्रगतिशीलताको संगीत बजाइरहे पनि उनीहरूको लक्ष्य पूर्णतः एकदलीय, निरंकुश र जनवादी केन्द्रीयतालाई नै मान्छन् । एमाले र माओवादीका बीचमा भएको एकता सहमतिपत्र केलाएर हेर्ने हो भने यस सत्यको आफैं पुष्टि हुन्छ । तर लोकतन्त्रमा विश्वास गर्नेहरू रुढ हुँदैनन् । गतिशील चरित्र हुन्छ लोकतन्त्रका मूल्यमा । सबैलाई अटाउन र स्वीकार गर्न सक्ने स्वभाव हुन्छ ।

त्यसैकारण २००३ मा लिएको विश्वासमा अनेक आयाम थप्दै नेपाली कांग्रेस र नेपालको लोकतन्त्रको धारा अविश्रान्त छ । त्यस अविश्रान्त धारालाई अनावश्यक विवादको बाँधमा छेक्ने काम गर्नु लोकतन्त्रको विपक्ष सोच त हुँदै हो, यसले प्रथम भाष्यकार बिपीको समेत सम्मान हुँदैन । हो, बिपी विचार र वर्तमान परिवर्तनसँग आफूलाई पृथक राखेर बहस गर्ने स्वतन्त्रता सबैलाई हुनुपर्छ । तर बिपी विचारलाई अपव्याख्या गर्दै अनि वर्तमानका शासकीय सुविधाहरू ग्रहण गर्दै परिवर्तनको विरोध र बिपीको अनुयायी घोषित गर्नु कुनै पनि हालतमा राजनीतिक संस्कार मानिँदैन । बिपी जयन्तीका अवसरमा उनीप्रति श्रद्धा सुमन ।

- हरेकपलबाट

# डेंगुको आतंक देशभर, सरकार रमिते

काठमाडौं । गएको साउनदेखि हालसम्म करिब साढे पाँच हजार जनामा डेंगु देखिएको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । देशभर डेंगुबाट ६ जनाको मृत्यु भएको छ । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा दैनिक करिब ४ सयको हाराहारीमा बिरामी आउने गरेका अस्पताल प्रशासनले जनाएको छ । जसमा करिब ७० प्रतिशतमा डेंगु पोजिटिभ देखिएको अस्पतालका चिकित्सकहरुले बताएका छन् ।

जनशक्ति र बजेट अभावका कारण डेंगु नियन्त्रणमा समस्या भएको महाशाखाका प्रमुख डा. विवेक लालले बताए । देशका ६२ जिल्लामा डेंगु देखिएको छ । सरकारले चालू आर्थिक २०७६-०७७ मा डेंगु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्न ८५ वटा पालिकामा १ करोड ६६ लाख रुपैयाँ विनियोजन गरेको छ । केन्द्रमा भने १ करोड ७१ लाख वजेट विनियोजन गरिएको महाशाखाले जनाएको छ । आर्थिक वर्ष २०७४-०७५ मा देशभर ८ सय ११ जनामा मात्र डेंगु देखिएको थियो । त्यसैगरी आर्थिक वर्ष २०७३-०७४ मा २ हजार १ सय ११ जनामा डेंगुको संक्रमण देखिएको थियो भने आर्थिक वर्ष २०७२-०७३ मा एक हजार ५ सय २७ जनामा डेंगुको संक्रमण देखिएको थियो । सबैभन्दा बढी आर्थिक वर्ष २०७५-०७६ मा संक्रमण देखिएको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार बंगलादेशमा ५० हजार र श्रीलंकामा हजार मानिसमा डेंगुको संक्रमण देखिएको छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका चिकित्सक डा. शेरबहादुर पुनका अनुसार एक्कासि उच्च ज्वरो आउनु, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्नु, असाध्यै टाउको दुख्नु, शरीरमा बिमिरा आउनु, ढाड, जोर्नी तथा मांसपेशीहरु दुख्नु आदि डेंगुका लक्षण हुन् । विश्व स्वस्थ्य संगठनले एस्पिरिन, ब्रुसेट, फ्लेक्सोनजस्ता दुखाइ कम गर्ने औषधिहरुको प्रयोग नगर्न चेतावनी नै जारी गरेको छ । चिकित्सकहरुका अनुसार डेंगु अरु धेरै संक्रामक रोगहरुको तुलनामा घातक मानिँदैन ।

यदि सतर्कता अपनाए र समयमै उपचार पाए यसको मृत्युदर एक प्रतिशत भन्दा पनि कम हुन्छ । सतर्कता नअपनाउँदा भने जटिल हुने गरेको पाइन्छ । यसको विशेष एन्टिभाइरल औषधि हालसम्म नभएकोले लक्षणमा उत्पन्न हुने जटिलताहरुको आधारमा उपचार गर्दै जानुपर्ने अवस्था रहेको डा. पुनले बताए । संक्रमितमध्ये झन्डै १० प्रतिशतमा डेंगुले जटिलता गराउने गरेको पाइएको उनले जानकारी दिए ।

डेंगु सार्ने लामखुट्टे सफा पानीमा बस्ने हुँदा पानीका ट्यांकीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाक्ने, लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा पनि प्रायः पूरा बाहुला भएको वा शरीर पूरै ढाकिने लुगा लगाउने, साना बालबालिकालाई जुनसुकै समयमा पनि झुलभित्र सुताउने, कूलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा फाल्ने आदि गर्नुपर्ने चिकितसकहरु बताउँछन् ।

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .